सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ वैशाख २०८०, शुक्रबार (5 May 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रदेश सभाका हिउँदे अधिवेशन

■ संसदीय समितिसमेत बनेनन्



संघ र प्रदेशको सत्तासमीकरण हेरफेरसँगै आन्तरिक राजनीति गिजोलिँदा सातवटै प्रदेश सभाका हिउँदे अधिवेशन अर्थहीन

(विस्तृत पृष्ठ ३)

नयाँ पत्रिका Lifestyle



आज २५६७औँ बुद्धजयन्ती

लुम्बिनीमा विशेष कार्यक्रम



(विस्तृत पृष्ठ ४)

स्रोत छैन, बजेटमा मागको ओइरो



बजेटको सिलिङ २० प्रतिशतले बढाउन अर्थ मन्त्रालयको दबाब, म्याद थप्दा पनि टुंगो लागेनन् विशेष र समपूरक अनुदानका कार्यक्रम

(विस्तृत पृष्ठ ४)

दूध आयात खोल्न बोर्डको सिफारिस

तर, किसान भन्छन्- **स्वदेशमै पर्याप्त उत्पादन हुन्छ, आयात गर्नुपर्दैन**

(विस्तृत पृष्ठ ९)

उपभोक्ताका गुनासैगुनासा

तर, वाणिज्यको अनुगमनले बजारमा कैफियत भेट्टाउनै छाड्यो

(विस्तृत पृष्ठ ९)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

गृह प्रशासन नै प्रहरी छानबिनमा

शरणार्थीका नाममा ठगी गर्ने बिचौलिया गिरोहको पछिल्ला पाँच वर्ष गृह मन्त्रालयमा रजगज

नवराज मैनाली/नयाँ पत्रिका

भुटानी शरणार्थी बनेर अमेरिका जान लाखौँ बुझाएकाहरूले दुई वर्षअघि नै आफूहरू ठगिएको संकेत पाइसकेका थिए। पैसा बुझाएको लामो समय हुँदा पनि कुनै प्रक्रिया अघि बढेको थिएन। प्रमाणीकरणमा छुटेका शरणार्थीको सूचीमा पारेर लैजाने भनिए पनि त्यससम्बन्धी प्रतिवेदन कार्यान्वयनमा ढिलाइ भएपछि उनीहरू गृह मन्त्रालय धाउन थाले। तर, यति गम्भीर विषयमा पनि गृहका अधिकारीहरूले उनीहरूको गुनासोमा चासो दिएनन्।

यहीबीचमा रकम उठाउने बिचौलियाहरू सम्पर्कविहीन भए। पीडितहरूले प्रहरीमा उजुरी दिए, तर प्रहरीले पनि चासो दिएन। ०७९ वैशाखमै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा केही पीडितले जाहेरी दिएका थिए। ठगी गर्नेलाई पक्राउ गर्न आग्रह गर्दै दाङका तत्कालीन सांसद बुद्धिराम भण्डारी आफैं प्रहरी कार्यालय पुगेका थिए। निरन्तरको दबाबपछि प्रहरीले गत वर्ष जेठमा बिचौलिया सानु भण्डारी र टंक गुरुङलाई पक्राउ त गऱ्यो, तर केही घन्टामै गुपचुप छुटे। गृह मन्त्रालयलगायत शक्तिकेन्द्रको दबाब झेल्न नसकेपछि प्रहरी उनीहरूलाई छाड्न बाध्य भयो।

■ गृहका सरुवा-बढुवासम्मामा पनि बिचौलियाकै दबदबा

यति गम्भीर अपराधको छानबिनमा गृहका अधिकारीले कुनै चासो नदिनु बरु पक्राउ परेकालाई छुटाउन दबाब दिनुको रहस्य अहिले बल्ल खुलेको छ। ठगी गर्ने गिरोहसँगै गृह मन्त्रालयकै साँठगाँठ थियो। बिचौलियाहरूले पीडितहरूसँग उठाएको पैसामध्ये केही गृहकै उच्चपदस्थ कर्मचारीलगायतलाई बुझाएका थिए। अमेरिका पठाउन नसकेपछि सोही पैसा बुझाएर कारबाहीबाट जोगिने र पैसा पचाउने उनीहरूको रणनीति थियो।

गत वर्ष पक्राउ परेका बिचौलियाहरू गृहकै आडमा जोगिएकोमा अहिले त्यसरी जोगाउने तत्कालीन गृहसचिव टेकनारायण पाण्डे आफैं प्रहरी हिरासतमा पुगेका छन्। अन्य केही छानबिनको दायरामा छन्। पाण्डेमाथि छानबिनका क्रममा गृह प्रशासन र

» पृष्ठ ११ मा क्रमशः

■ 'दोषी छैन, प्रहरीलाई सघाउँछु' भन्दै बुधबार अर्घाखाँचीबाट हिँडेका रायमाझी बाटोबाटै 'भूमिगत'

काठमाडौं/ नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा संलग्न रहेको भन्दै बुधबार प्रहरीले पक्राउ पुर्जी जारी गरेको समाचार सार्वजनिक हुँदा एमाले सचिव तथा सांसद टोपबहादुर रायमाझी गृहजिल्ला अर्घाखाँचीको एक कार्यक्रममा सहभागी थिए। जसमा सभामुख देवराज घिमिरे प्रमुख अतिथि थिए। कार्यक्रम सकिएपछि पत्रकारहरूसँग 'आफू र आफ्नो परिवारको कुनै संलग्नता नरहेको तथा प्रहरीलाई सघाउने' भन्दै काठमाडौंका लागि हिँडेका थिए। तर, उनी बाटोबाटै 'भूमिगत' भएका छन्।



टोपबहादुर रायमाझी

आफूलाई पक्राउ गर्न लागेको सूचना पाएपछि रायमाझी फरार भएको प्रहरीले जनाएको छ। बिहीबार बिहानैदेखि मोबाइल 'स्विच्डअफ' गरेर उनी 'भूमिगत' भएका छन्। प्रहरीले बुधबार बेलुका काठमाडौं विमानस्थलबाटै रायमाझीलाई पक्राउ गर्ने योजना बनाएको थियो। उनी सभामुख घिमिरेसँगै बुधबार भैरहवाबाट काठमाडौं फर्किने सूचना पाएर प्रहरी विमानस्थल पुगेको थियो। तर, पक्राउ गर्न टोली खटिएको सूचना पाएपछि रायमाझी टिकट 'क्यान्सिल' गरेर सम्पर्कविहीन भएका हुन्।

स्रोतका अनुसार प्रहरीले पनि बिहीबार रायमाझीलाई पक्राउ गर्न चासो दिएको छैन। 'उच्च तहबाट पिछा नगर्न आदेश आएको छ,' एक प्रहरी अधिकारीले भने। ठगीमा संलग्न रहेको अभियोगमा रायमाझीका छोरा सन्दीपलाई भने प्रहरीले बुधबार साँझ नै बुटवलबाट पक्राउ गरेर काठमाडौं ल्याइसकेको छ। उनलाई बिहीबार अदालतमा उपस्थित गराएर प्रहरीले अनुसन्धानका लागि तीन दिन थुनामा राख्न म्याद लिएको छ।

सो घटनामा अरू धेरैजना अनुसन्धानकै दायरामा रहेको प्रहरीले जनाएको छ। अरू थप १०-११ जना पक्राउ पर्न सक्ने जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दानबहादुर कार्कीले बताए। प्रहरीले ठगीका साथै संगठित अपराध मुद्दामा अनुसन्धान गरिरहेको छ। स्रोतका अनुसार अन्य उच्चपदस्थको पनि ठगीमा संलग्नता रहेको संकेत मिलेको छ। पक्राउ परेकामध्ये सानु भण्डारी र केशव दुलालले आफूहरूलाई सघाउने व्यक्तिहरूको प्रमाणसहित पोल खोलेका छन्। तर, नाम खुलाएकामध्ये केही व्यक्तिमाथि मात्र पक्राउ पुर्जी जारी भएको छ। अन्य व्यक्तिहरूको हकमा प्रमाण संकलन भइरहेको प्रहरी अधिकारी बताउँछन्।

प्रधानमन्त्रीसँग ओलीले भने- दोषी उम्किनुहुँदैन, निर्दोष फसाउन खोजिए सह्य छैन



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले नक्कली भुटानी शरणार्थीका नाममा भएको ठगी प्रकरणमा दोषी उम्किन नहुने, तर निर्दोषलाई नियोजित रूपमा फसाउन खोजिए सह्य नहुने चेतावनी दिएको छ। पार्टी सचिव टोपबहादुर रायमाझीलाई प्रहरीले पक्राउ गर्ने तयारी गरिरहेका बेला अध्यक्ष केपी ओलीले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर चेतावनीसहित ध्यानाकर्षण गराएका हुन्।

रायमाझीका विषयमा पार्टीले पनि आन्तरिक छानबिन सुरु गरिसकेको भन्दै ओलीले अध्ययन सकिएपछि निष्कर्ष सार्वजनिक गरिनेसमेत बताए। 'यो तानिएको हो कि तनाइएको हो भनेर हामी अध्ययन गर्दै छौं। अध्ययनपछि हामी निष्कर्ष सार्वजनिक गर्छौं,' प्रधानमन्त्री

» पृष्ठ ११ मा क्रमशः

> यो तानिएको हो कि तनाइएको हो भनेर हामी अध्ययन गर्दै छौं। अध्ययनपछि हामी निष्कर्ष सार्वजनिक गर्छौं। अवश्य नै, निर्दोष पर्नुहुँदैन, दोषी उम्किनुहुँदैन, दोषी उम्क्याउने प्रयास हाम्रो हुँदैन। तर, निर्दोष फसाउन खोजियो भने हामी सहँदैनौं।

■ ठेकेदारको लापरबाहीले दुनै-ल्यासिक्याप सडक अलपत्र



डोल्पामा **रामचन्द्र न्यौपाने**

ठेकेदारको लापरबाहीले उपल्लो डोल्पाका तीनवटा पालिका जोड्ने दुनै-ल्यासिक्याप सडक अलपत्र परेको छ। भेरी करिडोरअन्तर्गत पर्ने सो सडक निर्माणको ठेक्का पाएको सूर्य श्रेया शान्तिदेवी जेभी काठमाडौंले लापरबाही गर्दा सडक अलपत्र परेको हो। १७ चैत ०७८ मा १३ करोड ४२ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको सूर्य श्रेयाले १६ पुस ०८२ भित्र २५ किलोमिटर सडक निर्माण सम्पन्न गर्नुपर्नेछ। प्रत्येक वर्ष सात किलोमिटर सडक खन्नुपर्नेमा अहिलेसम्म दुई किलोमिटर सडक पनि खनिएको छैन। (समाचार पृष्ठ ११)

■ कांग्रेसका नयाँ मन्त्री नियुक्ति

धुम्बाराहीमा असन्तुष्टि, शीतलनिवासमा शपथ

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसमा नवनियुक्त मन्त्रीमा भागबन्डाको विषयलाई लिएर असन्तुष्टि बढेको छ। बुधबार नै टुंगो लागेका तीन मन्त्रीले शपथ लिनुअघि बिहीबार बिहान सभापति शेरबहादुर देउवानिवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा मन्त्रिपरिषद् समावेशी हुन नसकेको भन्दै महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा तथा सहमहामन्त्री जीवन परियारले प्रश्न गरेका हुन्।

इतर समूह (शेखर कोइराला-गगन थापा)ले तीन मन्त्री र एक राज्यमन्त्री पाउने पूर्वसहमति भए पनि बुधबार सो समूहका दुई मन्त्री मात्रै समावेश गरिएको थियो। बैठकमा सहभागी पदाधिकारीका अनुसार केहीबेर चर्काचर्की नै भएको थियो। महामन्त्रीद्वयले आफूहरूलाई समेत जानकारी नदिई मन्त्रीको नाम सिफारिस गरेको भन्दै देउवासमक्ष असन्तुष्टि राखेका थिए। ती पदाधिकारीका अनुसार बैठकमा महामन्त्री थापाले कांग्रेसबाट मन्त्री पठाँउदा समावेशी नभएकाले बाहिर प्रश्न उठेको बताएका थिए।

'सबैको सल्लाहमा के-कसरी उपयुक्त हुन्छ भन्ने सल्लाह हुनुपर्थ्यो। पार्टीको निर्णयमा सबैले अपनत्व लिने अवस्था आउनुपर्थ्यो। हामीसँगै पनि कुनै सल्लाह नै नगरी नाम पठाइयो। न प्रदेशमा मन्त्री बनाउँदा छलफल भयो न संघमा नै। यसरी कांग्रेसको समावेशितामाथि नै प्रश्न उठाउने अवस्था आउनु उचित होइन,'

» पृष्ठ ११ मा क्रमशः

■ पदाधिकारी बैठकमा महामन्त्री गगन थापाको सवाल



सबैको सल्लाहमा के-कसरी उपयुक्त हुन्छ भन्ने सल्लाह हुनुपर्थ्यो। पार्टीको निर्णयमा सबैले अपनत्व लिने अवस्था आउनुपर्थ्यो। हामीसँगै पनि कुनै सल्लाह नै नगरी नाम पठाइयो। न प्रदेशमा मन्त्री बनाउँदा छलफल भयो न संघमा नै। यसरी कांग्रेसको समावेशितामाथि नै प्रश्न उठाउने अवस्था आउनु उचित होइन।

■ बैठकमा सभापति शेरबहादुर देउवाको जवाफ



कांग्रेस एक्लै सरकारमा छैन। गठबन्धन सरकारमा आफ्नै बाध्यता हुन्छन्। अहिले सबैलाई समेट्न सकिएन। सरकार आलोपालो चल्छ, मन्त्रीहरूको हेरफेर हुन्छ। त्यसवेला अवसर आउँछ। आगामी दिनमा सबैलाई समेटेर लैजाने प्रयास हुनेछ।

बर्खामा कम पानी पर्ने आकलन

यम बम/नयाँ पत्रिका

आगामी बर्खायाम कृषिका लागि सकारात्मक नहुने देखिएको छ। बर्खे धानखेती आकासेपानीको भरमा निर्भर छ, तर यस वर्षको बर्खायाममा पूर्व र मध्यनेपालका केही क्षेत्रबाहेकमा कम वर्षा हुने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ।

'समग्रमा यस वर्ष मनसुन (१८ जेठदेखि १३ असोज)मा कम पानी पर्ने र अधिकतम तापक्रम औसतभन्दा बढी हुने देखिन्छ,' बिहीबार आयोजित राष्ट्रिय मौसम फोरममा जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईंले भने, 'कोसी प्रदेशका मध्य तथा उत्तर-पूर्वी भेग, बागमतीका दक्षिण पूर्वी भेग र मधेसका अधिकांश भूभागमा भने औसत हाराहारी वर्षा हुन सक्छ।'

विभागले कोसीका पश्चिमी, बागमतीका धेरैजसो, लुम्बिनीका केही भूभाग र सुदूरपश्चिमका कैलाली, कञ्चनपुर, बैतडी तथा बझाङलगायत क्षेत्रमा औसतभन्दा कम पानी पर्न सक्ने आकलन गरेको छ।


कर्णालीका अधिकांश भूभाग, गण्डकीका धेरै भाग, सुदूरपश्चिमका मध्य तथा उत्तरका थोरै

» पृष्ठ ११ मा क्रमशः

■ मनसुन सिजनको वर्षाको आकलन

(१८ जेठ - १३ असोज)

स्रोत : जल तथा मौसम विज्ञान विभाग



सुदर्शन हुमागाईं, मौसमविद्

अघिल्ला तीन मनसुनमा लानिनाको प्रभाव थियो, यसपटक एलनिनो हुने देखिएको छ। मनसुन सिजनमा सामुद्रिक तापक्रम औसतभन्दा बढी भएर त्यसको असर वायुमण्डलमा पर्छ, वर्षा कम गराउँछ।

■ यसकारण कम वर्षाको आकलन

विभागले पछिल्ला दुई मनसुनमा औसतभन्दा धेरै वर्षाको प्रक्षेपण गरेको थियो। तर, गत वर्ष भने औसत हाराहारी अर्थात् एक हजार ३३५.२ मिलिमिटर (९७.२%) पानी पऱ्यो। मनसुन लम्बिँदा दसैँताका देशभर पानी परेर धानबाली नष्ट पनि भयो। त्यसभन्दा अघिल्लो बर्खामा एक हजार ६२० मिलिमिटर (११५.५%) वर्षा हुँदा देशभर बाढीपहिरोको कहर भएको थियो। नेपालमा वार्षिक वर्षाको ८०.५ अर्थात् एक हजार ३७४.१ मिलिमिटर वर्षा हुन्छ। अघिल्ला बर्खामा प्रशान्त महासागरमा 'लानिना'को प्रभाव थियो।

यस वर्ष भने ठीक उल्टो छ। मनसुन सिजनमा प्रशान्त महासागरमा एलनिनोको अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारूपहरूको आकलन छ। 'अघिल्ला तीन मनसुनमा लानिनाको प्रभाव थियो, यसपटक एलनिनो हुने देखिएको छ,' मौसमविद् सुदर्शन हुमागाईंले भने, 'मनसुन सिजनमा सामुद्रिक तापक्रम औसतभन्दा बढी भएर त्यसको असर वायुमण्डलमा पर्छ, वर्षा कम गराउँछ।'

एलनिनो प्रशान्त महागरको भूमध्यीय क्षेत्रमा उसको मौसमी घटनाको नाम हो, सामुद्रिक सतहको तापक्रम सामान्यभन्दा धेरै भएर गर्मी हुन्छ। र, हावा पूर्वतिर बहन्छ। त्यसको असर सामुद्रिक क्षेत्रमा मात्र नभई वायुमण्डलमा पनि पर्छ। एलनिनोको प्रभावले भारत-नेपाललगायतका क्षेत्रमा वर्षा कम गराउने सम्भावना हुन्छ।

विश्व मौसम संगठनले पनि जुन महिनामा दक्षिण एसियाली मुलुकसहित विश्वका कैयौं मुलुकमा तापक्रम अधिक भएर गर्मी बढ्न सक्ने आकलन गरेको छ। त्यसको मुख्य कारकका रूपमा एलनिनो हुन सक्ने ठानिएको छ। यसबाहेक महासागरमा विकसित हुने घटनाक्रम, हिउँदसहित ऋतुगत वर्षा, तापक्रम र हिमपातले पनि मनसुनमा असर गर्छ। भारतले पनि त्यहाँको उत्तर-पश्चिम, पश्चिम-मध्यम र पूर्वोत्तरका केही क्षेत्रमा कम वर्षाको आकलन यसअघि नै गरिसकेको छ।

सभामुखलाई नियन्त्रणमा राख्ने संकीर्णताले पनि काम गरेजस्तो लाग्छ



अन्तर्वार्ता

देवराज घिमिरे, सभामुख

> राजनीतिक परिस्थिति निर्वाचनकेन्द्रित हुँदा संसद् प्रभावकारी बन्न सकेन। सरकार निर्माण तथा परिवर्तन, राष्ट्रपति र उपराष्ट्रपति चुनाव, राष्ट्रिय सभा उपाध्यक्ष चुनावमा सम्पूर्ण राजनीतिक शक्तिको ध्यान गयो। यी कुरा हाबी हुँदा संसद्को भूमिका तुलनात्मक रूपमा गौण हुन पुग्यो।

पृष्ठ ७

१८ वर्षदेखि अन्योलमा बाहिरी चक्रपथ, फेरि नयाँ डिपिआरको माग


शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले ०६२ सालमा उपत्यकाका तीन जिल्ला (काठमाडौं, भक्तपुर र ललितपुर)का काँठ क्षेत्र समेट्ने गरी बाहिरी चक्रपथ निर्माण गर्ने घोषणा गरेको थियो। मन्त्रिपरिषद्बाट बाहिरी चक्रपथ निर्माणको निर्णय भएपछि ०६५ मा डिपिआर (डिटेल प्रोजेक्ट रिपोर्ट) पनि तयार गरिएको थियो। त्यसयता यस विषयमा पटक-पटक चर्चा चले पनि १८ वर्ष बित्दा पनि निर्माण भने सुरु भएको छैन। त्यतिवेला सरकाले पाँच वर्षमा आयोजना सम्पन्न गर्ने लक्ष्यसमेत तय गरेको थियो।

तत्कालीन डिपिआरअनुसार आयोजना उपयुक्त हुने देखिएको थियो। तैपनि, सरकारकै बेवास्ताले ७१ दशमलब ९१ किमि यो सडक निर्माण हालसम्म सुरु भएको छैन। त्यतिवेला आयोजना सम्पन्न गर्न ४३ अर्ब रुपैयाँ लागत अनुमान गरेको थियो। अहिले यसको लागत बढेर एक खर्ब १५ अर्ब पुगेको उपत्यका विकास प्राधिकरणले जनाएको छ। काठमाडौंको बलम्बुलाई शून्य किलोमिटर मानिएको यो आयोजनाको हालसम्मको भौतिक प्रगति शून्य छ।

बाहिरी चक्रपथ आयोजनाले झन्डै दुई दशकसम्म पनि आयोजना सुरु नभएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमक्ष पुरानो फाइल पुनः पेस गर्ने तयारी गरेको छ। 'बजेट अभावकै कारण लामो समयसम्म आयोजनाको काम सुरु गर्न सकेनौं,' आयोजना प्रमुख जगदीश लामिछानेले भने, 'सरकारले प्राथमिकतामा नपर्दा उत्यकाका तीन जिल्लाको महत्त्वको यो आयोजना सुरु हुन सकेको छैन।'

आठ लेनको यो चक्रपथले तीन जिल्लाका नयाँ बस्ती र सहरी क्षेत्र समेट्ने विश्वास गरिएको थियो। आयोजनाको पहिलो चरणमा चोभार, कीर्तिपुरको गाम्चा र सतुंगल खण्डको ६ दशमलव ६ किलोमिटर निर्माण सुरु गर्ने सरकारले जनाएको थियो। तर, हालसम्म आयोजनाको कुनै खण्ड निर्माण सुरु हुन सकेको छैन।





■ जगदीश लामिछाने
प्रमुख, बाहिरी चक्रपथ आयोजना

बजेट अभावकै कारण लामो समयसम्म आयोजनाको काम सुरु गर्न सकेका छैनौं। सरकारले प्राथमिकतामा नपार्दा उपत्यकाका तीन जिल्लाको महत्त्वको यो आयोजना सुरु नै हुन सकेको छैन।

तथ्यमा बाहिरी चक्रपथ

निर्माण घोषणा	: ०६२
डिपिआर गरेको	: ०६५
कुल लम्बाइ	: ७१.९१ किलोमिटर
तत्कालीन लागत अनुमान	: ४४ अर्ब
निर्माण अवधि	: ५ वर्ष
जोड्ने जिल्ला	: ३ (भक्तपुर, ललितपुर र काठमाडौं)

■ चक्रपथको धेरै भाग काठमाडौंमै

बाहिरी चक्रपथको सबैभन्दा धेरै भाग काठमाडौंमै पर्छ। चक्रपथको ३५.०८ किलोमिटर लम्बाइ काठमाडौंमा छ भने ललितपुरमा १५.८० किलोमिटर र भक्तपुरमा २१.०५ किलोमिटर पर्छ। सरकारको बेवास्ताका कारण आयोजना सञ्चालन हुने भनिएका सबैजसो क्षेत्रमा भवन निर्माण र बस्ती विस्तार भइसकेका छन्। आयोजना सञ्चालन हुने रुटमा १५ हजारभन्दा बढी संरचना बनेको अनुमान छ।

■ हरेक वर्ष बजेट विनियोजन, सधैं फ्रिज

चालू आर्थिक वर्षमा आयोजनाका लागि सरकारले चालूतर्फ ५५ लाख र विकासतर्फ २६ लाख बजेट विनियोजन गरेको थियो। चालू बजेट कर्मचारी तलब सुविधामै खर्च हुने गरेको छ भने अन्य बजेट फ्रिज हुँदै आएको छ। आयोजनामा तीनजना इन्जिनियरसहित १० जना कर्मचारी छन्। तर, आयोजनाको काम सुरु नभएपछि कर्मचारी बेकामे बनेका छन्।

सरकारले ०६५ देखि भौतिक निर्माणका लागि भन्दै वार्षिक २५ लाखका दरले बजेट विनियोजन गर्दै आइरहेको छ। आयोजना सुरु गर्न ठूलो आकारको बजेट चाहिने र यसका लागि सरकार तयार नभएकाले काम सुरु गर्न नसकेको आयोजना प्रमुख लामिछानेले जानकारी दिए।

■ फेरि डिपिआर गर्न माग

०६५ मा गरिएको डिपिआर अहिलेको अवस्थामा लागू गर्न नसकिने भन्दै आयोजनाले फेरि अध्ययन हुनुपर्ने माग गरेको छ। ०६५ मा तय गरिएको बाहिरी चक्रपथ निर्माणको रुटमा धेरै संरचना निर्माण भएकाले पुनः अध्ययन आवश्यक देखिएको आयोजना प्रमुख लामिछानेले जानकारी दिए। 'पुरानो अध्ययन अब काम छैन, किनभने बाहिरी चक्रपथ सञ्चालन गर्ने भनिएको रुटमा बस्ती बसिसकेको छ,' उनले भने, 'ती बस्ती र भवनको मुआब्जामा अर्बौं बजेट खर्च गर्नुपर्ने हुन्छ।' उनले पुनः अध्ययन गरेर पुरानो अध्ययनअनुसार बाहिरी चक्रपथको रुट परिवर्तन गर्न सकिने बताए। कम बस्ती भएको क्षेत्रबाट आयोजना अघि बढाउँदा सहज हुने उनको भनाइ छ।

■ १५ हजारभन्दा बढी संरचना बनेको अनुमान

सरकारले बाहिरी चक्रपथ निर्माणका लागि एकपटक अध्ययन गरे पनि उक्त आयोजनाभित्र पर्ने व्यक्तिगत जग्गा भने एकीकरण गरिसकेको छैन। सडक प्रभावित स्थानीयलाई मुआब्जा दिन सकेको छैन। जसका कारण स्थानीयले चक्रपथ निर्माणमा विरोध गरिरहेका छन्। आयोजनाका अनुसार झन्डै ७२ किमि प्रस्तावित चक्रपथभित्र १५ हजारभन्दा बढी संरचना बनेको छ। यी संरचना हटाउन र मुआब्जा दिन सरकारले ठूलो आकारमा बजेट छुट्याउनुपर्छ।

■ नगरपालिकाहरूसँग बजेट माग

आयोजनाले बाहिरी चक्रपथमा समेटिने स्थानीय सरकारहरूलाई पनि आ-आफ्नो क्षेत्रमा पर्ने सडकखण्ड निर्माण गर्न आवश्यक बजेट दिन माग गरेको छ। केन्द्र सरकारले एकै चरणमा ठूलो बजेट नदिने र पटक-पटक बजेट छुट्याएर आयोजना निर्माण गर्दा बर्सौं लाग्ने भएपछि आयोजनाले स्थानीय सरकारसँग समन्वयको माग गरेको हो। आयोजनाले काठमाडौंको चन्द्रागिरि नगरपालिका, कीर्तिपुर नगरपालिका, ललितपुर महानगरपालिका, गोदावरी, महालक्ष्मी, भक्तपुरको सूर्यविनायक, चागुनारायण, काठमाडौंको गोकर्णेश्वर, बुढानीलकण्ठलगायत नगरपालिकासँग आयोजनाले समन्वय गर्न र आर्थिक सहयोग गर्न आग्रह गरेको छ। कतिपय नगरपालिकाले यसबारे इच्छा देखाएको आयोजना प्रमुख लामिछानेले जानकारी दिए।

■ बाहिरी चक्रपथले कुन-कुन क्षेत्र समेट्छ ?

बलम्बुलाई शून्य किलोमिटर मानेर सुरु हुने बाहिरी चक्रपथले काँठका अधिकांश बस्ती समेटेको छ। यसको दूरी ७१ दशमलब ९१ किलोमिटर थियो। चक्रपथलाई भित्री बस्तीहरूसँग पनि लिंक गर्ने उपत्यका विकास प्राधिकरणको योजना छ।

बाहिरी चक्रपथभित्र काठमाडौंको नैकाप भन्ज्याङ, सीतापाइला, स्युचाटार, बाहिरी स्वयम्भू, वनस्थली, बालाजु औद्योगिक क्षेत्रको छेउ तथा बाइपास, बालुवाटारको छेउ, टोखा-सरस्वती क्षेत्र, गोंगबु, हिलेडोल, मनमैजु, चपली, बामथली, नयाँपाटी, चुनीखेल, टुसाल गाउँ, गोकर्णेश्वरलगायत बस्ती समेट्छ।

त्यस्तै, इचंगुनारायणस्थित गैह्रीगाउँ, दौडिनेपानी, नेपालटार, सीतापाइलाको बाहिर क्षेत्र, हलचोकलगायत क्षेत्रबाट यो सडकखण्ड जानेछ। चोभारस्थित बागमती पुल, कीर्तिपुर क्षेत्र, गाम्चा, मच्छेगाउँ, तीनथाना, सतुंगललगायत क्षेत्र हुँदै बाहिरी चक्रपथ निर्माण हुनेछ।

ललितपुरतर्फ ललितपुर महानगर, गोदावरी र महालक्ष्मी नगरपालिकालाई समेट्ने जनाइएको छ। लुभु-लामाटार, सुनाकोठी, ढोलाहिटी, विष्णुडोल, हरिसिद्धि, दशघर, धापाखेल, ठैंचो, बुडमती, खोकनालगायत क्षेत्रका बस्तीलाई समेट्ने गरी चक्रपथ निर्माण हुने उल्लेख छ। भक्तपुरको कमलविनायक, खरीपाटी, छालिङ, सुडाल, दधिकोट, दुवाकोटलगायत बस्तीलाई समेट्ने गरी आयोजना सञ्चालन हुनेछ।

कार्यालयमै तास खेल्ने नगर प्रहरीलाई निलम्बन गर्ने तयारी

काठमाडौं/ कार्यालयपरिसरमै तास खेल्ने नगर प्रहरीलाई काठमाडौं महानगरले कारबाही गर्ने भएको छ। प्रहरी पोसाकमा कार्यालय समयमै तास खेल्ने प्रहरी निरीक्षक नीरकुमार बस्नेत, हवल्दार प्रयास घिमिरे र जवान रूपेश बानियाँलाई कारबाही गर्ने महानगरले जनाएको छ। महानगरका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेका अनुसार उनीहरूलाई निलम्बन गर्ने तयारी भइरहेको छ। 'कार्यालय समयमा गर्न नमिल्ने कार्य गर्ने प्रहरीमाथि कारबाही हुन्छ,' उनले भने, 'कुनै पनि हालतमा छाड्दिनँ।' बुधबार दिउँसो तीनजना नगर प्रहरी टेकुस्थित कार्यालयमा तास खेलिरहेको फोटो सार्वजनिक भएको हो।

मनोहरा खोलाको बालुवा चोर्नेलाई १० हजार जरिवाना

काठमाडौं/ काठमाडौं महानगरपालिकाले मनोहरा खोलामा अवैध रूपमा बालुवा चोरी गर्नेमाथि कारबाही गरेको छ। नगर प्रहरीले वडा नं. ३२ स्थित मनोहरा खोलाको बालुवा चोरी-निकासी गर्दै गरेको अवस्थामा पूर्णप्रसाद राईलाई कारबाही गरेको हो। राईलाई १० हजार रुपैयाँ जरिवाना तिराइएको छ भने बा.रख ९३१० नम्बरको ट्रक नियन्त्रणमा लिएको छ। खोलाको बालुवा दोहन गरेकाले कारबाही गरिएको नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए। उनले उपत्यकाका नदी क्षेत्रमा नगर प्रहरीले निगरानी बढाएको बताए। 'अवैध रूपमा खोलाको बालुवा निकासी गर्नेमाथि कारबाही गरेका छौं,' उनले भने, 'ट्रक पनि नियन्त्रणमा लिएका छौं।'

नगर प्रहरी थप गर्दै काठमाडौं महानगर

काठमाडौं/ काठमाडौं महानगरले नगर प्रहरी बढाउने भएको छ। हाल भइरहेको जनशक्ति अपुग भएको भन्दै थप ७० जना नगर प्रहरी भर्ना प्रक्रिया सुरु गरेको हो। काठमाडौं महानगरअन्तर्गत अहिले दुई सय ७४ जना नगर प्रहरी छन्। त्यसमध्ये एक सय ७१ जना स्थायी र अन्यलाई करार सुविधामा राखिएको छ। यो संख्या कम भएपछि बढाउन लागेको नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए। 'नगर प्रहरी कम भएकाले थप गर्न लागेका हौं,' उनले भने। महानगरले भूपू नेपाल प्रहरी, सशस्त्र प्रहरी, महिला, आदिवासी जनजाति, मधेसी, दलित, अल्पसंख्यकलगायतलाई समेट्ने गरी नगर प्रहरी माग गरेको छ। यी सबै प्रहरीलाई करार सुविधामा राखिनेछ।

सात हजारभन्दा बढीले दिए नक्सा अद्यावधिकको निवेदन

काठमाडौं/ मापदण्डअनुसार नै भएका, तर नक्सा स्वीकृत नगरी भवन निर्माण गरेका सात हजारभन्दा बढी निवेदकले अद्यावधिक गर्न काठमाडौं महानगरपालिकामा निवेदन दिएका छन्। प्राप्त निवेदनमध्ये एक हजार सात सय ३५ जनाको नक्सापास भएको छ। मापदण्ड पुगेका, तर नक्सापास नगरी निर्माण भएका भवनको नक्सा पेस गर्न ९० दिनको अवधि दिएर महानगरले २३ भदौ ०७९ मा सूचना जारी गरेको थियो।

सरकारी, संस्थागत, निजी वा जुनसुकै प्रकृतिको भवनको नक्सा पेस गर्न सकिने सूचनामा उल्लेख थियो। तोकिएको समयभित्र नक्सा पेस नगर्नेहरूको विवरण संकलन गरेर स्थानीय सरकार सञ्चालन ऐन ०७४, भवन संहितासम्बन्धी प्रचलित व्यवस्था र महानगरको निर्णयबमोजिम कारबाही हुने महानगरले जनाएको छ।

फुटपाथमा अवरोध पुऱ्याउनेबाटै थपियो साढे तीन लाख राजस्व

काठमाडौं/ काठमाडौं महानगरपालिकाले सडक एवं फुटपाथ अवरोध गरी निर्माण सामग्री राख्ने, फोहोर फाल्नेलगायत अनधिकृत काम गर्नेहरूलाई कारबाही गरी चालू आर्थिक वर्षको नौ महिनामा झन्डै साढे तीन लाख राजस्व संकलन गरेको छ। सहरी व्यवस्थापनको नियमन गरिरहेको नगर प्रहरी बलको आन्तरिक प्रशासन शाखाले अनधिकृत रूपमा निर्माण सामग्री राख्नेहरूलाई कारबाही गर्दा साउनदेखि हालसम्म तीन लाख ३७ हजार पाँच सय रुपैयाँ जरिवाना तिराएको जनाएको छ। सडक अवरोध हुने गरी मोटरसाइकल वर्कसप सञ्चालन गर्ने, अनधिकृत रूपमा फोहोर फाल्ने, निर्माण सामग्री तथा उपकरण राख्ने, पोस्टर, पम्प्लेट र ब्यानर टाँस्ने, मनोहरा खोलाबाट बालुवा निकालेर बेच्नेलगायतलाई पनि जरिवाना तिराएर राजस्व खातामा रकम जम्मा गरेको जनाएको छ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति : २०८०/०१/२२

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०७९/०८० अन्तर्गत तपसिलमा उल्लेखित कार्यका लागि मिति २०७९/१०/१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

ठेक्का न.	कामको विवरण	फर्म/ कम्पनी	कबोल रकम
39/DSMC/ 2079/080	Supply, Delivery, Installation Testing and Commissioning of Smart Street Lights	श्री ड्राइभ इलेक्ट्रोनिक्स प्रा. लि. बालाजु, काठमाण्डौ	रु. ६२,४३,८००/०० मु. अ. क. बाहेक

प्रमुख प्रशासकीय अधिकृत

Sunil Smriti Rural Municipality
Office of the Rural Municipal Executive
Sulichaur, Rolpa
Lumbini Province, Nepal

Notice for Opening of Price Bids

Date of Publication: 2023/05/05

1) This is to notify all the concerned bidders, participated in the bidding of contracts invited through IFB No: SSRM-ROL-03-2079/080 and SSRM-ROL-04-2079/080 published in Naya Patrika National daily newspaper on 2023/01/25. The technical bids of following listed bidders for contracts are qualified.

2) All the qualified bidders are notified to participate in opening of Price Bids Scheduled on 2023/05/12 13:00 hours at Sunil Smriti Rural Municipality, Sulichaur, Rolpa.

S.N	Contract Identification No	Description and Location of Works	Qualified Bidders
1	SSRM-ROL-W-NCB-03-2079/080	Construction of Health Post Building (ward no. 7)	Subarnawoti-Padma JV, Rolpa Municipality-04, Rolpa
2	SSRM-ROL-W-NCB-04-2079/080	Construction of Health Post Building (ward no. 8)	Subarnawoti-Subham JV, Rolpa Municipality-04, Rolpa

Chief Administrative Officer

निःशुल्क कानुनी परामर्शले झन्झटमुक्त बन्दै महानगरवासी

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरले सेवाग्राहीलाई निःशुल्क कानुनी परामर्श दिन थालेपछि उत्साहित भएका छन्। घन्टौं पर्खेर गर्नुपर्ने काम निःशुल्क र छिनभरमै हुन थालेपछि उनीहरूमा उत्साह जागेको हो। बिहीबार वडा-२८ कार्यालयमा भेटिएकी दुर्गा शाक्यले निःशुल्क एवं शिष्ट शैलीमा परामर्श पाउँदा खुसी लागेको बताइन्। 'वडा कार्यालयमा निःशुल्क कानुनी सेवा पाइन्छ भनेर थाहा पाएर आएकी थिएँ,' शाक्यले भनिन्, 'धेरै जिज्ञासा थिए, सबै समाधान गरे। छिमेकीलाई पनि निःशुल्क कानुनी सेवा चाहिए यहीं जान भन्छु।'

उनीजस्तै विजयसिंह बस्नेत पनि वडामा रहेको न्यायिक सहजकर्ताको कामबाट प्रभावित भएका छन्। 'एउटा निवेदन लेख्नुपर्ने थियो, कसरी लेख्ने केही थाहा थिएन्,' बस्नेतले भने, 'निवेदन लेख्नसमेत सचिव, जनप्रतिनिधिलाई सोध्नुपर्दा हैरान भइन्थ्यो। तर, अहिले सबै काममा सहजकर्ताले सघाए।'

■ न्यायिक उल्झन फुकाउन सजिलो

पुरानो बसपार्कस्थित वडा नम्बर २८ को कार्यालयमा पुग्दा न्यायिक सहजकर्ता प्रशान्त हरिजन सेवाग्राहीको कानुनी उल्झन फुकाउन व्यस्त थिए। करिब १० मिनेट सम्झाई-बुझाई गरेपछि सेवाग्राही दुक्क भए। ती सेवाग्राही धन्यावाद दिँदै फर्के। उनको जिज्ञासा थियो- शेषपछिको सम्पत्ति पहिले नै कसैलाई दिन मिल्छ-मिल्दैन ? दिँदा के-के प्रक्रिया पूरा गर्नुपर्छ ? राष्ट्रिय परिचयपत्र बनाउनुपर्छ कि पर्दैन ? नबनाए के हुन्छ ? उनी गएलगत्तै सहजकर्ता हरिजनले अर्का एक सेवाग्राहीको निवेदन लेखिदिए।

बिहीबार डिल्लीबजारस्थित वडा नम्बर ३० को कार्यालयमा पुग्दा न्यायिक सहजकर्ता दीक्षा पाण्डे महिला सेवाग्राहीसँग छलफल गरिरहेकी थिइन्। उनका श्रीमानूले ३४-३५ सालतिरै छाडेर गएका रहेछन्। उनीसँग न विवाह दर्ता छ, न त सम्बन्धविच्छेद नै भएको छ। तर, उनलाई अहिले राष्ट्रिय परिचयपत्र चाहिएको रहेछ। कसरी लिने भनेर अलमलमा परेकी रहिछिन्। उनको सबै समस्या समाधान गरेर पाण्डेले पठाइन्। उनले वडामा आएका सेवाग्राहीको नागरिकता सिफारिसको फाराम पनि भरिदिइन्। कार्यालयमा आउने सबै सेवाग्राहीका लागि सहजीकरण गरिरहेकी थिइन्। पाण्डेका अनुसार बिहीबार पानी परेका कारण सेवाग्राही कम भएका हुन्, नभए कानुनी सल्लाह, सुझावका लागि दैनिक पाँचभन्दा धेरै आउने गर्छन्। सेवाग्राहीले निःशुल्क कानुनी परामर्श लिँदा न्यायिक उल्झन फुकाउन सजिलो बनिरहेको बताएका छन्।



● वसन्त आचार्य,
प्रमुख, कानुन विभाग, काठमाडौं महानगर

अहिलेको सेवा असार मसान्तसम्मका लागि मात्रै हो। तर, सबैतिरबाट राम्रो प्रतिक्रिया आइरहेकाले आगामी दिनमा पनि निरन्तरता पाउनेमा ढुक्क छु। सेवाग्राहीदेखि जनप्रतिनिधि सबैबाट राम्रो प्रतिक्रिया आइरहेको छ। त्यसैले आगामी दिनमा पनि निरन्तरता दिन नगरसभामा प्रस्ताव पेस गर्नेछु।



● दीक्षा पाण्डे
कानुनी परामर्शदाता

कानुनी परामर्श निःशुल्क भए पनि सुरुमा खासै आएका थिएनन्। अहिले आउन थालेका छन्। कतिपय बोर्ड हेरेर भोलि आउँछु भन्ने पनि छन्। निःशुल्क कानुनी परामर्शबारे बिस्तारै जानकारी भइरहेको छ।

■ अदालतमा चलिरहेको मुद्दाबारे पनि सल्लाह दिन्छन् सहजकर्ता

न्यायिक सहजकर्ता हरिजनका अनुसार धेरैजसो निवेदन लेख्न, कार्यालयको प्रक्रियाबारे सल्लाह-सुझाव लिन आउँछन्। कहिलेकाहीं त जिल्ला अदालतमा चलिरहेको मुद्दाबारे पनि सल्लाह-सुझाव लिन आउने गरेको बताउँछन्। पाण्डेका अनुसार घरबहाल सम्झौता, सँधियारको समस्या, घरझगडालगायत समस्या लिएर सेवाग्राही आउँछन्। 'कानुनी परामर्श निःशुल्क भए पनि सुरुमा खासै आएका थिएनन्। अहिले आउन थालेका छन्। कतिपय बोर्ड हेरेर भोलि आउँछु भन्ने पनि छन्। निःशुल्क कानुनी परामर्शबारे बिस्तारै जानकारी भइरहेको छ,' पाण्डेले भनिन्, 'वडाले कानुनी सल्लाह पनि दिँदो रहेछ भन्ने भएको छ। कतिपयमा त कानुनको काम अदालतमा मात्रै हुन्छ भन्ने छ।' हरिजनका अनुसार तालिमको गाइडलाइनअनुसार नै काम गर्छौं। सेवाग्राही जति नै रिसाएर आए पनि मुस्कानसाथ सेवा दिन्छौं।

महानगरले गत १ चैतदेखि यो सेवा दिन थालेको हो। एक महिनामै दुई हजार आठ सय नौजनालाई निःशुल्क कानुनी सेवा दिइसकेको छ। न्यायिक सहजकर्तामार्फत उपलब्ध सेवामा एक हजार सात सय ३८ जनाको कानुनी लिखत तथा अन्य लिखत मस्यौदा गरिएको थियो। सात सय ४७ जनालाई मौखिक कानुनी तथा न्यायिक परामर्श उपलब्ध गराइयो भने तीन सय २७ जनालाई अन्य (प्रशासनिक) सेवा उपलब्ध गराइयो थियो। महानगरअन्तर्गत कानुन तथा मानव अधिकार विभागका अनुसार वैशाख महिनामा त्यो संख्यामा अझै वृद्धि हुने देखिएको छ।

■ सेवाले निरन्तरता पाउने

महानगरका कानुन विभागका प्रमुख वसन्त आचार्यका अनुसार हालसम्मको अवस्थालाई मूल्यांकन गर्दा नागरिकले सरकारी निकायबाट सेवा लिँदा पाउने हैरानीबारे स्पष्ट भएको बताउँछन्। 'वडामा कतिपय लिखित काम-कारबाहीका लागि फर्म भर्नुपर्ने हुन्छ। अहिले राष्ट्रिय परिचयपत्र वितरण पनि भइरहेको छ। त्यसका लागि पनि कतिपयले फर्म भर्न सक्नुहुन्न। नागरिकताका लागि सिफारिस लिनुपर्‍यो भने कतिपय आफैं भर्न सक्नुहुन्न। जनप्रतिनिधि, कर्मचारीले भरेर बस्ने कुरा भएन। यसका लागि जान्नेबुझ्नेकहाँ जाँदा हैरानी व्यहोर्नुपर्छ भन्ने कुरा छर्लंग भयो,' आचार्यले भने, 'यस्तो अवस्थामा परामर्श कहाँ लिने भन्ने निर्क्योल सेवाग्राहीले गर्न थालेका छन्। विभिन्न निकायमा जाँदा वडाबाटै फाराम भरेर जान थालेका छन्।' महानगरले सेवा प्राप्तिपछि भराउने गरेको फाराममा उल्लेख भएअनुसार धेरै सेवाग्राहीले यो सेवा राम्रो भएको उल्लेख गरेका छन्। उनीहरूले शिष्टाचार, मीठो बोलीबाट सेवा पाएको, विभिन्न ठाउँमा धाउँदा हुने समय र पैसाको बचत भएको उल्लेख गरेका छन्।

महानगरका अनुसार अहिलेको सेवा असार मसान्तसम्मका लागि मात्रै हो। तर, सबैतिरबाट राम्रो प्रतिक्रिया आइरहेकाले आगामी दिनमा पनि निरन्तरता पाउने आचार्य बताउँछन्। 'सेवाग्राहीदेखि जनप्रतिनिधि सबैबाट राम्रो प्रतिक्रिया आइरहेको छ। त्यसैले आगामी दिनमा पनि निरन्तरता दिन नगरसभामा प्रस्ताव पेस गर्नेछु,' विभाग प्रमुख आचार्यले भने।

गत १७ माघमा महानगरपालिका र नेपाल ल क्याम्पसबीच सम्पन्न सम्झौताका आधारमा क्याम्पसले स्नातक र स्नातकोत्तर तहका ५० जना विद्यार्थी छनोट गरेको छ। जसमध्ये ३५ जना विद्यार्थी असार मसान्तसम्मका लागि न्यायिक सहजकर्ताका रूपमा महानगरसँग आबद्ध छन्। १५ जनालाई वैकल्पिक सूचीमा राखिएको छ। आचार्यका अनुसार न्यायिक सहजकर्ताले काम गर्न मन नलागेर छाडेमा, विदेश गएमा, राम्रो अवसर पाएर अन्यत्रै काम गर्न गएमा उनीहरूको विकल्पस्वरूप १५ जना राखिएको हो। हाल ३५ जनाले नै सेवा दिइरहेका छन्। उनीहरूका लागि महानगरले प्रत्येक महिना पाँच लाख २५ हजार रुपैयाँ खर्च गर्ने गरेको छ।

प्रदेश सभाका हिउँदे अधिवेशन : संसदीय समितिसमेत बनेनन्

संघ र प्रदेशको सत्तासमीकरण हेरफेरसँगै आन्तरिक राजनीति गिजोलिँदा सातवटै प्रदेश सभाका हिउँदे अधिवेशन अर्थहीन

■ कोसीमा नामकरणविरुद्धको आन्दोलनसँगै सदन ठप्प

कोसीमा प्रदेशको नामकरणविरुद्धको आन्दोलनसँगै प्रदेश सभा ठप्प छ। १७ फागुनमा प्रदेशको नामकरणपछि अर्को सूचना जारी नभएसम्मका लागि प्रदेश सभा बैठक स्थगित भएको थियो। त्यसको ४२ दिनपछि २९ चैतमा अधिवेशन नै अन्त्य भइसकेको छ। तर, अब अर्को अधिवेशन कहिले आह्वान हुन्छ टुंगो छैन। कोसी प्रदेश सभाले सञ्चालन नियमावली बनाउन सकेको छैन। १५ चैतमा मस्यौदा समितिले सभामुख बाबुराम गौतमलाई नयाँ नियमावलीको प्रतिवेदन हस्तान्तरण गरेको थियो। नयाँ नियमावली नहुँदा कोसी प्रदेश सभामा विषयगत समिति पनि गठन भएनन्। कोसी प्रदेश सभाको पहिलो बैठक १७ पुसमा बसेको थियो। त्यसबीचमा प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो हिउँदे अधिवेशनमा जम्मा १३ वटा बैठक बसे। भौतिक पूर्वाधार विकासमन्त्री दुर्गाप्रसाद चापागाईंले वैशाखको अन्तिम साता वा जेठको पहिलो साता प्रदेश सभाको अधिवेशन आह्वान हुने बताए। 'अहिले नीति तथा कार्यक्रममाथि छलफल भइरहेको छ। १ असारमा बजेट नै ल्याउनुपर्छ,' उनले भने, 'त्यसको एक महिनाअघि नै बजेट आह्वान गर्ने तयारी छ।'

■ मधेस प्रदेश सभाले न कानुन बनायो, न त संसदीय समिति

मधेस प्रदेश सभाको पहिलो अधिवेशन प्रभावहीन बनेको छ। ४ मंसिरको चुनावबाट निर्वाचित प्रदेश सभाका आठवटा बैठक मात्र बसे पनि न विधेयक पारित भयो न त संसदीय समिति गठन भएका छन्। पछिल्लोपटक २८ चैतदेखि त सदन आह्वान नै भएको छैन। पाँचवटा प्रदेशमा सरकार हेरफेर हुँदा मधेसमा जसपाकै सरकार छ। सत्ता साझेदार दल मात्र फेरिएका छन्। तर, सरकारले बिजनेस दिन नसक्दा सदन प्रभावहीन बनेको हो। प्रदेश सभामुख रामचन्द्र मण्डलले सरकारले बिजनेस दिएपछि प्रदेश सभा सञ्चालन हुने बताए। केन्द्रमा फेरिएको सत्तासमीकरणका कारण समिति गठनको प्रक्रिया नै अगाडि बढेको छैन। प्रदेश सभा सचिवालयका निमित्त सचिव रञ्जित यादवले दुई-चारवटा बिजनेस आएपछि प्रदेश सभा नियमित रूपमा सञ्चालन हुने बताए। मधेस सरकारले सुरुवाती अवस्थामा कम्तीमा एक सय १५ कानुन निर्माणको आवश्यकता औंल्याएको थियो। तर, प्रदेश सभाको अघिल्लो कार्यकालमा ५५ वटा कानुन बनेका छन्।

■ बागमतीमा संसदीय समिति नबन्दै हिउँदे अधिवेशन अन्त्य

बागमतीमा संसदीय समिति गठन नहुँदै हिउँदे अधिवेशन १३ वैशाखमा अन्त्य भएको छ। १८ पुसदेखि सञ्चालन भएको प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा १८ वटा बैठक बसे। ती बैठकहरूबाट सरकार निर्माणको प्रक्रिया, मुख्यमन्त्रीको विश्वासको मत, दुईवटा अध्यादेश र दुईवटा विधेयक पारित भएका छन्। बैठकले प्रदेश निजामती कर्मचारी र स्थानीय तहका कर्मचारीसम्बन्धी दुईवटा अध्यादेश प्रतिस्थापनसहित पारित गरेको थियो।



बिहीबार बसेको गण्डकी प्रदेश सभा बैठक।

यस्तै, १२ वैशाखमा बसेको बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, ०७६ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, ०७९ र प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पास गरेको छ। २३ माघमा प्रदेश सभा बैठक आह्वान गरेर संसदीय समिति गठन गर्ने प्रयास भए दलहरूबीच समितिको नेतृत्वको विषयलाई लिएर विवाद भयो। त्यसयता संसदीय समितिको विषयमा प्रदेशमा नेतृत्व गर्ने दलहरूबीच औपचारिक छलफलसमेत भएको छैन। यहाँ प्रदेश मामिला, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति छन्। मुख्यमन्त्री शालिकराम जम्कट्टेल मन्त्रालय र संसदीय समितिमा नेतृत्वको भागबन्डाको विषय जोडिएकाले पनि जटिल भइरहेको बताए। उनले प्रतिपक्षीदलहरूलाई सार्वजनिक लेखा समिति दिनैपर्ने बाध्यता रहेको बताए। 'पाँचवटा समितिमा सार्वजनिक लेखा समिति प्रतिपक्षी दललाई दिनैपर्छ। अब बाँकी रहेका चारवटा समितिको नेतृत्वमा सत्ता साझेदार दलहरूको आ-आफ्नै दाबी छ,' उनले भने, 'भाग पुऱ्याउन गाह्रो भइरहेको छ।'

■ गण्डकीको दुईमहिने अधिवेशनमा १७ बैठक : चार विधेयक पारित

गण्डकीमा हिउँदे अधिवेशन अन्त्य भइसकेको छ। १८ पुसमा पहिलो सदन आह्वान भएकोमा १८ मा अधिवेशन अन्त्य भइसकेको छ। दुई महिना चलेको अधिवेशनमा १७ बैठक बसेका थिए भने विभिन्न चारवटा विधेयक र दुई अध्यादेश पारित भए। संसदीय (विषयगत) समिति गठनको प्रक्रिया अगाडि बढेको छैन। यहाँ विधायन, सार्वजनिक लेखा, अर्थ तथा विकास र प्रदेश मामिला गरी चारवटा विषयगत समिति छन्। हालसम्म समितिका सभापतिसँगै सदस्य चयन भएका छैनन्। १० फागुनको सदनले गठन गरेको गण्डकी प्रदेश, प्रदेश सभा नियमावली मस्यौदा समितिले आफ्नो मस्यौदा तयार गरेपछि त्यसलाई पारित गरेपश्चात् मात्र विषयगत समिति गठन गर्ने सहमति गण्डकीमा दलहरूबीच भएको छ। योसँगै प्रदेश सभाको दैनिक कार्यसूचीसँगै अन्य महत्त्वपूर्ण विषयमा निर्णय गर्नका लागि सभामुखको संयोजकत्वका कार्यव्यवस्था परामर्श समिति रहेको छ। समितिले ८ फागुनमा मात्र पूर्णता पाएको थियो।

पछिल्लोपटक तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत लिने प्रयोजनका लागि ९ वैशाखमा अधिवेशन आह्वान भएको थियो भने अब नवनियुक्त मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत लिने भएपछि २१ वैशाखमा अधिवेशन आह्वान भएको छ । हिउँदे अधिवेशनले विनियोजन ऐन २०७९ लाई संसोधन गर्न बनेको विधेयक, केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक पारित गरेको थियो। पारित विधेयकमा गण्डकीमा यसअघि बनेको विभिन्न ३४ वटा ऐन एकमुष्ट रूपमा संशोधन भएका थिए। गण्डकी प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको प्रतिस्थापन गर्न बनेको विधेयक ४ फागुनको बैठकले पारित गरेको थियो।

■ लुम्बिनीमा पनि बनेनन् संसदीय समिति

चार महिना चलेको लुम्बिनी प्रदेश सभाको हिउँदे अधिवेशन पनि संसदीय समिति गठन नगरैरै सकिएको छ। मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले विश्वासको मत लिएसँगै १९ वैशाखबाट अधिवेशन अन्त्य गरिएको छ। यसअघि संसदीय समितिकालागि दलहरूबाट नामावली माग गरिएको थियो। तर, सबै दलले विवरण नबुझाउँदा समितिले पूर्णता नपाएको प्रदेश सभा सचिवालयका प्रवक्ता सम्झना सुवेदीले बताइन्। 'कतिपय विधेयक समितिमा पठाउनुपर्ने हुन्छ,' उनले भनिन् 'तर, नाम नै नपाउँदा समिति गठनको प्रक्रिया अगाडि बढ्न सकेको छैन। अब अर्को अधिवेशनबाट टुंगो लाग्छ।' प्रदेशको पहिलो अधिवेशन १८ पुसमा भएको थियो। प्रदेश सभाको ३ माघमा बसेको तेस्रो बैठकले सभामुख र उपसभामुख निर्वाचित गरेको थियो। सभामुखमा माओवादी केन्द्रका तुलाराम घर्ती र उपसभामुखमा नागरिक उन्मुक्ति पार्टीका निर्मलादेवी थारूलाई निर्वाचित गरिएको थियो।



● **शालिकराम जम्कट्टेल**
मुख्यमन्त्री, बागमती प्रदेश

पाँचवटा समितिमा सार्वजनिक लेखा समिति प्रतिपक्षी दललाई दिनैपर्छ। अब बाँकी रहेका चारवटा समितिको नेतृत्वमा सत्तासाझेदार दलहरूको आ-आफ्नै दाबी छ। भाग पुऱ्याउन गाह्रो भइरहेको छ।



● **दुर्गाप्रसाद चापागाई**, भौतिक पूर्वाधार विकासमन्त्री कोसी प्रदेश

अहिले नीति तथा कार्यक्रममाथि छलफल भइरहेको छ। १ असारमा बजेट नै ल्याउनुपर्छ। त्यसको एक महिनाअघि नै बजेट आह्वान गर्ने तयारी छ।



● **सम्झना सुवेदी**, प्रवक्ता
लुम्बिनी प्रदेश सभा सचिवालय

कतिपय विधेयक समितिमा पठाउनुपर्ने हुन्छ,' उनले भनिन् 'तर, नाम नै नपाउँदा समिति गठनको प्रक्रिया अगाडि बढ्न सकेको छैन। अब अर्को अधिवेशनबाट टुंगो लाग्छ।



■ कर्णालीमा बनेनन् संसदीय समिति

कर्णालीप्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा १३ बैठक बसेका छन्। यहाँ १८ पुसमा पहिलो बैठक बसेको थियो। तर, अहिलेसम्म सरकारले न विधेयक पेस गर्न सकेको छ न त 'मिनी संसद्' भनिने संसदीय समिति गठन भएका छन्। दलहरू सरकार बनाउने आन्तरिक जोड-घटाउमै व्यस्त हुँदा समिति बनन् नसकेका हुन्।कर्णाली प्रदेश सभामा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समिति छन्। जसमध्ये सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षी दलले पाउने प्रचलन छ। सरकारले पूर्णता पाएसँगै दलहरूले समितिका लागि सांसदको नाम पठाएको र केही दिनमा पूर्णता पाउने प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले बताए।

■ सुदूरपश्चिम प्रदेश सभा पनि दुई महिनादेखि ठप्प

सुदूरपश्चिम प्रदेश सभा दुई महिनादेखि बस्न सकेको छैन। त्यसअघि बसेका चार बैठकमा पनि सभामुख, उपसभामुख चयन र मुख्यमन्त्रीले विश्वास लिने काम मात्र भयो। पछिल्लोपटक २१ फागुनमा मुख्यमन्त्री कमलबहादुर शाहले विश्वासको मत लिने प्रयोजनका लागि बैठक बसेको थियो। त्यसयता प्रदेश सभा बैठक नै बसेको छैन। प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले दोस्रो प्रदेश सभाको पहिलो अधिवेशन सुरु भएयता सरकारबाट विधेयक नआएकाले बैठकको कार्यसूची बन्न नसकेको बताए। जैसीका अनुसार सरकारले हालै आर्थिक ऐन २०७८ को संशोधन विधेयक सचिवालयमा दर्ता भए पनि सदनमा दर्ता भएको छैन। एमाले प्रदेश सभा सदस्य धर्मराज पाठकले सत्तागठबन्धनको अकर्मण्यताले सदन कामविहीन भएको बताए। सरकारको बेवास्ताले सदनका लागि निकै महत्वपूर्ण मानिने विषयगत समिति गठनको प्रक्रिया नै सुरु हुन नसकेको उनले बताए। गठन भएको तीन महिनासम्म प्रदेश सरकारले पूर्णता नपाउँदा प्रदेश सभाका विषयगत समिति गठनको प्रक्रिया पनि अगाडि बढ्न सकेको छैन। मुख्यमन्त्री शाहले मन्त्रालय भागबन्डामा सहमति जुटाएर सरकार विस्तार गर्न सकेका छैनन्। सत्तापक्षीय दलहरूबीच मन्त्रालय भागबन्डामा सहमति नहुँदा चारवटा मन्त्रालय लामो समयदेखि मन्त्रीविहीन छन्।

पहिलो अधिवेशन अन्त्य गर्ने वा चलाउने भन्ने यकिन नरहेको प्रदेश सभा सचिवालयले जनाएको छ। १८ पुसमा बसेको पहिलो अधिवेशनले प्रदेश सभा नियमावली संशोधन गर्नुका साथै सभामुखको निर्वाचनको मिति तोकेको थियो। त्यसपछिका तीन बैठकको कार्यसूची सभामुख चयन रह्यो। सभामुखको निर्वाचनका लागि तेस्रोपटक तय भएको ३ माघको बैठकबाट माओवादीका भीमबहादुर भण्डारी सभामुखमा निर्वाचित भएका थिए। पाँचौं बैठकले उपसभामुखको निर्वाचनको मिति तय गऱ्यो। ३ माघमै बसेको छैटौं बैठकबाट एमालेका कोइलीदेवी चौधरी उपसभामुखमा निर्वाचित भइन्। तत्कालीन मुख्यमन्त्री राजेन्द्रसिंह रावलले विश्वासको मत लिने प्रयोजनका लागि २६ माघमा पहिलो अधिवेशनको सातौं बैठक बसेको थियो। उक्त बैठकमा रावलले विश्वासको मत लिन सकेनन्। रावलले विश्वासको मत पाउन नसकेपछि संसदको ठूलो दलको नेताको हैसियतले मुख्यमन्त्री नियुक्त भएका शाहले २१ फागुनमा बसेको आठौं बैठकमा शाहले विश्वासको मत पाएका थिए।

झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरधाममा **हृदिश खुद्दार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, दाङमा **दीपक बोहरा**, सुर्खेतमा **रमेश रावल र** धनगढीमा **तेजराज भट्ट**

■ गजुरी गाउँपालिकाको निःशुल्क शववाहन सेवा



धादिङको गजुरी गाउँपालिकाले स्थानीयका लागि निःशुल्क शववाहन सेवा सुरु गरेको छ। गाउँपालिका क्षेत्र र पृथ्वी राजमार्ग क्षेत्रमा दुर्घटना वा अन्य कारणले मृत्यु भएका व्यक्तिहरूको शव, पोस्टमार्टम तथा अन्तिम संस्कारका लागि डेढ वर्षअघि किनेको बा.२झ ४३३३ नम्बरको एम्बुलेन्सलाई शववाहनका रूपमा प्रयोग गरेको हो। मृतक गाउँपालिकावासी भए पैसा पर्दैन, बाहिरकालाई शुल्क लाग्नेछ। तस्बिर : अर्जुन श्रेष्ठ/नयाँ पत्रिका

संघीय संसद्का दुई सचिव नियुक्त

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुई सचिव नियुक्त गरेका छन्। दुवै सदनका प्रमुखको सिफारिसमा राष्ट्रपति पौडेलले संविधानको धारा १०६ (१) बमोजिम प्रतिनिधिसभामा पदमप्रसाद पाण्डेय र राष्ट्रिय सभामा सुरेन्द्र अर्याललाई सचिव नियुक्त गरेका हुन्।

प्रतिनिधिसभा सचिव गोपालनाथ योगीको पाँचवर्षे कार्यकाल सकिएपछि गत शुक्रबार सभामुख देवराज घिमिरेले महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता पाण्डेयको नाम सिफारिस गरेका थिए। शुक्रबारै कार्यकाल सकिएका राष्ट्रिय सभाका सचिव राजेन्द्र फुँयालको ठाउँमा राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले संसद् सचिवालयका सहसचिव एवं सार्वजनिक लेखा समितिका सचिव अर्यालको नाम सिफारिस गरेका थिए। नवनियुक्त सचिवको शपथ आइतबार हुने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए।

निजामती ऐनबारे कर्मचारी संगठनहरू नै विभाजित

सत्तानिकट कर्मचारी वार्तामा, एमालेनिकट संगठन आन्दोलनमा

काठमाडौं/ संघीय निजामती ऐन यथाशीघ्र जारी गर्न माग गर्दै एउटै प्यानल बनाएर आन्दोलन गर्दै आएका कर्मचारी संगठनहरू विभाजित भएका छन्। सत्ताधारी दलनिकट संगठनहरूले आन्दोलन फिर्ता लिएका छन्। विपक्षी एमालेनिकट संगठनले भने संघर्षका कार्यक्रम यथावत् राखेको छ।

यसअघि राष्ट्रियस्तरका पाँच संगठनले निजामती ऐन जारी गर्न दबाबस्वरूप ६ वैशाखमा आन्दोलनको शृंखलाबद्ध कार्यतालिका सार्वजनिक गरेका थिए। तर, चार संगठन आन्दोलनबाट पछि हटेका छन्। कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन, माओवादीनिकट कर्मचारी संगठन, एकीकृत समाजवादीनिकट एकीकृत कर्मचारी संगठन र नेपाल मधेसी निजामती कर्मचारी मञ्चले तत्कालका लागि आन्दोलन फिर्ता लिएका छन्। निजामती सेवा ऐनका सम्बन्धमा हालै सरकारले उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा अध्ययन समिति गठन गरेको र वार्तामा आह्वान गरेकाले हालका लागि आन्दोलन स्थगित गरिएको निजामती कर्मचारी युनियनका सचिव प्रकाश भट्टराईले बताए। 'ऐनका लागि सरकारले समिति गठन गरेको र वार्तामा बस्न आह्वान गरेकाले हामी चार संगठनले हालका लागि आन्दोलनका कार्यक्रम फिर्ता लिएका छौं,' उनले भने। माग पूरा नभएर पुनः आन्दोलन गर्ने उनले बताए।

विपक्षी एमालेनिकट निजामती कर्मचारी संगठनले भने आन्दोलनका कार्यक्रम यथावत् राखेको छ। सो संगठनले बिहीबार सिंहदरबार गेटमा धर्नासमेत दिएको थियो। उसले सिंहदरबारभित्र कार्यरत कर्मचारीलाई कार्यालय नजान आह्वानसमेत गरेको थियो। संगठनका अध्यक्ष लेखनाथ कोइरालाले आफूहरूको आन्दोलन जारी रहेको बताए। 'हाम्रो आन्दोलन यथावत् छ, जारी छ र अझै सशक्त बनाउँछौं,' उनले भने। ऐनका लागि सरकारले गठन गरेको समितिको आधिकारिकता र औचित्य नभएको पनि उनले बताए। समिति वार्ताका लागि गठन नभएको उनको दाबी छ।

■ हुलाकी सडक निर्माणमा ढिलासुस्ती

मोरङका सांसद र स्थानीय तहका प्रमुखहरूले गरे सडक संघर्षको घोषणा

विराटनगरमा **गणेश लम्साल**

हुलाकी सडक निर्माणमा हदैसम्म ढिलासुस्ती भएको भन्दै मोरङको दक्षिणी क्षेत्रका संघ र प्रदेशका सांसद तथा स्थानीय तहका प्रमुखहरूले सडक संघर्ष घोषणा गरेका छन्। पटक-पटक चाँडो हुलाकी सडक निर्माण गर्न आयोजना र ठेकेदार कम्पनीलाई आग्रह गर्दा पनि बेवास्ता भएपछि मोरङको २, ४ र ५ नम्बर क्षेत्रबाट निर्वाचित संघीय र प्रदेश सांसद तथा प्रभावित पालिका अध्यक्षहरूले सडक संघर्ष घोषणा गरेका हुन्।

बिहीबार विराटनगरमा मोरङ २ बाट निर्वाचित संघीय सांसद ऋषिकेश पोखरेल र प्रदेश सांसदहरू गणेश उप्रेती, लीलावल्लभ अधिकारी, ५ का संघीय सांसद योगेन्द्र मण्डल र प्रदेश सांसदहरू अमृत अर्याल र गयानन्द मण्डल, ४ का प्रदेश सांसद भीम पराजुली र जयप्रकाश चौधरीसहित रंगेली नगरपालिका प्रमुख दिलीप बगडिया, सुनवर्षी नगरपालिका प्रमुख श्याम राजवंशी, रतुवामाई नगरपालिका प्रमुख नागेश्वरप्रसाद सिंह, कटहरी गाउँपालिका अध्यक्ष देवराज चौधरी, धनपालथान गाउँपालिका अध्यक्ष जिवछ गच्छदारले सात दिनभित्र काम सुरु नभए राजमार्गमा यातायात ठप्प पारेर धर्नामा बस्ने घोषणा गर्दै सडक संघर्ष थालेका हुन्। हुलाकी राजमार्ग निर्माणमा भएको ढिलासुस्तीले मोरङको २, ४ र ५ निर्वाचन क्षेत्रका तीन लाखभन्दा बढी जनताले निकै दुःख-कष्ट पाएका छन्। स्थानीयले हिउँदमा धुलो र वर्षायाममा हिलोको सास्ती भोगिरहेका छन्।

सांसद ऋषिकेश पोखरेलले हुलाकी सडक निर्माण चाँडो सम्पन्न गर्न पटकपटक आयोजना कार्यालय र ठेकेदार कम्पनीलाई आग्रह गर्दा पनि प्रगति अगाडि नबढेकाले सडक संघर्ष घोषणा गर्न बाध्य हुनुपरेको बताए। 'हामीले काम चाँडो सम्पन्न गराउन गर्नेजति सबै प्रयास गरिसक्यौं, तर ठेकेदार कम्पनीले वास्तै गरेनन्। बरु आजकल कामै छाडेर बेपत्ता भएका छन्, यसैले संघर्ष गर्न बाध्य भएका हौं,' उनले भने।

मोरङ ५ का सांसद योगेन्द्र मण्डलले काम गुणस्तरीय नभएको र अनुगमन मूल्यांकनमा जनप्रतिनिधि र सांसदहरूलाई बेवास्ता गरिएको, निर्माण गरिएका सडकमा पनि विभिन्न ठाउँमा अधुरो र अलपत्र छाडिएको, निर्माण कार्यलाई अलपत्र छाड्ने ठेकेदार कम्पनीलाई कुनै कारबाही नभएकाले संघर्ष घोषणा गर्न बाध्य भएको बताए।

रंगेली नगरपालिका प्रमुख दिलीप बगडियाले हुलाकी सडक निर्माण चाँडो गराउन आफूहरूले नगरभित्रका दजनौं घर भत्काएर सहयोग गरेको, तर काम अलपत्र अवस्थामा रहेकाले सडक संघर्षमा उत्रिएको बताए। 'वाक्कदिक्क भइसक्यौं, अब सात दिनभित्र चाँडै सम्पन्न गर्ने गरी हुलाकी सडक निर्माणको काम सुरु भएन भने रंगेली बजारमै धर्नामा बस्नेछौं,' उनले भने।



विराटनगर-रंगेली खण्डमा निर्माण हुँदै गरेको हुलाकी सडक।

१५ वर्षदेखि निर्माण, तर अझै अधुरो

राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत रहेको हुलाकी मार्ग भारत सरकारको सहयोगमा आर्थिक वर्ष ०६५/६६ बाट निर्माण सुरु भएको हो। यो सडक चालू आव ०७९/८० मा निर्माण सम्पन्न भइसक्नुपर्ने लक्ष्य छ। तर, कछुवा गतिमा निर्माण भइरहेकाले अझै एक दशकसम्म पनि नबन्ने हो कि भन्ने स्थानीयको चिन्ता छ। सुनसरीको बजुँ गाउँपालिकाका कृष्ण शर्माले यही ताल हो भने अबको दश वर्षमा पनि हुलाकी सडक नबन्ने बताए। हुलाकी सडकअन्तर्गत दुई दर्जनभन्दा बढी पुल अझै निर्माण हुन बाँकी छ। मोरङ र झापाको सिमानामा पर्ने रतुवा खोलाको पुल अलपत्र छ। पुल निर्माण गर्न हालै मात्र पुनः ठेक्का लागेको छ। मानिसहरू वर्षायाममा पुलमुनि अर्को बाँसको पुल बनाएर खोला वारपार गर्न बाध्य छन्। रतुवामाई नगरपालिकाले मोरङतर्फ बर्सेनि बाँसका पुलका लागि लाखौं रुपैयाँ खर्च गर्दै आएको छ। हुलाकी मार्गमा झापामा चारआलीदेखि केचनासम्म ४० किमि, मोरङमा कानेपोखरीदेखि रंगेली २२ किमि र सप्तरीमा कल्याणपुरदेखि बर्साइनसम्म १८ किमि पहिलो चरणमा सहायक सडक निर्माण भइसकेका छन्। दोस्रो चरणमा मोरङको पथरीदेखि भारतीय सीमा, सुनसरीको देवानगन्जदेखि भीमपुरसम्म साढे ८ किमि, सप्तरीको राजविराज कुनौली १२ र कठौना पातो १८ किमि सहायक सडक निर्माण हुँदै छन्।

हुलाकी सडक मोरङमा विराटनगर महानगरपालिकादेखि झापाको सिमाना रतुवा खोलासम्म करिब ९६ किलोमिटर पर्दछ। यसभित्र दक्षिणी क्षेत्रमा रहेका ४, ५ र २ नम्बर निर्वाचन क्षेत्र पर्छन्। हुलाकी सडक बनेमा दक्षिणी क्षेत्रमा रहेका झापा, मोरङ सुनसरी र सप्तरीका बजार गुलजार हुनुका साथै पर्यटकीय क्षेत्रहरूको पनि प्रवर्द्धन हुनेछ। 'हुलाकी राजमार्ग दक्षिण क्षेत्रको लाइफलाइन हो। यसैले यो निर्माण भएपछि हाम्रो जीवन फेरिन्छ भनेर आशावादी भएका थियौं, तर वर्षौंदेखि हामीले सास्ती मात्र पायौं,' कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले भने।

मोरङमा हुलाकी सडक मार्ग निर्माणका लागि मोतीराम, गजुरमुखी र मोतीराम जेभीले ठेक्का लिएका छन्। हुलाकी मार्ग योजना कार्यालय सुनसरी इटहरीका प्रमुख विजयकुमार थापा जग्गा मुआब्जा विवाद, बजार क्षेत्रमा घर भत्काउनुपर्ने, बिजुली र टेलिफोनको तार सार्नुपर्ने कारणले निर्माणमा ढिलाइ भएको दाबी गर्छन्। उनका अनुसार मेचीदेखि सप्तरीको बलान खोलासम्म हुलाकी सडक निर्माणको हालसम्म ६० प्रतिशत प्रगति भइसकेको छ। 'हाम्रोतर्फबाट कुनै समस्या छैन। आगामी मंसिरसम्म काम सम्पन्न गर्नुपर्ने म्याद छ। हामीले पटक-पटक समयभित्र काम सम्पन्न भएन भने जरिवानासहित ठेक्काको सम्झौता तोड्न बाध्य हुनेछौ भनेर चेतावनी दिइसकेका छौं,' थापाले भने।

योजना कार्यालय इटहरीअन्तर्गत निर्माण भइरहेको हुलाकी राजमार्ग कोसी प्रदेशको पूर्वी सिमाना झापा भद्रपुरको मेची पुलदेखि राजगढ, शिवगन्ज, गौरीगन्ज हुँदै मोरङको रंगेली विराटनगर भएर सुनसरीको चिमडी, हरिनगरा, भुटाहा हुँदै लौकहीबाट पूर्व-पश्चिम राजमार्गमा मिसिन्छ। त्यहाँबाट कोसी ब्यारेज पश्चिम मधेस प्रदेशमा सप्तरीको भारदहबाट कञ्चनपुरसम्म पूर्व-पश्चिम राजमार्गमा मिसिएर फेरि कञ्चनपुरदेखि दक्षिण राजविराजसम्म र त्यहाँदेखि पश्चिम सिराहाको सिमाना बलान खोलासम्म पुगदछ। यसको कुल लम्बाइ झापामा ९०, मोरङमा ९६, सुनसरीमा ५६ र सप्तरीमा ९४ गरी कुल ३ सय ३६ किमि छ।

■ माओवादी पदाधिकारीसँग प्रधानमन्त्रीको छलफल

रोजगारीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

माओवादी पदाधिकारीले रोजगारीलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा बिहीबार साँझ प्रधानमन्त्री प्रचण्डसँगको अनौपचारिक छलफलमा पदाधिकारीहरूले कार्यान्वयनमुखी बजेट ल्याउन सुझाव दिएका हुन् ।

पदाधिकारीले मुख्य गरी बजेटमा रोजगारीलाई प्राथमिकतामा राख्न सुझाव दिएको सचिव देवेन्द्र पौडेलले जानकारी दिए । उनले भने, 'जनताको अपेक्षा पूरा गर्ने प्रयास गर्नुपर्नेछ । रोजगारी सिर्जना गर्दै अगाडि बढ्ने ढंगले नीति तथा कार्यक्रम र बजेट आउनुपर्छ भन्ने सुझाव आएको छ ।'

विकृति, विसंगति र भ्रष्टाचार निवारणका लागि सरकारले राम्रो काम थालेको भन्दै निर्भीकताको साथ अगाडि बढ्न पनि पदाधिकारीले सुझाव दिएका छन् । नक्कली शरणार्थी बनाएर अमेरिका लैजानेप्रति कारबाही अगाडि बढाएकोमा पदाधिकारीले प्रशंसा गरेका छन् । 'समग्रमा जनतामा राम्रो सन्देश जाने गरी काम सुरु भएको छ, यस्ता कामले निरन्तरता पाउनुपर्छ । अझै धेरै काम गर्नुपर्ने सुझाव आएको छ,' उनले भने ।

भ्रष्टाचार निवारणमा निर्भीकताका साथ अघि बढ्नुपर्छ

रोजगारीलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने सबैको सुझाब छ । यस्तै, विकृति, विसंगति र भ्रष्टाचार निवारणका लागि सरकारले थालेको राम्रो कामलाई निर्भीकताको साथ अगाडि बढाउने पनि सुझाव दिइएको छ



● देवेन्द्र पौडेल
सचिव, माओवादी

छलफलमा प्रधानमन्त्री प्रचण्डले बोलेका कुरा कार्यान्वयन गरी गर्ने अगाडि बढ्ने बताएका थिए । उनले राम्रो कामको प्रचार नहुने र अनावश्यक हल्ला फैलिने गरेको चर्चा गर्दै पार्टी पंक्तिले विशेष भूमिका खेल्नुपर्ने बताएका थिए । 'सरकारले राम्रो काम गरिरहेको छ । जनताको आशा-अपेक्षाअनुसारकै कामको सुरुवात भएको छ । तर, त्यसलाई पनि विरोधीहरूले बंग्याउने प्रयास गर्छन् । सरकारलाई सफल बनाउन सिंगो पार्टी पंक्ति प्रभावकारी रूपमा परिचालित हुनुपर्छ,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै माओवादी सचिव पौडेलले भने ।

■ रास्वपालाई सरकारमा ल्याउन सुझाव

अनौपचारिक छलफलमा माओवादी पदाधिकारीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई सरकारमा सहभागी गराउन पनि सुझाव दिएका छन् । 'विश्वासको मत दिने सबै दललाई सरकारमा सहभागी गराए जानुपर्छ भन्ने नै रह्यो,' पौडेलले भने । जवाफमा प्रधानमन्त्री प्रचण्डले रास्वपासँग छलफल जारी रहेको बताएका थिए । रास्वपाले सरकारमा सहभागिताबारे शुक्रबार निर्णय गर्ने बताएको छ । रास्वपा सभापति रवि लामिछाने प्रधानमन्त्री प्रचण्डसँग उपनिर्वाचनपछि पनि निरन्तर छलफलमा छन् । लामिछानेले कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि छलफल गरेका छन् ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार एवं माओवादी उपमहासचिव हरिबोल गजुरेलले सरकारमा सहभागी हुनेबारे पहिला रास्वपाले निर्णय गर्नुपर्ने नयाँ पत्रिकासँग बताए । उनले रास्वपाले पहिलेकै मन्त्रालयमा अडान नराखेको तर पुरानै मन्त्रालय भए अनुभवका आधारमा काम गर्न सजिलो हुन्थ्यो भन्ने धारणा राखेको बताए । 'सरकारबारे पहिला रास्वपाले निर्णय गर्नुपर्छ । मिलाउन सकिने ठाउँ छ । रास्वपाले पहिलेकै मन्त्रालयमा अडान राखेको छैन । पुरानै मन्त्रालय भए काम गर्न सजिलो हुन्थ्यो भन्ने तर्क पनि ठीकै हो,' उनले भने ।

विशेषको फैसलाविरुद्ध सर्वोच्चमा अख्तियारको पुनरावेदन

पूर्वआयुक्त राजनारायण पाठकको घुस मुद्दाको फैसला त्रुटिपूर्ण रहेको दाबी

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकको मुद्दामा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएको भन्दै अख्तियारले सर्वोच्चमा पुनरावेदन दर्ता गरेको छ ।

घुस लिइसकेको पर्याप्त प्रमाण हुँदाहुँदै रकम बरामद नभएको भनेर विशेष अदालतले गरेको ठहर त्रुटिपूर्ण भएको भन्दै अख्तियारले मुद्दा पुनरावेदनमा लैजाने निर्णय गरेको हो । अख्तियारले बिहीबार सर्वोच्चमा पुनरावेदन दर्ता गरेको छ ।

अख्तियारले आफ्नो बहालवाला आयुक्तमाथि १२ चैत ०७५ मा मुद्दा दायर गरेको थियो । नेपाल इन्जिनियरिङ कलेजको विवाद सल्ट्याउन ७८ लाख रुपैयाँ घुस लेनदेनसम्बन्धी भिडियो सार्वजनिक भएपछि अख्तियारले छानबिन गरेर मुद्दा चलाएको थियो । गत २८ पुसमा विशेष अदालतले यस मुद्दाको फैसला गर्दै घुस लेनदेनसम्बन्धी भ्रष्टाचार उद्योगको कसुरमा पूर्वआयुक्त पाठक र कलेजका तत्कालीन अध्यक्ष लम्बोदर न्यौपानेलाई जनही ३९ लाख जरिवाना र तीन वर्ष तीन महिना कैद सजाय सुनाएको थियो ।

अख्तियारको दाबी

■ घुस लिए-दिएको दुवै पक्षले स्वीकार गरेका कारण पूर्ण कसुर पुष्टि भएकोमा रकम बरामद नभएको आधारमा प्रतिवादीलाई उद्योगमा मात्र कसुर ठहर गरिनु त्रुटिपूर्ण छ

■ आरोपपत्रसाथ पेस भएका अडियोमा रकम लेनदेन भइसकेको भन्ने स्पष्ट रूपमै संवाद हुँदाहुँदै घुस रिसवतको उद्योगमा मात्र सजाय हुने कसुर ठहर गरी भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य छ

विशेषको फैसलाले मुख्य तीन आधारमा भ्रष्टाचारसम्बन्धी उद्योगको फैसला गरेको थियो । त्यसमा घुस दिने तयारी रहेको अवस्थामा घुस लेनदेनको अडियो-भिडियो संवाद भएको तर घुस लेनदेन हुन नपाएको विशेषको ठहर थियो । यस्तै, पाठकले काम गरिदिन्छु भनी घुस रकम लिने इच्छा गरी रकम माग गरी कुराकानी भई घुस रकम दिन भनी तयारी गरिरहेको अवस्थामा आकस्मिक रूपमा अडियो भिडियो सार्वजनिक भएपछि आयुक्तको पदबाट राजीनामा दिनुपरेकाले घुस रकम लिनेसम्मको पूर्ण कार्य हुन नसकेको भनाइ विशेषको छ । यस्तै, उद्योगको कसुर भएको र घुस लिनका लागि कुराकानी गरेको तथा रकम माग गरेको भए पनि घुस रकम भने बरामद नभएकाले पाठकले घुस रकम लिने र न्यौपानेले दिने उद्योगसम्बन्धी कसुर गरेको विशेषको ठहर थियो ।

अख्तियारले विभिन्न चार आधारमा मुद्दाको पुनरावेदन गरेको छ । रकम बरामद नभएको भन्ने आधारमा घुस रिसवतको उद्योगमा कसुर ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएको अख्तियारको दाबी छ । त्यस्तै, आरोपपत्रसाथ पेस भएका अडियोमा भएकै संवादमा स्पष्ट रूपमै रकम लेनदेन भइसकेको भन्ने थाहा हुने संवाद हुँदाहुँदै घुस रिसवतको उद्योगमा मात्र सजाय हुने गरी कसुर ठहर गरी भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य रहेको पनि अख्तियारको दाबी छ ।

घुस-रिसवतको पूर्ण कसुर सप्रमाण पुष्टि भइरहेकामा उद्योगमा सजाय हुने गरी भएको फैसला प्रमाण विश्लेषणको रोहमा त्रुटिपूर्ण रहेको पनि पुनरावेदन निवेदनमा उल्लेख छ । घुस लिए-दिएको दुवै पक्षले स्वीकार गरेका कारण पूर्ण कसुर पुष्टि भएकामा रकम बरामद नभएको आधारमा प्रतिवादीलाई उद्योगमा कसुर ठहर हुने गरी भएको फैसला त्रुटिपूर्ण भएको पनि अख्तियारको दाबी छ ।

अरुण नदी थुनिएर बनेको ताल अनुगमन

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाको मकालु गाउँपालिका- ५ फ्याक्सिन्दामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको बाँधस्थलमा अरुण नदी थुनिएर बनेको तालको अनुगमन गरिएको छ ।

बिहीबार संखुवासभाका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीको नेतृत्वमा गएको जिल्ला विपत् व्यवस्थापन सुरक्षा टोलीले स्थलगत रूपमा अनुगमन गरेको हो । संखुवासभामा निर्माणाधीन नौ सय मेगावाटको अरुण तेस्रोको बाँधस्थलमा गत आइतबार पहिरो खसेपछि अरुण नदी आठ घन्टा थुनिएर ताल बनेको छ । बाँधस्थलमा ओभरफ्लो भएर पानी बगिरहेको भए पनि करिब तीन किलोमिटर ताल बनेर बसेको छ । कुनै पनि वेला अरुणको ताल फुट्न सक्ने भन्दै स्थानीय त्रसित बनेका छन् ।

अरुण नदीमा पानीको बहाव बढेको र तालको पानी नघटेपछि जोखिम बढेको गुनासो स्थानीयले गरेपछि जिल्ला प्रशासन कार्यालयका सुरक्षा टोली र आयोजनाका प्रतिनिधिले स्थलगत अनुगमन गरिएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिए । उनले बाँध तत्काल फुट्ने सम्भावना नरहेको प्राविधिकहरूले जानकारी गराएकाले जोखिम नरहेको बताए ।

> अरुण तेस्रो जलविद्युत् आयोजनाको बाँधस्थलमा ओभरफ्लो भएर पानी बगिरहेको भए पनि करिब तीन किलोमिटर ताल बनेको छ, सो ताल कुनै पनि वेला फुट्न सक्ने भन्दै स्थानीय त्रसित छन्

उक्त तालले अरुण तेस्रोको बाँधस्थल, पुल र सडकलगायत आसपासका क्षेत्रहरूमा पार्न सक्ने असर र खतराबारे स्थलगत रूपमा अनुगमन गरिएको प्रशासनको भनाइ छ । जिल्ला विपत् व्यवस्थापन समितिले स्थानीयसँग समेत छलफल तथा अन्तर्क्रिया गरेको छ । उनीहरूको गुनासोसमेत सुनुवाइ गरेको थियो । उक्त टोलीमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सेना, अनुसन्धानलगायत सुरक्षा टोली र आयोजनाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

अरुण तेस्रो आयोजनाले अरुणमा २६ मिटर अग्लो अस्थाथी बाँध बनाएर खोला फर्काएको थियो । अरुण थुनिएपछि अरुण तेस्रोको बाँधस्थलमा सोमबारदेखि काम ठप्प भएको छ । ५० मिटरमाथिबाट अझै पनि सुक्खा पहिरो लगातार खसिरहेको जनाएको छ । निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजना भारतीय सतलज कम्पनीले काम गरिरहेको छ । मकालु गाउँपालिका- ५ फ्याक्सिन्दास्थित बाँधस्थलमा जयप्रकाश एसोसिएट कम्पनीले काम गरिरहेको छ ।

आज २५६७औँ बुद्धजयन्ती लुम्बिनीमा विशेष कार्यक्रम



भैरहवामा **दिपेश पछाई**

आज २५६७औँ बुद्धजयन्ती । लुम्बिनीलाई झकिझकाउ गरी सजाइएको छ । बुद्धजयन्तीको सम्पूर्ण तयारी पूरा भएको छ । जयन्ती मनाउन बुद्ध जन्मस्थल लुम्बिनी रङरोगन र सरसफाइ गरी सिँगारिएको छ ।

मन्दिर परिसर, अशोक स्तम्भलगायतका क्षेत्र सफा गरेर सुन्दर बनाइएको छ भने मन्दिर र पवित्र उद्यान क्षेत्रमा झिलिमिली बत्ती जडान गरिएको छ । लुम्बिनीवरिपरि स्वागतद्वार, तुल, ब्यानर राखिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार लुम्बिनीमा आयोजित हुने विशेष औपचारिक कार्यक्रमलाई सम्बोधन गर्नेछन् । यसअघि बिहीबार साँझ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले शान्तिदीपमा दीप प्रज्वलन र प्रार्थना गरेर साँझ बुद्धजयन्तीको शुभारम्भ गरे । मन्त्री किराँतीले मायादेवी मन्दिर परिसरमा दीप प्रज्वलन र परित्राठ पाठ गरेका हुन् ।

यसपटक बुद्धजयन्ती एवं लुम्बिनी दिवस २०८० मनाउन एक करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । यसपटक नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख, राजदूतलगायतलाई निमन्त्रणा गरिएको छ । शुक्रबार साँझ मायादेवी मन्दिरमा दीप प्रज्वलनसहित महापरित्राण गरिएको छ । शुक्रबार बिहान ६ बजे पूर्णिमा पाठ पूजा, ७ बजे ५ नम्बर गेटबाट अन्तर्राष्ट्रिय सभाहलसम्म शोभा यात्रा र सम्मेलन केन्द्रमा मूल समारोह हुनेछ । त्यसैगरी, समारोह समापनलगत्तै सांस्कृतिक कार्यक्रम, सांस्कृतिक संस्थानबाट बुद्ध जीवनीमा आधारित पत्राचार तथा स्थानीय वेशभूषामा संस्कृतिक कार्यक्रम हुनेछ ।

'वैशाख २२ गते नै पण्डितपुरबाट रामग्रामसम्म बुद्धको अस्थिधातु यात्रासमेत हुने लुम्बिनी विकास कोषका सदस्यसचिव सानु राजा शाक्यले बताए । अस्थिधातु यात्राको नेतृत्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनराज्यमन्त्री सुशीला श्रीपालीले गर्ने कार्यक्रम तय भएको छ । बुद्धजयन्तीको भोलिपल्ट २३ गते तिलौराकोटमा हुने मायादेवी शोभायात्राको नेतृत्व कृषि तथा पशुपक्षी विकासमन्त्री वेदुराम भुसालले गर्नेछन् । बोधिसत्व सिद्धार्थलाई तिलौराकोट भित्र्याउँदै गरेको प्रतीक स्वरूप मायादेवी शोभायात्रा हरेक वर्ष बुद्धजयन्तीको भोलिपल्ट गर्ने गरिएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय ललितपुर
मानभवन, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१/२२

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय ललितपुर बाट नयाँ पत्रिका दैनिकमा २०७९/११/२९ गते प्रकाशित शिलबन्दी बोलपत्र आव्हान सूचना अनुसार यस कार्यालयमा बोलपत्रदाताहरुले पेश गरेको दरभाउपत्र न्यूनतम मुल्याकित सारभूत रुपमा प्रबाहग्राही स्वीकृतका लागी सिफारिस भई आएको हुदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. स.	कामको विवरण	बोलपत्र नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगना	कबोल रकम रु. मु.अ.कर सहित
1	Invitation bid for the Procurement, Supply and Installation of Outdoor Exercise Equipment	Good/NCB 01/079/089	New Anand Trade House Pvt. Ltd. Biratanagar, Morang	NRs. 12,37,350.00

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Sealed Quotation

First Date of Publication: 2080/01/24

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites *electronic bids* for the following works under Sealed Quotation (SQ).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Exclusive Vat and contingencie) NRs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs.) (Nonrefundable)
1.	BLDG/NCB/MAN-17/079-80	Construction of Compound wall ward no.7 Office Building	13,26,537.32	*40,000.00*	1,000.00
2.	BLDG/NCB/MAN-18/079-80	Construction of Compound wall ward no.9 Office Building	13,28,364.21	*40,000.00*	1,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

CHIEF ADMINISTRATIVE OFFICER

संक्षेप

गण्डकीका मुख्यमन्त्रीले पाए विश्वासको मत

कास्की/ नियुक्त भएको आठौँ दिनमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएका छन् । प्रदेश सभाको बिहीबारको बैठकमा मुख्यमन्त्रीले विश्वासको मतका लागि राखेको प्रस्ताव बहुमतले पारित गरेको हो । पाण्डेलाई कांग्रेसका २७, माओवादीका सात र एकीकृत समाजवादीका एक गरी ३५ जनाले मत दिएका थिए । एमालेका २२ जनाले विपक्ष र राप्रपाका दुईजनाले तटस्थ मत जाहेर गरेका थिए । विश्वासको मत पाएसँगै छिट्टै मन्त्रिपरिषद विस्तार गर्ने पाण्डेले बताए । प्रदेशमा हाल सात मन्त्रालय छन् ।

पाण्डे १४ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका थिए । नियुक्त भएको आठौँ दिनमा विश्वासको मत लिन सफल भएका हुन् । संवैधानिक व्यवस्थाअनुसार नियुक्त भएको ३० दिनभित्र प्रदेश सभा बैठकबाट विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था छ । ६० सदस्यीय प्रदेश सभामा पाँच दलको प्रतिनिधित्व रहेको छ । बहुमतको सरकार गठनका लागि ३१ सदस्यको समर्थन अवश्यक रहन्छ ।

कोरोना र डेंगु संक्रमित युवकको मृत्यु

धनगढी/ डेंगु र कोरोना भाइरसबाट संक्रमित एक युवकको उपचारका क्रममा मृत्यु भएको छ । धनगढीको सेती प्रादेशिक अस्पतालमा उपचाररत बैतडीका ३० वर्षीय एकजनाको बुधबार राति मृत्यु भएको हो । अस्पतालका सूचना अधिकारी मेखराज उपाध्यायका अनुसार नसासम्बन्धी समस्याको उपचारका लागि भर्ना भएका ती युवकमा १७ वैशाखमा कोरोना संक्रमण पुष्टि भएको थियो । त्यसको दुई दिनपछि उनमा डेंगुसमेत देखिएको सूचना अधिकारी उपाध्यायले बताए । कोरोना र डेंगु देखिएका उनको भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो ।

नसासम्बन्धी समस्याको उपचारका लागि १७ चैतमा भर्ना भएका उनको त्यसको एक सातापछि शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ । सूचना अधिकारी उपाध्यायका अनुसार ज्वरोलगायत समस्या देखिएकाले शल्यक्रियापछि उनी डिस्चार्ज भएका थिएनन् । वैशाखमा मात्रै सेतीमा दुई कोरोना संक्रमितको उपचारका क्रममा मृत्यु भएको छ । यसअघि गत ३ वैशाखमा सेतीको सघन उपचार कक्षमा उपचाररत एक संक्रमित महिलाको मृत्यु भएको थियो । त्यसअघि करिब एक वर्षसम्म सुदूरपश्चिममा कोरोना भाइरसको संक्रमणबाट मृत्युदर शून्य थियो । गत चैत अन्तिम सातायता सुदूरपश्चिममा कोरोना संक्रमण बढ्न थालेको छ ।

आत्महत्या दुरुत्साहनमा दाजुबहिनी पक्राउ

विराटनगर/ सापट लिएको लाखौँ रकम नतिरी उल्टै धनीलाई गाली-गलौज गर्दै आत्महत्या गर्न बाध्य पारेको आरोपमा मोरङ प्रहरीले दाजुबहिनीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा विराटनगर महानगरपालिका- ४ का ५५ वर्षीय गति पोखरेल र ३६ वर्षीया सविना पोखरेल छन् । विराटनगर- ३ का ६० वर्षीय गोविन्दप्रसाद नेपाललाई आत्महत्या गर्न बाध्य पारेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार आठ वर्षअघि सापटी दिएको २२ लाख रुपैयाँ फिर्ता माग्दा उनीहरूले गाली-गलौज गर्ने गरेका थिए ।

पक्राउ परेका दाजुबहिनीलाई आत्महत्या दुरुत्साहन कसुरमा मुद्दा दर्ता गरेर अनुसन्धान अघि बढाइएको मोरङ प्रहरी प्रवक्ता डिएसपी रञ्जनकुमार दाहालले जानकारी दिए । नेपालले गत १४ वैशाखमा उनीहरूकै घरअगाडि शरीरमा पेट्रोल खन्याएर आत्महत्या गरेका थिए । घटनापछि फरार भएकी सबिनालाई झापाको कमल गाउँपालिकाबाट र गतिलाई विराटनगरस्थित घरबाट प्रहरीले १८ वैशाखमा पक्राउ गरेको हो ।

हात्तीको सुँड काट्ने अझै पक्राउ परेनन्

चितवन/ सौराहामा एक महिनाअघि हात्तीको सुँड काट्ने अझै पक्राउ परेका छैनन्। गत ११ चैतको राति पर्यटन व्यवसायी दीपेन्द्र खतिवडाले पालेको चञ्चलकली नामको हात्तीको सुँड काटिएको थियो । हात्तीसारमा बाँधेर राखिएको हात्तीको सुँड धारिलो हतियार प्रहार गरी काटिएको थियो । घटनालगत्तै चितवन राष्ट्रिय निकुञ्जले अनुसन्धानको प्रक्रिया सुरु गरेको थियो । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले अनुसन्धान भइरहेको जानकारी दिए । 'अहिलेसम्म कसैलाई पक्राउ गरिएको छैन । अनुसन्धान भइरहेकाले थप केही भन्न मिल्दैन,' उनले भने ।

निकुञ्जले नेपाल प्रहरीलाई पत्राचार गरी सहयोगसमेत लिइरहेको छ । व्यवसायी खतिवडाले निकुञ्जले अनुसन्धान गरिरहेको भए पनि नतिजा नआएसम्म भन्ने अवस्था नरहेको बताए । हात्तीको स्वास्थ्य अवस्था भने सुधार हुँदै गएको छ । सुँडले घाँस खान नमिलेपछि माउतेले हातले खुवाउँदै आएका छन् भने पानी हात्ती आफैँले खाइरहेको छ । पशु प्राविधिक किरण रिजालले निकुञ्जका पशु चिकित्सकको परामर्शमा हात्तीको उपचार भइरहेको बताए ।

बढ्यो डेंगु संक्रमण

बाँके/ बाँकेमा डेंगुको संक्रमण बढ्न थालेको छ । जिल्लाको कोहलपुरमा पाँचजनामा डेंगुको संक्रमण देखिएको हो । कोहलपुर नगरपालिकास्थित नगर अस्पतालको प्रयोगशालामा परीक्षण गरिएकामध्ये पाँचमा डेंगुको संक्रमण देखिएको अस्पतालका प्रयोगशाला इन्चार्ज दीपक शर्माले बताए ।

उनका अनुसार कोहलपुर- २ का दुई, वडा नम्बर ५, ११ र १४ का एक-एकजनामा डेंगु संक्रमण देखिएको हो । उनीहरू सबैमा रोगको लक्षण देखिएको छ । अस्पतालका डा. रवि शर्मा वाग्लेले संक्रमणलाई अस्पतालको निगरानीमा राखेर उपचारसँगै परामर्श दिइरहेको बताए । उनका अनुसार बिरामीको स्वास्थ्य अवस्था सुधार भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालयका कीटजन्य रोगका स्रोतव्यक्ति दुर्गा गौतमका अनुसार डेंगु संक्रमण बढ्न सक्ने अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य कार्यालयले स्थानीय तहका स्वास्थ्य शाखालाई सतर्कता अपनाउन अपिल गरेको छ । आर्थिक वर्ष ०७९/८० को भदौ, असोज र कात्तिकमा जिल्लामा डेंगुको प्रकोप फैलिएको थियो । यी तीन महिनामा मात्रै एक सय ७० जनाभन्दा बढी व्यक्ति डेंगुबाट संक्रमित भएका थिए ।

ऋतिकको व्यस्तता



अभिनेता ऋतिक रोशन यतिवेला निकै व्यस्त छन् । अहिले उनी अभिनीत 'फाइटर'को सुटिङ चलिरहेको छ । त्यसपछि 'वार २' को सुटिङ हुनेछ । उक्त सुटिङ सकिएपछि उनी 'कृष ४' मा व्यस्त हुनेछन् । 'कृष ४' को कथा तयार भइसकेको छ । यी तीनवटै फिल्म बलिउडका 'बिग बजेट' प्रोजेक्ट हुन् ।

एमएस धोनी फेरि प्रदर्शन हुने



भारतका पूर्वक्रिकेट कप्तान महेन्द्रसिंह धोनीको बायोपिक 'एमएस धोनी : द अनटोल्ड स्टोरी' फेरि एकपटक सिनेमा हलहरूमा प्रदर्शन हुने भएको छ । यो फिल्म १२ मेमा भारतमा रि-रिलिज हुँदै छ । सन् २०१६ मा पहिलोपटक प्रदर्शनमा आएको यस फिल्ममा स्वर्गीय अभिनेता सुशान्तसिंह राजपुतले धोनीको भूमिका गरेका छन् ।

गर्मीमा 'बबल टी'



नेपालमा बबल टी गर्मीयाममा निकै चल्ने पेय पदार्थ हो । विशेषगरी, युवायुवतीले यसलाई निकै रुचाउँछन् । बबल टी ताइवानको एक लोकप्रिय चिसो चिया हो । सन् १९८० को दशकमा ताइवानमा लोकप्रिय भएको यो चिया ९० को दशकमा अमेरिका र त्यसपछि विश्वभर लोकप्रिय बन्यो । नेपालमा केही वर्ष पहिले बबल टी भित्रिएको थियो । छोटो समयमै यो निकै लोकप्रिय भइसकेको छ । बबल टी चिसो र तातो दुवै भर्सनमा तयार गरिन्छ । स्वादअनुसार विभिन्न भेराइटीमा यो चिया उपलब्ध छ । बबल टी स्टेसन चलाएर सहरबजारमा गुजारा गर्नेहरू ठूलो संख्यामा छन् । रेस्टुरेन्टको पेय पदार्थको मेनुमा पनि बबल टीका भेराइटी पाउन सकिन्छ ।



आरबी बुढाथोकी
सु-सेफ, द सोल्टी होटल

कसरी बन्छ ?

बबल टीको मुख्य सामग्री कासाबा पर्ल हो, जुन पिँडालुको पिठोबाट बनेको हुन्छ । कफी वा टी फ्लेबर पाउडर, जुस फ्लेबर पाउडर पाइन्छन् । टी हाउस वा सुपर मार्केटमा बबल टीका लागि सामग्री उपलब्ध हुन्छ । स्वास्थ्यका हिसाबले पनि यो राम्रो मानिन्छ ।

बबल टीका लागि पहिले कसबा पर्ललाई उम्लिएको पानीमा पकाउने, मज्जाले पाकेर सफ्ट हुनासाथ चिसो पानीले पखालेर चिस्याउने र एक साइडमा राख्ने । ब्राउन सुगर (खैरो चिनी)को सिरप तयार गरेर बोइल गरेको कसाबा पर्ललाई भिजाएर राख्ने । प्यानमा आफूले इच्छाएको फ्लेबरमा ब्ल्याक टी बनाएर राख्ने ।

कन्डेन्स मिल्कको डब्बा खोलेर तयारी अवस्थामा घोलेर राख्ने । आफ्नो इच्छाअनुसार ग्लास वा जारमा बोइल गरेर राखेको कसाबा पर्ल हाल्ने र माथिबाट आइस क्युब हाल्दिने । माथिबाट तयारी अवस्थामा राखेको ब्ल्याक टी खन्याइदिने र अन्तमा कन्डेन्स मिल्क हालेर हल्का चलाउने । अब तयार भएको बबल टी मा 'स्ट्र' राखेर सर्भ गर्न सकिन्छ । विभिन्न फ्रुट फ्लेबर र स्विटनर थपेर पिउन सकिन्छ ।

मर्निङवाकमा किन निस्कने ?





विरासन राजभण्डारी
वरिष्ठ फिजियोथेरापिस्ट
काठमाडौं फिजियोथेरापी क्लिनिक

> ३० मिनेट मात्रै मर्निङवाक गऱ्यो भने पनि शरीरका लागि धेरै फाइदा पुग्छ । कार्डियो भास्कुल एक्सरसाइज हुन्छ । मांसपेशीहरू सक्रिय हुन्छन् ।

पछिल्लो समय व्यस्त जीवनशैली र अस्वस्थ खानेकुराले स्वास्थ्यमा समस्या देखिएको छ । दिनभरि अफिसको टेबल वर्क गर्ने र बाहिर बनेका खाना खाने बानी धेरैको हुन्छ । जसले गर्दा युवा अवस्थामै विभिन्न किसिमका रोग लाग्ने गरेको पाइएको छ ।

शारीरिक व्यायाम नपुग्दा ढाड दुख्ने, उच्च रक्तचाप, मधुमेहजस्ता धेरै थरीका रोग लाग्ने गरेको छ । शारीरिक व्यायामका लागि जिम सेन्टरमा गएर एक्सरसाइज गर्नुपर्छ भन्ने छैन । समय निकालेर ३० मिनेट मात्रै मर्निङवाक गऱ्यो भने पनि शरीरका लागि धेरै फाइदा पुग्छ । कार्डियो भास्कुल एक्सरसाइज हुन्छ । मांसपेशीहरू सक्रिय हुन्छन् । उच्च रक्तचाप भएका मान्छेले पनि मर्निङवाक गर्दा स्वस्थ रहन फाइदा पुग्छ । यसर्थ, बाहिर फ्रेस हावामा हिँड्नु शरीरका लागि धेरै फाइदा हुन्छ ।

बिहान खाली पेट हुन्छ । बेलुका शरीर थाकेको पनि हुन्छ । मानसिक रूपमा पनि थकान बढी हुन्छ । त्यसैले इभिनिङभन्दा मर्निङवाक धेरै फाइदाजनक हुन्छ । अमेरिकन हार्ट एसोसिएसनले पनि दैनिक कम्तीमा ३० मिनेट हिँड्नुपर्छ भन्ने उल्लेख गरेको छ । खासगरी, मुटुका लागि हिँड्नु धेरै फाइदाजनक छ ।

शारीरिक फाइदा

- मर्निङवाक गर्दा रगतमा कोलेस्ट्रोल र ट्राइग्लिसेराइड दुवै नियन्त्रण हुन्छ । कोलेस्ट्रोलले ब्लकेजको काम गर्छ र मुटुसम्बन्धी समस्या निम्त्याउँछ । मुटुरोगीले कम्तीमा ३० मिनेट मर्निङवाक गर्दा फाइदा पुग्छ ।
- वाकिङ गर्दा शरीरमा फ्याट कम हुन्छ । जसले गर्दा कोलेस्ट्रोल ट्राइग्लिसेराइडसम्बन्धी समस्या कम भएर जान्छ ।
- वाकिङबाट हाड-जोर्नी र स्पाइनको समस्यामा पनि फाइदा मिल्छ । ढाडमा समस्या भएका मान्छेले चाहिँ समथर ठाउँमा हिँड्नु राम्रो हुन्छ ।
- सुगर कन्ट्रोल हुन्छ । वाकिङको सबैभन्दा ठूलो फाइदा फिटनेस हो । नियमित हिँड्नाले तौल नियन्त्रण भएर जान्छ ।
- रोगप्रतिरोधात्मक क्षमताको विकास हुन्छ । मोटोपनका कारण लाग्ने रोगहरू कम हुन्छ ।
- खुट्टाको मसल्स पनि बलियो बनाउँछ । शरीरलाई सन्तुलित बनाउँछ ।
- बिहान स्वच्छ हावामा हिँड्दा हृदय र फोक्सोलाई पनि फाइदा पुग्छ ।

मानसिक फाइदा

- नियमित हिँड्नाले तपाईंको दिनको सुरुवात नै राम्रो हुन्छ ।
- ऊर्जाशील भइन्छ । मानसिक तनाव कम भएर जान्छ । निद्रा राम्रो लाग्छ । मानिसको आत्मविश्वास बढेर जान्छ । मानिसमा सिर्जनशीलता पनि बढेर जान्छ ।

हेल्दी डाइटमा ध्यान दिने

- वाकिङसँगै हेल्दी खानेकुरा खानुपर्छ । स्वस्थ रहन खानपानमा पनि ध्यान दिनुपर्छ । विशेषगरी, चिल्लो खानेकुरा बन्द गर्नुपर्छ । बाहिर बनेका खानेकुरा पनि खानुहुँदैन । सकेसम्म घरमा बनाएका खानेकुरा खानुपर्छ ।
- खानेकुरामा चाहिँ सचेत नहुने तर हिँड्ने मात्रै गरेर भने स्वास्थ्यलाई फाइदा गर्दैन । पर्याप्त पानी पिउनुपर्छ । दैनिक तीन-चार लिटर पानी पिउने गर्नुपर्छ । सागसब्जी, मौसमी फलफूल अत्यधिक खाने गर्नुपर्छ ।

पार्टीमा जाँदा यस्ता पफ्र्युम



पार्टी वा सभा समारोहमा जाँदा मानिसहरू राम्रो डिजाइनका कपडामा मिठो बास्ना आउने पफ्र्युम लगाउन रुचाउँछन् । त्यस्तै, मानिसले उपहारमा पनि पफ्र्युम दिने चलन छ । तर, हामीले राम्रो गुणस्तरको पफ्र्युम छान्न जरुरी छ, जसको बास्ना मिठो होस् र लामो समय टिकोस् ।

- अनलाइन मार्केटमा पनि अहिले धेरै पफ्र्युम पाइन्छन् । यी किन्दा पनि विश्वासिलो ठाउँबाट मात्रै लिनुपर्छ । यदि तपाईं प्रत्यक्ष रूपमा पसलमा जानुभएको छ भने हाई कपी पफ्र्युम छनोट गर्दा गुणस्तर चेक गरेर मात्रै छान्नु राम्रो हुन्छ । सफ्ट पफ्र्युम प्रयोग गर्ने वा हार्ड प्रयोग गर्ने भन्ने विषय मानिसको रोजाइमा भर पर्छ । भेनिला, चकलेट, साइट्रस, फ्लावर, अत्तरलगायत विभिन्न फ्रेगनेन्समा पफ्र्युम पाइन्छन् ।
- नेचुरल इग्रिडियन्स भएका पफ्र्युम राम्रो मानिन्छ । अल्कोहलिक पफ्र्युमबाट टाढै रहँदा राम्रो हुन्छ । डिपी र इडिटी गरी दुई प्रकारका पफ्र्युम पाइन्छन् । फ्रेगनेन्स लेभल हाई हुने भएकाले इडिपीयुक्त पफ्र्युम लामो समय टिक्छ । इडिटी थोरै समय टिक्छ ।
- भिक्टोरिया सिक्रेट, कोको च्यानललगायत पफ्र्युम लेडिजहरूको रोजाइमा पर्ने गरेको छ । यता, जेन्सको रोजाइमा डायो सौवाज, भर्साची इरोजलगायत ब्रान्ड पर्छन् । इडिपी होस् कि इडिटी, दुवै पफ्र्युमका ओरिजिनल ब्रान्ड दुई दिनसम्म कपडामा टिक्छ भने हाई कपी एक दिन टिक्छ ।

बालबालिकालाई चित्रकलाले बनाउँछ सिर्जनात्मक



ईशान परियार
चित्रकार, इज आर्ट स्टुडियो



बालबालिकालाई पेन्टिङ सिकाउनाले उनीहरूको समग्र विकासमा फाइदा पुग्छ । आँखा र हातबीचको संयोजन राम्ररी विकास हुन पाउँछ । चित्रकलालाई सम्मानजनक पेसाको रूपमा लिन सकिन्छ । यसले भावनात्मक बौद्धिकता, आत्मजागरण र आत्मविश्वास वृद्धि गर्छ । धैर्यशील बन्न सहयोग गर्छ । ध्यानशक्ति विकास हुन्छ । चित्रकला प्रदर्शनीमा गएर प्रत्यक्ष रूपमा चित्रकलाको भावलाई बुझ्न र अनुभूत गर्न सकिन्छ । बालबालिकालाई चित्रकला प्रदर्शनीमा लैजाने र अन्यसँग अन्तर्क्रिया गराउने कार्यले सामाजिक बन्न र टिमवर्कमा विश्वास गर्न सिकाउँछ । कला र संस्कृतिप्रति सम्मान भाव बढाउँछ ।

मानिसलाई सिर्जनात्मक र तनावमुक्त बनाउने एउटा सशक्त माध्यम चित्रकला हो । फुर्सदको समय चित्र कोर्ने बानी बसाल्दा तनाव कम हुन्छ र दिमागले नकारात्मक कुराहरू सोच्न पाउँदैन । चित्रकला अभिव्यक्तिको एक सशक्त स्वरूप हो । यसले मानिसलाई उनीहरूको भावना र विचार अभिव्यक्त गर्न सहयोग गर्छ ।

रङको आफ्नै अर्थ र भाव हुन्छ । त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ । स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ । मस्तिष्कलाई वर्तमानसँग जोड्छ र त्यसैमा घोटिलन प्रेरित गर्छ । चित्रकलाले समस्या समाधान गर्ने सीपलाई पनि बढावा दिन्छ । त्यस्तै, मानिसमा आत्मशान्ति, आत्मसम्मान र आत्मविश्वास बढाउँछ ।

गोकर्णेश्वरमा गजल महोत्सव हुने

गोकर्णेश्वर नगरपालिकाले २३ वैशाख, शनिबार आयोजना गर्ने गजल महोत्सवमा ४१ वटा गजल वाचन हुने भएको छ । चार सय ५६ गजलकारले पठाएका सिर्जनाहरूमध्येबाट अन्तिम प्रतिस्पर्धाका लागि ४१ गजल चयन गरिएको आयोजक कमिटीका संयोजक गोविन्द घिमिरे 'वेदमणी' ले जानकारी दिए ।

गोकर्णेश्वरलाई साहित्यको हब बनाउने उद्देश्यसहित प्रत्येक वर्ष कुनै न कुनै साहित्यिक विधाको प्रतियोगिता गराउँदै आएको नगरपालिकाले यस वर्ष गजल महोत्सव आयोजना गर्न लागेको हो । प्रतियोगितामा नेपालबाहेक दुई दर्जनभन्दा बढी देशबाट पनि गजलकारहरूले सहभागिता जनाएको नगरपालिकाले उल्लेख गरेको छ । नगरप्रमुख दीपककुमार रिसालले गोकर्णेश्वर चर्चित साहित्यकारहरूको भूमि रहेको बताए । उनले भने, 'गोकर्णेश्वरले साहित्यको महत्त्व बुझेको छ । किनकि, हामीलाई रमेश विकल, भैरव अर्यालजस्ता चर्चित साहित्यकारहरूले यसको महत्त्व बुझाएर जानुभएको छ ।'

महोत्सवमा प्रथम पुरस्कार ६० हजार रुपैयाँ, दोस्रो पुरस्कार ४० हजार रुपैयाँ, तेस्रो पुरस्कार ३० हजार रुपैयाँ र पाँचजना प्रत्येकलाई २० हजार रुपैयाँ पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने जनाइएको छ । कार्यक्रम आउँदो शनिबार गोकर्णेश्वर आरुबारीमा हुने भएको छ ।

मधेश प्रदेश सरकार
खानेपानी तथा उर्जा विकास मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प्रस्ताव आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२२

यस खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा "सौर्य ऊर्जा विशेष कार्यक्रम कार्य संचालन तथा अनुदान परिचालन कार्यविधि, २०७९" अनुसार सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक यस प्रदेशका सरकारी तथा निजी विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, नीजि तथा सामुदायिक एफ.एम., लेयो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव यस मन्त्रालय वा अन्तर्गतका कार्यालयहरुमा दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रीत नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

क. प्रचलित कानून बमोजिम दर्ता भएका सार्वजनिक तथा निजी शैक्षिक संस्था / निजि तथा सामुदायिक स्वास्थ्य संस्था/ नीजि तथा सामुदायिक एफ. एम. हुनुपर्ने,
ख. निवेदक संस्थाहरूले अनुदान बाहेक बाँकी रकम बेहोर्ने स्रोत सुनिश्चितता सहितको प्रतिबद्धता पत्र उपलब्ध गराउनुपर्ने,
ग. सम्बन्धित स्थानीय तहको सिफारिसको साथ निवेदन दिनुपर्ने,
घ) सौर्य ऊर्जा प्रणाली जडान कति क्षमताको जडान गर्न चाहेको बारे प्रष्ट खुलाई निवेदन ।

पुनश्चः सौर्य ऊर्जा विशेष कार्यक्रम कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७९ खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको वेबसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मधेश प्रदेश सरकार
खानेपानी तथा उर्जा विकास मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प्रस्ताव आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२२

यस खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको आ.व ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा "बायोग्यास ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९" अनुसार बायोग्यास ऊर्जा प्रणाली निर्माण तथा जडान गर्न इच्छुक यस प्रदेशका घरधुरी/संस्था/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव यस मन्त्रालय वा अन्तर्गतका कार्यालयहरुमा दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै, रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र को प्रमाणित प्रतिलिपि,
२) संस्थाको बैठक निर्णयको प्रतिलिपी,
३) संस्थाको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपी ,
४) बायोग्यास ऊर्जा प्रणाली कति क्षमताको जडान गर्न चाहेको बारे प्रष्ट खुलाई निवेदन,
५) हाल सम्म बायोग्यास ऊर्जा प्रणाली निर्माण तथा जडान नभएको भनी स्वघोषणा ।

पुनश्चः "बायोग्यास ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९" खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको वेबसाईट बाट डाउनलोड गर्न सकिनेछ ।

कुन कोठा कस्ता वालपेपरले सजाउने ?



पर्वत भुजेल
डेकोरेसन आउटलेट नेपाल

घरका जुनसुकै कोठाको भित्तालाई पनि वालपेपरले सजाउन सकिन्छ । धेरैले बैठक कोठामा वालपेपर टाँस्ने गरेका छन् । सुत्ने कोठमा पनि भित्ता सजाउने चलन बढ्दै गएको छ । त्यसैगरी, दराज, च्याकलगायतका फर्निचर र सिलिङमा पनि वालपेपर टाँस्ने गरिन्छ ।

आफ्नो इच्छाअनुसार 'वालपेपर'मा बुट्टा भर्न सकिन्छ । अहिले फोटो प्रिन्ट गरेर राख्ने चलन पनि बढेको छ । वालपेपरमा थरीथरीका रङ र बुट्टाको विविधता पाइन्छ । जस्तो, बालबालिकाको कोठामा कार्टुन प्रिन्ट भएका 'वालपेपर' टाँस्न सकिन्छ । अध्ययन कक्षमा ग्रामीण समाज र संस्कृति वा कुनै सहर झल्कने गरी पेन्ट गर्दा पनि हुन्छ ।

आफ्नो मुड र कोठाको हिसाबले जुनसुकै डिजाइन रोज्न सकिन्छ । तर, घरको लोकेसन र लाइटअनुसार 'वालपेपर'को छनोट जरुरी हुन्छ । कोठालाई क्लासिकल लुक्स दिने हो भने दमास्क वा फ्लोरल प्याटर्नका वालपेपरले सजाउँदा हुन्छ । मोडर्न लुक्स दिनका लागि जियोमेट्रिक वा एब्स्ट्र्याक्ट डिजाइनले सजाउने गरेको पनि पाइन्छ । अलि विलासी देखाउने हो भने मेटालिक वालपेपर वा टेक्स्चर प्रयोग गर्न सकिन्छ । प्राकृतिक लुक्स दिनका लागि खुला आकाश र समुद्र, हिमाल वा जंगलले पेन्ट गर्न सकिन्छ ।

सतरञ्जी 'साउथ ब्लक' र 'बुद्ध-कार्ड'

बुद्ध र बुद्ध दर्शनको 'कपिराइट' आफूसित रहेको भ्रम छर्न 'साउथ ब्लक' बुद्ध र बुद्धको जन्मथलोमाथि कुनै न कुनै रूपमा नियन्त्रण कायम राखिराख्न चाहन्छ



● सुरेश प्राञ्जली
अग्रलेख

नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल) का निम्ति नेपालले भारतसित दोस्रो हवाई प्रवेशमार्ग उपलब्ध गराउन पटक-पटक आग्रह गरिरहेको छ । गत १ फागुनमा परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेलको निमन्त्रणमा नेपाल आएका भारतीय विदेश सचिव विनय मोहन क्वात्राले आफ्नो तीनदिने नेपाल भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री, राजनीतिक दलका प्रमुख, सरकारी उच्च अधिकारीलगायतसँग भेटघाट गरे । छापामा आएअनुसार, भेटमा भन्डै सबैजसोले नेपाललाई 'गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल'का निम्ति उनीसित दोस्रो हवाई प्रवेशमार्ग उपलब्ध गराउन आग्रह गरे, स्मरण गराए । तर, यस सवालमा उनको कुनै पनि चासो र सरोकार देखिएन, न त प्रतिक्रिया नै जनाउन चाहे । यस्तो लाग्थ्यो, उनी सो सवाल सुन्नै चाहँदैनन् । आखिर बुद्ध दर्शनको मूल्य बोकेका नेपाली पूर्वाधारसँग दिल्ली किन यतिविधि त्रसित छ ? यही सवालको मर्म खोतल्ने उपक्रममा यो आलेख केन्द्रित रहनेछ ।

गतवर्ष २५६६औँ बुद्धजयन्तीको छेको पारेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको भ्रमण गरे । उनको सो भ्रमण लुम्बिनीकेन्द्रित रह्यो । गज्जबको कुरा त के भने गतवर्ष उनी दिल्लीबाट उडेर नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल)मा उत्रिएनन्, बरु त्यस्तै प्रकृतिको २०२१ को अगस्टमा मात्रै सञ्चालनमा आई लाओस, श्रीलंका, थाइल्यान्ड, सिंगापुर, जापानलगायत बौद्ध धर्मालम्बीको बाहुल्य रहेका मुलुकलाई लक्षित गरी उडान थालेको धार्मिक पर्यटकीय महत्त्वको कुसीनगर विमानस्थलमा उत्रिएर हेलिकोप्टरमा लुम्बिनी टेके, नेपाली माटो कुल्चिए । २०७९ जेठ २ बाटै व्यावसायिक उडानको उद्घाटन हुने (भएको) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उनले पाइलै टेकेनन् । किनभने, आवरणमा धार्मिक-सांस्कृतिक रोगन पोतिएको उनको भ्रमणको गुदो चाहिँ 'राजनीतिक स्वार्थ'ले लिछिप्पै रुझेको थियो । जुन सतहमा देख्न र बुझ्न सकिँदैन । सन् २०१४ मा गणतन्त्र भारतका १४औँ प्रधानमन्त्रीका रूपमा सत्ताको साँचो बुझेयता उनी पाँचौँचोटि नेपाल आइसकेका छन् । विगतमा सत्र-सत्र वर्षसम्म 'साउथ ब्लक'को नेपाल भ्रमणबिनै चलेको काठमाडौं-दिल्ली सम्बन्ध विगतमा जति 'स्वस्थ' थियो, मोदीले झम्टी-झम्टी नेपाल भ्रमण गर्न थालेयता त्यो झन् थलिँदै गएको स्वयंसिद्ध छ । नेपालका सरकार प्रमुखको दिल्ली भ्रमण बाक्लिँदै गयो तर थलिँदै गएको द्विदेशीय सम्बन्ध भने तंग्रिन सकेन ।

पछिल्लो दशक लुम्बिनीमा नेपालको उत्तरी छिमेकी चीनको चासो हवात्तै बढेको छ । दक्षिणी छिमेकी भारतले भने एसिया क्षेत्रमै आफूलाई बुद्ध-ज्ञान र दर्शनको आधिकारिक र एकलौटी 'ठेकेदार' ठान्ने गरेको छ । त्यसैले पनि बुद्ध जन्मस्थल लुम्बिनीमाथि उसको विशेष चासो रहेको हुनुपर्छ । चीनले तिब्बतउपर सुरक्षा चुनौती थपिएको महसुस गरिरहँदा भारतले चाहिँ तिब्बती धर्मगुरु दलाई लामालाई संरक्षण दिइरहेको छ । बुद्ध सवालमा भारतका भित्री र बाहिरी थुप्रै स्वार्थ त छन् नै, यसैबाट निःसृत हुन सक्ने सम्भावित 'परिणाम'को त्रास पनि उसलाई उत्तिकै छ । बुद्धसित गाँसिएको आध्यात्मिक मूल्यको राजनीतिक लाभ चीनले आफूले भन्दा पहिल्यै 'आफ्नो भागै खोसिने गरी' लिइहाल्छ कि भन्ने संशय त भई नै हाल्यो, दिल्लीको अर्को त्रास (जुन उसको एकपक्षीय भ्रम मात्रै हो) के पनि देखिन्छ भने लुम्बिनीको प्रवर्द्धनमा नेपालले चीनको साथ पायो भने बुद्धलाई ज्ञान प्राप्त भएको भनिएको भूमि बोधगया तथा महापरिनिर्वाण स्थल कुसीनगरको ओज स्वतः घट्नेछ । त्यसैले पनि होला, सन् २०११मा संयुक्त राष्ट्र संघको औद्योगिक विकास संस्था तथा हङकङस्थित 'एसिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसन'को अगुवाइमा लुम्बिनीमा लगानी भित्रिने खबर बाहिरिएयता दिल्लीले बुद्ध दर्शनसँग सम्बन्धित आध्यात्मिक मूल्यलाई 'सफ्ट पावर'का रूपमा 'क्यास' गरिहाल्ने हतार गरेको देखिन्छ ।

यही प्रसंगमा सन् २०२० को अगस्टमा भारतीय विदेशमन्त्री एस जयशंकरले 'कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्रिज'द्वारा आयोजित एक 'भर्चुअल' अन्तर्क्रियाका क्रममा गौतम बुद्धलाई संसारले सम्झिने महान् 'भारतीय' भएको बताएका थिए । नेपालमा उनको वक्तव्यको राजनीतिक तथा नागरिक तहमा चर्को विरोध भएपछि सरकारी तबरबाट पनि तत्काल औपचारिक खण्डन गरियो । लगत्तै भारतले पनि आफ्ना मन्त्रीको बोली 'सच्यायो' । त्यसो त, भारतले बुद्धलाई 'भारतीय' दाबी गरेको त्यो नै पहिलो घटना भने थिएन । प्रधानमन्त्री मोदी स्वयंले नै संयुक्त राष्ट्र संघजस्तो प्रतिष्ठित र आधिकारिक फोरममै 'बुद्ध भारतमा जन्मिएको' भनेर 'प्रचार' गरेकै हुन् ।

> बुद्धले बुद्धत्व प्राप्त गरेको भूमिभन्दा जन्मथलोमाथि नै आधिकारिकता कायम गर्न वा बुद्धको जन्मथलो नै भारत हो भन्ने भ्रम विश्वमा छर्न सकियो भने त्यसबाट आध्यात्मिकसँगै सामरिक-राजनीतिक लाभसमेत उठाउन सकिने बुझाइ छ दिल्लीको

उनी सन्दर्भ र स्थान हेरेर 'आफ्नो मुलुक र बुद्धसितको झुट'लाई सत्य बनाउने दुस्साहस गर्न हिच्किँदैनन् भन्ने तथ्य स्थापित भइसकेको छ । आखिर दिल्ली संस्थापनको बुद्धसितको खास स्वार्थचाहिँ के हो त ? दिल्ली बुद्धलाई किन भारतीय करार गर्न चाहन्छ ? यसको 'बिहाइन्ड द सिन'मा धेरै स्वार्थ छन् । भलै, सतहमा चाहिँ केही मात्रै देखिन्छन् । मुख्यतः भारत समग्र हिन्दुस्तानलाई नै बुद्ध धर्मावलम्बीको पवित्र 'मक्का'का रूपमा देख्न चाहन्छ । सँगै, उसले छिमेकी चीनले सुरक्षालगायत चासो सम्बोधनका निम्ति पूर्वाधार कूटनीतिमै 'बुद्धिज्म'को रणनीतिक उपयोग गर्दै आएको पनि देखेको छ ।

त्यसैले पनि भारत उसका दक्षिण-पूर्वी छिमेकी सम्मिलित संगठन 'आसियन'का दशवटै देशलाई पर्यटन कूटनीतिका आवरणमा 'बुद्धिज्म' प्रयोग गरेर चीनले भन्दा बढी नतिजामूलक र रणनीतिक रूपमा नजिक्याउन चाहन्छ । यसमा भारतको बुझाइ के पनि हुनुपर्छ भने आसियानका सबै मुलुकसित बुद्धसँगको आध्यात्मिक साइनोलाई आधार बनाएर सांस्कृतिक सम्बन्ध मजबुत बनाउन सकियो भने चीनसँग पनि बार्गेनिङ क्षमता बढाउने नयाँ कडी निर्माण हुन सक्छ । भारतको खास चासो क्षेत्रीय राजनीतिक ज्यामितिमा सधैँ उसको पल्ला भारी हुनैपर्ने पनि हो । त्यसका लागि ऊ बुद्ध र बुद्धको जन्मथलोमाथि कुनै न कुनै रूपमा नियन्त्रण कायम राखिराख्न चाहन्छ, ताकि बुद्ध र बुद्ध दर्शनको 'कपिराइट' आफूसित रहेको भ्रम छर्नमा कुनै अड्चन आइनपरोस् ।

चीनले दक्षिण चिनियाँ सागरमा आफ्नो प्रभावलाई थप मजबुत बनाइराख्न दक्षिण-पूर्वी एसियाली मुलुकसँग 'बुद्धिज्म'लाई 'हुक'का रूपमा प्रगोग गरेको छ । यता, नरेन्द्र मोदीले पनि सन् २०१४ मा पहिलोपटक प्रधानमन्त्रीत्व सम्हालेसँगै आफ्नो विदेश भ्रमणको आरम्भ धार्मिक रूपले बुद्ध धर्मावलम्बीको बाहुल्य रहेको छिमेकी भुटानबाट गरेका थिए । यसको सतहमा 'छिमेक प्रथम' नीति भजाइए पनि भित्री मक्सद भनेको 'बुद्ध कूटनीति'को उपयोग गरेर बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको मुलुकको मन जितेर क्षेत्रीय प्रभाव विस्तारमा आफूलाई अग्रसर तुल्याउनु थियो । लगत्तै उनले बुद्धको जन्मथलो नेपालको भ्रमण गरेर 'बुद्ध कार्ड'लाई आफूअनुकूल उपयोग गर्न सक्ने गरी 'आधिकारिक लाइसेन्स'को 'म्याद थप' गर्न पछि परेनन् । त्यही 'लाइसेन्स'को उपयोग गर्दै बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको उदाउँदो एसियाली अर्थतन्त्र जापानको भ्रमण गरे ।

पछिल्लो समय दिल्लीले खास जोडबल गरेको 'लुक इस्ट' नीतिको मर्म र आधार नै 'बुद्धिज्म' भएकाले भारतलाई कुनै न कुनै रूपमा बुद्धको आवश्यकता पर्ने भइहाल्यो । बुद्धले बुद्धत्व प्राप्त गरेको भूमिभन्दा जन्मथलोमाथि नै आधिकारिकता कायम गर्न वा बुद्धको जन्मथलो नै भारत हो भन्ने भ्रम विश्वमा छर्न सकियो भने त्यसबाट आध्यात्मिकसँगै सामरिक-राजनीतिक लाभसमेत उठाउन सकिने बुझाइ दिल्लीको हुनुपर्छ ।

यसैबीच, मोदीले सन् २०१९ को सेप्टेम्बरमा चीनको छिमेकीसमेत रहेको बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको मंगोलियाको भ्रमण गर्दा त्यहाँ बुद्धको मूर्ति अनावरण गर्नुका साथै एक गुम्बालाई बुद्धको ढलोट मूर्ति सौजन्य स्वरूप उपलब्ध गराउने उद्घोषसमेत गरे । उनले बौद्ध धर्मप्रति आस्था राख्ने राष्ट्रको भ्रमण गर्दा त्यहाँ रहेका बौद्ध, चैत्य, स्तूपको अवलोकन छुटाउँदैनन् । यो उनको 'बुद्ध कार्ड'को रणनीतिक तथा स्वार्थपूर्ण 'उपयोग' हो । दिल्लीको अर्को चर्को चासो 'बुद्ध सर्किट'को अवधारणामा देखिन्छ ।

सन् १९९०को दशकमा अधिक चर्चामा आएको 'बुद्ध सर्किट'को रणनीतिक अवधारणालाई कार्यान्वयन तहमा लगेर धार्मिक पर्यटनको प्रवर्द्धन गर्नुमा दिल्ली संस्थापनले आफ्नो बाह्य प्रभाव विस्तारको गतिलो कूटनीतिक अवसर देखेको हुनुपर्छ । त्यसैले पनि होला, दिल्लीले थाइल्यान्ड, श्रीलंका, मंगोलिया जस्ता बौद्ध धर्मालम्बीको बाहुल्य रहेका राष्ट्रसित बुद्धको महापरिनिर्माण स्थलमा धार्मिक मूल्यका संरचना निर्माणमा आपसी सहकार्यलाई प्राथमिकता दिन चाहेको । दिल्लीको यतिबिघ्न बुद्धमोह झेलिरहेको नेपाल बुद्धको जन्मथलो लुम्बिनी नै आफ्नै सीमाभित्र पर्ने भएर पनि प्रतिक्रियात्मक तहबाट माथि उक्लिन सकेको छैन । यदि, नेपाल बुद्ध मामिलामा आधिकारिक प्रवर्द्धक बन्ने हो भने बुद्धका नाममा भइरहेको क्षेत्रीय-अन्तर्राष्ट्रिय राजनीतिलाई परास्त गर्न 'प्रोएक्टिभ' हुनैपर्छ र त्यसका लागि नेपालले चीन र भारतसहित त्रिदेशीय सहकार्यमा 'बुद्धिस्ट सर्किट'को विकसित अवधारणालाई ठोस कार्यान्वयन तहमा लैजाने अग्रसरता देखाउन सक्नुपर्छ ।

३ प्रश्न

राजनीतिक विश्लेषक **हरि रोका**लाई



किस्ता-किस्तामा भइरहेको सरकार विस्तारलाई कसरी हेर्नुभएको छ ?

यो अस्थिरताकै झलक हो । सायद आफ्नो भागमा परेको अढाई वर्षको अवधिसम्म पदमा टिक्न प्रधानमन्त्री रास्वपालाई पनि सरकारमा ल्याएर दुक्क हुन चाहनुहुन्छ । त्यसैले, उहाँले सरकार विस्तारमा समय लिइरहनुभएको हुन सक्छ ।

अढाई वर्षे आयु पाएका प्रधानमन्त्रीले सरकारलाई पूर्णता दिनै किन यति लामो समय लगाउनुभएको होला ?

समानुपातिक निर्वाचन प्रणाली भएका मुलुकमा निर्वाचअघि नै 'राइट' र 'लेफ्ट'का अलग-अलग 'अम्ब्रेला अर्गनाइजेसन' बन्ने गर्छन् । घोषणापत्रमा साझा नीति र कार्यक्रम समावेश गर्छन् । निर्वाचनमा जुन गठबन्धनले जित हासिल गर्छ, उसले सरकार बनाउँछ र अर्को गठबन्धन प्रतिपक्षमा बस्छ । गठबन्धनमा सामेल दलहरूले निर्वाचनपछिको आआफ्नो हैसियतअनुसार सरकारमा प्रतिनिधित्व गर्छन् । तर, हामीकहाँ त्यस्तो भएन । कुनै अम्ब्रेला अर्गनाइजेसन पनि बनेन । नीति र कार्यक्रमका आधारमा नभई सत्तास्वार्थका आधारमा बनेको गठबन्धन हुनाले यो सरकार टिकाउनु नै प्रधानमन्त्रीको सबैभन्दा ठूलो चुनौती बनेको छ । सायद, त्यसैले पनि उहाँले समय लिनुभएको होला ।

किस्ता-किस्तामा विस्तार भइरहेको सरकारबाट डेलिभरीको चाहिँ कति अपेक्षा गर्न सकिएला ?

यस्तो अपेक्षा गर्न गाह्रो छ । रास्वपा सरकारमा आएमा नीति, कार्यक्रममा फेरबदल हुने चर्चा सुनिँदै छ । राजस्व कम उठेको र बाहिरबाट सहयोग पनि खासै आउने अवस्था छैन । त्यसैले, बजेटमा कटौती गर्ने कुरा सुन्नमा आएको छ । यस्तो अवस्थामा डेलिभरीको अपेक्षा कसरी पूरा होला र ?

प्रेरक प्रसंग

बुद्ध र भक्तको सवाल-जवाफ

एकपटक रातको समयमा महात्मा बुद्धले प्रवचन दिइरहेका थिए । बुद्धको प्रवचन सुन्नका लागि त्यहाँ सयौँ मानिस उपस्थित थिए । बुद्धको प्रवचन चलिरहेको थियो । मानिसहरू उनको प्रवचन ध्यानपूर्वक सुनिरहेका थिए । श्रोताहरूको पंक्तिमा बीचमा बसेको एउटा मानिस बारम्बार निदाइरहेको थियो । उनी निदाएको महात्मा बुद्धले पनि देखे । त्यो देखेपछि महात्मा बुद्धले उनलाई बोलाएर सोधे, 'वत्स, के तिमी सुतिरहेका छौ ?'



'छैन महात्मा,' बुद्धको प्रश्न सुनेपछि हत्तपत्त उठ्दै हड्बडाएर उसले भन्यो । 'ए, त्यसो भए ठिक छ,' मुसुक्क मुस्कुराउँदै बुद्धले आफ्नो प्रवचन सुरु गरे । बुद्धको प्रवचन चलिरह्यो । श्रोताहरू धैर्यपूर्वक उनको प्रवचन सुनिरहेका थिए । तर, आफू नसुतेको बताउने त्यो व्यक्ति भने पहिलेजसरी नै उँघिरहेको थियो । महात्मा बुद्धले बीचबीचमा त्यही प्रश्न सोध्दै उसलाई जगाउँदै गरे । ऊ भने 'सुतेको छैन महात्मा' भनेर फेरि सुतिहाल्थ्यो ।

प्रवचनको अन्त्यतिर पुगेपछि तिनै मानिसलाई बुद्धले फेरि सोधे, 'वत्स, के तिमी जीवितै छौ ?' 'छैन महात्मा,' हरेक पटकझैँ यसपटक पनि उसले बुद्धलाई जवाफ दियो । उसको जवाफ सुनेर श्रोताहरूमा हाँसोको लहर दौडियो । उनीहरू मुख छोपीछोपी हाँस्न थाले ।

उसको जवाफ सुनेपछि महात्मा बुद्ध पनि मुस्कुराए । केही छिनपछि फेरि गम्भीर भएर महात्मा बुद्धले भने, 'वत्स, निद्रामै भए पनि तिमीले एकदम सही जवाफ दियौ । जो निद्रामा हुन्छ, ऊ मृतकसमान नै हुन्छ ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रहरीको स्वागतयोग्य कदम

नक्कली शरणार्थी बनाएर अमेरिका पठाउनेभन्दा एक अर्बभन्दा बढी ठगी गरेको गिरोहका 'हाई प्रोफाइल' आरोपी पक्राउ गर्नु नेपाली प्रहरीको स्वागतयोग्य कदम हो । यसरी सोझासीधा नेपालीलाई अमेरिकाको लोभ देखाएर अर्बभन्दा बढीको ठगी हाई प्रोफाइलको संलग्नताविना सम्भव नै हुँदैन । त्यसैले, लहरो तान्दा पहरो गर्जिए पनि अब प्रहरीका पाइला रोकिनु हुँदैन । यदि प्रहरीले 'माथि'को आदेश या दबाबमा यो प्रकरणमाथिको छानबिनलाई बीचमै रोक्यो या यस प्रकरणलाई कमजोर तुल्याउने काम गऱ्यो भने त्योजति खराब काम कुनै हुनेछैन ।

● **अपूर्व घिसिङ**, त्यौड, काठमाडौं

कानुनलाई काम गर्न देऊ

नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गर्ने गिरोहका सदस्यहरू धमाधम पक्राउ पर्न थालेपछि दलका नेताहरूमा छटपटाहट सुरु भएको छ । उनीहरू एक-अर्कासित भेटघाट गरी यस छानबिन र पक्राउलाई बीचमै रोक्न दौडधुप गरिरहेका देखिन्छन् । तर, अब प्रक्रियामा गइसकेको अनुसन्धानलाई बीचमा रोक्न दबाब दिनुभन्दा पनि राजनीतिक नेतृत्वले कानुनतः सबैलाई एउटै तुलोमा राखेर व्यवहार गर्न प्रहरी प्रशासनलाई निर्देशन दिन सक्नुपर्छ । यहाँनेर प्रहरीले कोही पनि निर्दोष नफसोस् र दोषी नछुटोस् भन्ने मन्त्र बिर्सिनुहुँदैन ।

● **डोल्मा शेर्पा**
दक्षिणढोका, काठमाडौं

पूर्वाधारमा ध्यान देऊ

सरकारले एसिसी प्रिमियर कप विजेता नेपाली राष्ट्रिय क्रिकेट टोलीको सदस्यलाई जनही ६ लाख नगदसहित पुरस्कृत गर्ने निर्णय गरेको सुन्दा खुसी लाग्यो । यसले खेलाडीमा हौसला बढाउँछ । यसले उनीहरूलाई आफ्नो खेलप्रति थप जिम्मेवार बनाउन सक्छ । तर, यो नगद पुरस्कारसँगै सरकारले अब क्रिकेट विकासका लागि पूर्वाधार निर्माणमा ध्यान दिनुपर्छ र कम्तीमा आगामी बजेटमा एउटा अन्तर्राष्ट्रियस्तरको प्याराफिटसहितको गतिलो रंगशाला निर्माण योजना समावेश गरेर काम सुरु गरिहाल्नुपर्छ । यसतर्फ सरकारको अविलम्ब ध्यान जाओस् ।

● **युविका पौडेल**
सीतापाइला, काठमाडौं

लहरो तान्दा गर्जिएको पहरो

नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा उच्चपदस्थ राजनीतिज्ञ, तिनका आफन्त र कर्मचारी संलग्न देखिएका छन् । सामान्य लहरो ठानेर तान्दा पहरो गर्जिरहेको छ, यतिबेला नेपालमा । हाम्रा नेता र कर्मचारीले विश्व समुदायसामु नेपालको शिर झुकाउने काम गरेका छन् । नेता नै भ्रष्टाचारमा लिप्त भएपछि सुशासन कसरी आउँछ ? जनताले तिरेको करबाट तलबभत्ता खाने कर्मचारी र नेता नै भ्रष्ट भएपछि जनताले विश्वास कसको गर्ने ?

प्रहरीको अनुसन्धान टोलीले अमेरिका लान्छु भन्ने गिरोहका 'हाई प्रोफाइल' आरोपीलाई भटाभट समातिरहेको छ । अझ कति त पर्दापछाडि नै होलान्, तिनको पनि छानबिन होस् । पैसा आउँछ भनेपछि जस्तोसुकै गलत काम गर्न पनि पछि नपर्ने यहाँका नेता र कर्मचारीलाई कडा कारबाही गरीयोस् । यो वा त्यो पार्टी होइन, राष्ट्रघात गर्ने जोकोहीलाई हदैसम्मको कारबाही हुनुपर्छ । देशको अवस्था नाजुक छ भन्ने जान्दाजान्दै पनि नेतादेखि कर्मचारीसम्म सबै मिलेर जनता लुट्छन् भने देशमा सुशासनको आशा कसरी गर्नु ?

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनेर १० देखि १५ लाखसम्म रकम असुलेको समाचार देख्दा अचम्म लाग्यो । आठ सय ७५ नेपालीबाट १० देखि १५ लाख लिँदा कति रकम उठाए होला ? यस्ता विकृतिलाई राजनीतिले संरक्षण गरुन्जेल देश उँभो लाग्न सक्दैन । हाम्रो देशमा ब्युरोक्र्याट्स भ्रष्टाचारमा लिप्त छ भन्ने जान्दाजान्दै पनि दलका नेताहरूले तिनै कर्मचारीसँग मिलेर थप भ्रष्टाचार गरी भ्रष्टाचारीलाई संरक्षण गर्दै आएका छन् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

बौद्ध धर्म र यसका माध्यम भाषा

बुद्धले कुनै एउटा भाषालाई निर्दिष्ट गरेका छैनन् । बुद्ध र उनका अनुयायीको सरोकार भाषा होइन, धर्म हो ।



● वसन्त महर्जन

भाषा सञ्चारको एउटा सशक्त माध्यम हो । तर, सञ्चारका लागि यही मात्र एउटा माध्यम भने होइन । भाषाबाहेक अन्य माध्यमबाट पनि विचार तथा भावनाको आदान-प्रदान हुन्छ । वर्तमान विश्वमा हजारौँ भाषा बोलिन्छन् भने निकट भविष्यमा कतिपय भाषा लुप्त हुने आकलन विज्ञहरूको छ । यसरी नै कुनै वेला बोलिने कतिपय भाषा अहिले लुप्त भइसकेका छन् वा लोपोन्मुख छन् । केही सय वर्षअघि मात्रै विकास भएर अहिले छुट्टै पहिचान कायम गरी प्रचलनमा रहेका भाषा पनि छन् ।

भाषा विषयमै एउटा ठूलो भ्रम पाइन्छ । कतिपयलाई लाग्छ, हिन्दू धर्म-दर्शन भनेको संस्कृत भाषा हो अर्थात् संस्कृत भाषा जान्यो भने हिन्दू धर्म-दर्शन जानिन्छ । अझ संस्कृत भाषा नजान्नेलाई हिन्दू धर्म-दर्शनको अनभिज्ञ वा अल्पज्ञानी मानिन्छ । तर, वास्तविकता के हो भने हिन्दूधर्म-दर्शनसम्बन्धी ग्रन्थहरू संस्कृत भाषामा छन्, संस्कृत भाषा जानेर मात्रै हुँदैन, जानेको त्यो भाषाबाट ती ग्रन्थ पढुनु पनि पऱ्यो, बुझ्नु पनि पऱ्यो र बोध पनि हुनुपऱ्यो । लेखपढ गर्ने नसक्नेले पनि हिन्दू धर्मको राम्रो व्याख्या गरेका वा बुझाउन सकेका दृष्टान्त पनि छन् । यसैलाई बौद्ध धर्मको सन्दर्भमा पनि जोडेर हेर्न सकिन्छ । हिन्दू धर्म-दर्शन र संस्कृत भाषालाई अन्योन्याश्रित गरेर बुझेजस्तै कतिपयले बौद्ध धर्म-दर्शन र पालि भाषालाई अन्योन्याश्रित गरेर बुझ्ने गरेको पनि पाइन्छ । पालि एउटा भाषा हो । गौतम बुद्धको समयमा यस भाषालाई पालि नै नाम दिएको त पाइँदैन तर यो त्यतिबेला समाजमा प्रचलित भनेर बुझ्न सकिन्छ । बुद्धले पालि भाषामा उपदेश गरेका छन् । संकलित बुद्धका उपदेशको अध्ययनबाट के स्पष्ट भएको छ भने पालि भाषामा पनि स्थानभेद रहेछ । यति मात्र नभई स्वयं बुद्धले जुन ठाउँमा जुन भाषा बोलिन्छ, त्यहाँ त्यही भाषामा उपदेश गर्नु भनेर भिक्षुलाई आज्ञा गरेका छन् । अर्थात्, यही एउटा मात्र भाषा हुनुपर्छ, यस्तै हुनुपर्छ भनेर कुनै मापदण्ड बनाएको पाइँदैन । महापरिनिर्वाणपछि बुद्धका सबै उपदेश संग्रह गर्दा आजभोलि पालि भनिएको भाषामा गरियो र त्यो हालसम्म पनि सुरक्षित छ । यसको अर्थ पालि भाषा जानेपछि बौद्ध धर्मदर्शन जानिन्छ भन्ने होइन । हिन्दू धर्म-दर्शन र संस्कृत भाषाको सन्दर्भमा सुरुमा चर्चा गरिएजस्तै पालि भाषा मात्रै जानेर बौद्ध धर्मदर्शन जानेको हुँदैन । यो भाषाबाट पनि बौद्ध धर्म-दर्शनका ग्रन्थहरू पढ्न सकिन्छ, बुझ्न सकिन्छ र बोध गर्न सकिन्छ । अर्थात् यो भाषाको धुरन्धर पण्डित नै भए पनि बौद्ध धर्म-दर्शन नबुझ्न पनि सक्छ । किनभने धर्म भन्नु र भाषा भन्नु उही होइन ।

बौद्ध धर्म-दर्शनको विकासका लागि पालि, संस्कृत, तिब्बती र चिनियाँ भाषाको अध्ययन गर्नु आवश्यक हुन्छ भनिए पनि यो अर्धसत्य मात्र हो । बौद्ध धर्म-दर्शनसम्बन्धी विपुल ज्ञानराशी पालि भाषामा भएको यथार्थ नकार्न सकिन्न । बुद्धकै उपदेश भनिएको तर पालि वाङ्मयमा नभएका उपदेश संस्कृत भाषामा उपलब्ध छन् । संस्कृत भाषामा पनि बौद्ध वाङ्मयको भण्डार रहेको भुल्न सकिन्न । पालि भाषामा प्रायः श्रावकयानी (विशेष गरी थेरवादी)का उपदेश छन् भने संस्कृत भाषामा महायानी बौद्ध सम्प्रदायको ज्ञान पाइन्छ । अझ भनौं, श्रावकयानभित्रकै सर्वास्तिवादीहरूको साहित्य पनि संस्कृतमै छन् ।

सुरुमा बौद्ध धर्म-दर्शनका ग्रन्थहरू पालि भाषामा भए पनि पछि संस्कृत भाषामा उपलब्ध भयो । र, पालि र संस्कृतमा भएका ग्रन्थहरू पछि चिनियाँ र तिब्बती भाषामा व्यापक रूपमा अनुवाद गरिए । अनुवादका क्रममा बुद्धका उपदेश मात्रै नभएर ती उपदेशका आधारमा पछि विभिन्न आचार्यले गरेका अट्ठकथा वा टिप्पणी तथा व्याख्या पनि चिनियाँ र तिब्बती भाषामा पुगे । चिनियाँ र तिब्बती भाषामा अनुवादका अलावा



मौलिक लेखन पनि भयो । भारतीय भूक्षेत्रमा रचना गरिएका संस्कृत भाषाका ग्रन्थहरू कालकवलित भए पनि चिनियाँ र तिब्बती भाषामा अनुवाद भएर सुरक्षित रहेका पाइन्छन् ।

बौद्ध धर्म-दर्शनसम्बद्ध ग्रन्थका अनुवादक मनिषीहरूले मौलिक ग्रन्थको मौलिकता यथावत् राखी आआफ्नो भाषामा अनुवाद गर्ने एउटा राम्रो र दूरदर्शी उपाय अवलम्बन गरेका रहेछन् । साथै, निश्चित शब्दका लागि निश्चित शब्दबाट मात्रै अनुवाद गर्ने भनी मानक नै तयार पारेका रहेछन् । यसको राम्रो नतिजा, आजभोलि चिनियाँ वा तिब्बती भाषाबाट पुनः संस्कृतमा अनुवाद गरेर फर्काउने अवसर पाइएको छ । साथै यिनै चार भाषामा रहेका बौद्ध धर्म-दर्शनका ग्रन्थहरू विश्वका विभिन्न भाषामा अनुवाद भइरहेका छन् ।

बौद्ध धर्म-दर्शनका लागि पालि, संस्कृत, चिनियाँ र तिब्बती भाषाको महत्त्व नभएको होइन । यी भाषाबाट अनुवाद गर्नुपर्ने काम पनि थुप्रै बाँकी छन् । प्राज्ञिक अध्ययनका लागि पनि यो राम्रो क्षेत्र हो । यसबाट तत्कालीन इतिहास र समाज विज्ञान पनि खोतल्न सकिन्छ । तर, सबैको सरोकार यो हुनैपर्छ भन्ने छैन । सबैको लक्ष्य अनुवादक हुने हुँदैन । शंका लागेर स्रोतसँग भिडाएर अध्ययन गरिराख्ने धैर्य पनि सबैसँग हुँदैन । आआफ्नो पहुँचमा रहेका भाषामा उपलब्ध ग्रन्थ पढेरै पनि आधारभूत ज्ञान प्राप्त गर्न सकिन्छ । अझ प्रकाशित ग्रन्थ नै धर्म होइनन्, बरु यी जानकारी मात्र हुन् । राम्रो जानकारी भएपछि अभ्यास गर्ने हो र अभ्यासपछि ज्ञान पाउने हो । यसलाई परियत्ति (धर्मबारे शिक्षा वा जानकारी हासिल गर्ने), प्रतिपत्ति (प्राप्त शिक्षालाई व्यवहारमा उतार्ने वा साधना गर्ने) र प्रतिवेद (प्रज्ञा हासिल गर्ने) भनिन्छ ।

बौद्ध धर्म-दर्शनको आफ्नो छुट्टै भाषा छैन, जहाँ जुन भाषाको आवश्यकता पऱ्यो, त्यहाँ त्यही भाषामा यसलाई उपलब्ध गराउनुपर्छ । कुनै एक भाषा विशेष जान्दैमा बौद्ध धर्म-दर्शन जान्ने वा नजान्ने हुँदैन । बरु अनुवाद ठिक ढङ्गले भयो वा भएन भन्ने महत्त्वपूर्ण हुन्छ । यही भएर आजभोलि विश्वका प्रमुख भाषामा बौद्ध धर्म दर्शनका ग्रन्थको व्यापक अनुवाद तथा लेखन भइरहेको छ । जिज्ञासुले आफ्नो सुविधाअनुसार भाषा छनोट गर्न सक्छ । बुद्धले कुनै एउटा भाषालाई निर्दिष्ट गरेका छैनन्, अर्थात् गौतम बुद्ध र उनका अनुयायीको सरोकार भाषा होइन, धर्म हो ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सभामुखलाई नियन्त्रणमा राख्ने संकीर्णताले पनि काम गरेजस्तो लाग्छ

प्रतिनिधिसभाको पहिलो अधिवेशन एउटा पनि कानुन नबनाई अन्त्य भयो । विधेयक अधिवेशनको रूपमा रहँदै आएको हिउँदे अधिवेशन विधायिकी कार्यभन्दा राजनीतिक औपचारिकतामा केन्द्रित भयो । प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, सभामुख-उपसभामुख चयन, राष्ट्रपति-उपराष्ट्रपति निर्वाचन र नयाँ नियमावली निर्माण गरेको प्रतिनिधिसभाले अन्तिममा विषयगत समिति गठन गरेको छ । राजनीतिक उतारचढावमै अलमलिएको सदनको नेतृत्व **सभामुख देवराज घिमिरे**ले गरिरहेका छन् । झापा २ बाट पहिलोपटक प्रतिनिधिसभा सदस्य निर्वाचित घिमिरे ५ माघमा सभामुख भए । तीन महिनाभन्दा बढी समय हिउँदे अधिवेशन चलाउँदा उनले कानुन निर्माणमा सभालाई केन्द्रित गर्न सकेनन् । दलहरूबीच उनको समन्वयकारी भूमिका पनि परिणाममुखी हुन सकेन । समग्रमा सदन प्रभावकारी हुन सकेन । संसद्को प्रभावकारिता, दलीय उतारचढाव र सभा सञ्चालनको अनुभवलगायत विषयमा सभामुख घिमिरेसँग नयाँ पत्रिकाका **कमलराज भट्टले** गरेको कुराकानी :



अन्तर्वार्ता

देवराज घिमिरे, सभामुख

तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

> राजनीतिक परिस्थिति निर्वाचनकेन्द्रित हुँदा संसद् प्रभावकारी बन्न सकेन । सरकार निर्माण तथा परिवर्तन, राष्ट्रपति र उपराष्ट्रपति चुनाव, राष्ट्रिय सभा उपाध्यक्ष चुनावमा सम्पूर्ण राजनीतिक शक्तिको ध्यान गयो । यी कुरा हाबी हुँदा संसद्को भूमिका तुलनात्मक रूपमा गौण हुन पुग्यो ।

प्रतिनिधिसभाको पहिलो अधिवेशन एउटा पनि कानुन नबनाई अन्त्य भयो । विधायिकी कार्यमा सभा किन असफल भयो ?

तुलनात्मक ढंगले हेर्दा मैले असफल भएको ठानेको छैन । ०७४ सालमा संसद् बनेपछिको अधिवेशनले खासै काम गरेको थिएन । अझ समिति घोषणाको विषय त अर्को अधिवेशनको अन्तिमसम्म पुगेको थियो । अहिले निर्वाचित भएर आउँदा नै विषयगत समितिहरू घोषणासम्म भए पनि गरेको छ । समितिहरूले काम गर्ने बाटो खुलेको छ । अर्को, सभा सञ्चालनसम्बन्धी नयाँ नियमावली बनाएको छ । यसले अलिक समय खायो । समिति गठन, नियमावली निर्माणलगायतलाई तुलनात्मक ढंगले हेर्दा पहिलो अधिवेशन खासै उपलब्धिमूलक भएन भन्ने मलाई लागेको छैन ।

विधेयक अधिवेशनको रूपमा रहेको हिउँदे अधिवेशनमा पर्याप्त समय थियो । तर, एउटा पनि विधेयक पारित हुन नसक्ने अवस्था किन बन्यो ?

यसमा राजनीतिक परिस्थिति नै मुख्य जिम्मेवार छ । जसरी अहिले पार्टीका उम्मेदवारहरूले जितेर माननीय बनेर आउनुभएको छ, त्यो नै एउटा जटिलता हो । यो भनेको एउटा पार्टीको सरकार बन्ने स्थिति रहेन । ठूला पार्टीबाटै बन्ने स्थिति पनि रहेन, बनेन । परिस्थिति यस्तो बन्यो कि धेरैवटा दल मिलेर सरकार बनाउनुपऱ्यो । लामो समय सरकार बनाउनमै लाग्यो । पार्टीका नेता, सांसदहरू सबै त्यसमा लाग्नुभयो । सरकार नभईकन संसद् प्रभावकारी हुँदैन, यसले एउटा समय खायो । जतिबेला सरकार बनाइयो, त्यसलाई परिवर्तन गर्न अर्को शक्ति लाग्यो । बनेको सरकार टिक्नेभन्दा पनि नेतृत्व परिवर्तनको कसरत भयो । त्यसले गर्दा विधेयक अधिवेशनमा बढीभन्दा बढी कानुन कसरी बनाउनेभन्दा पनि सरकार कसरी बनाउने र टिकाउने भन्नेमै हाम्रा सुरुवाती दिन बिते । यसपालि राष्ट्रपति र उपराष्ट्रपति चुनाव पनि सुरुवातमै पऱ्यो । त्यो पनि प्रत्यक्ष सरकारसँग गाँसिन पुग्यो । त्यसकै परिणामस्वरूप सरकारको समीकरणसमेत परिवर्तन भयो । पहिलो अधिवेशनमा सभामुख र उपसभामुख चयन गर्दा पनि असर पऱ्यो । राष्ट्रिय सभा उपाध्यक्ष चुनाव पनि अहिले नै पऱ्यो । राजनीतिक परिस्थिति निर्वाचनकेन्द्रित हुँदा संसद् प्रभावकारी बन्न सकेन । सरकार निर्माण तथा परिवर्तन, राष्ट्रपति र उपराष्ट्रपति चुनाव, राष्ट्रिय सभा उपाध्यक्ष चुनावमा सम्पूर्ण राजनीतिक शक्तिको ध्यान गयो । यी कुरा हाबी हुँदा संसद्को भूमिका तुलनात्मक रूपमा गौण हुन पुग्यो । यति हुँदाहुँदै पनि मलाई सभामुखको नाताले के लाग्छ भने मेरो चिन्ता, दृष्टिकोण, प्रयत्न, व्यवहार यो वा त्यो सरकार बन्ने वा गिर्नेतिर वा यो वा त्यो राष्ट्रपति बनाउनुपर्छ वा पर्दैन भन्नेतर्फ होइन कि सभालाई कसरी प्रभावकारी बनाउन सकिन्छ, नियमावली कसरी बनाइसक्ने, नियमावलीका आधारमा कसरी छिटो कार्यसम्पादन गरेर ऐनहरू पास गर्ने भन्ने नै रहयो । विधेयकमा केन्द्रित हुने, समिति बनाउने कुरामा मैले सत्ता प्रतिपक्षीलगायत दलसँग व्यक्तिगत र सामूहिक रूपमा अनेक ढंगबाट प्रयत्न गरिरहेँ । सामान्यतया प्रणालीमा हिवपबाट यी काम हुन्छन् । त्यहाँबाट मात्रै काम अगाडि नबढिसकेपछि शीर्षस्थ नेताहरूलाई अलग-अलग भेट्ने र प्रमुख प्रतिपक्षीलाई भेटेर त्यहाँका कुरा सत्तापक्षकहाँ पुऱ्याउने काम गरेँ । विगतका अनुभवलाई लिएर मुद्दामा झगडा गरी संसद् प्रभावहीन बनाउने, नाराबाजी गर्ने, चल्न नदिने स्थिति नआओस् भनेर प्रयत्न गरेँ । यस्ता कुरालाई मिलाइएन र विगतमा जे कमजोरी भएको छ, त्यसलाई हामीले पनि दोहोऱ्याएँ भने जनताको राष्ट्रिय आकांक्षाविपरीत हुन्छ । जनतामा ठूलो विद्रोह हुन्छ भन्नेमा नेताहरू सचेत हुँदा विभिन्न परिस्थितिमा नेताहरू एकठाउँमा आउने स्थिति बन्यो । वार्ता भए, प्रयत्न भए । तीनपल्ट म आफैँ लागेर शीर्ष तहमा कुराकानी गरेँ, त्यसपछि उहाँहरूले आफैँ वान टु वान पनि वार्ता गर्नुभयो र परिणाम यहाँसम्म आयो । यस मानेमा मलाई के लाग्छ भने अहिलेको अधिवेशन एउटा विशिष्ट परिस्थितिमा थियो, जसले सरकार निर्माण तथा फेर्ने र राजनीतिक प्रक्रियामा बित्दा पनि एक हदसम्म कामहरू गरेको छ । प्रशस्त गरियो भन्ने होइन, तर परिस्थितिको सापेक्षतामा काम भए । संसद्को भूमिकामा निराशा र नकारात्मक टिप्पणी गरेर हिँड्ने परिस्थिति यो होइन ।

> समिति गठन, नियमावली निर्माणलगायतलाई तुलनात्मक ढंगले हेर्दा पहिलो अधिवेशन खासै उपलब्धिमूलक भएन भन्ने लाग्दैन

तपाईं पहिलोपटक प्रतिनिधिसभा सदस्य निर्वाचित भएर सीधै सभाको नेतृत्वमा पुगनुभयो, पहिलो अधिवेशनको अनुभव कस्तो रह्यो ?

पञ्चायतकालको बर्बर परिस्थितिदेखि म नेपालको राजनीतिमा सक्रिय छु । बहुदलपछि राष्ट्रिय सभा सदस्य भएर संसदीय राजनीतिको अनुभव लिएँ, त्यतिबेला अन्तरव्यवस्थापिकाको मोरक्को सम्मेलनमा पनि सहभागी भएको थिएँ । त्यसैले मलाई केही लागेको छैन । दमननाथ ढुंगानाको सदन चलाउने शैली, घटना प्रक्रियाबारे एक हदसम्म जानकार छु । पूर्वसभामुख तारानाथ रानाभाटसँग पूर्वसांसद मञ्चमा दुई कार्यकाल काम गर्दा संसद् तथा संसदीय प्रणालीका विविध विषयमा भएको सहकार्यका कारण पनि म थोरबहुत जानकारी राख्छु भन्ने नै लाग्छ । इलाम निवासी संविधानसभा अध्यक्ष सुवास नेम्बाङका गतिविधिबारे त नजिकबाट जानकार छु । त्यसकारण सरदरमा मलाई नयाँ भन्ने लाग्दैन । संसद्कै एउटा नेतृत्वदायी भूमिकामा रहँदा मैले धेरै गर्नुपर्थ्यो, मैले गर्न सकिन जस्तो पनि लाग्दैन । मैले एकदम धेरै गरेँ भन्ने पनि लाग्दैन, सरदर रह्यो । संसद्प्रति अपेक्षा र जिम्मेवारी बढी छ । तर, सरकार जवाफदेही भएन । हुन त सरकार अस्थिरताबाट गुज्रिरहेको छ र अहिले पनि प्रश्न कायमै छ । फेरि कुन दिन विश्वासको मत लिनुपर्ने दिन आउँछ कि भन्ने शंकाको परिस्थिति छ । सरकार, मन्त्री, सांसदहरूले जसरी विश्वासका साथ काम गर्नुपर्थ्यो, त्यो भएन ।

आफूहरूका कुराप्रति सरकार र मन्त्रीहरू जवाफदेही नभएको भनेर सांसदहरूमा निराशा छ । सभामुखको हैसियतमा मैले गर्ने काममा कोसिस गरिरहेको छु, सरकारलाई निर्देशन गरिरहेको छु । रुलिङ गरिसकेपछि सरकारले एक हदसम्म सम्बोधन पनि गरेको छ । तर, नियमावलीअनुसार प्रधानमन्त्रीले महिनाको एकपल्ट आएर जवाफ दिने, सात दिनभित्र सम्बन्धित मन्त्रीले जवाफ दिने विषय लामो राजनीतिक परिस्थितिले निरन्तर चलेन र नियमित जवाफदेही ढंगबाट चलाउन पनि सकिएन । हामी गम्भीर हुँदाहुँदै पनि व्यवस्थापिका र कार्यपालिकाको बीचमा सहकार्य जसरी प्रभावकारी ढंगबाट जानुपर्थ्यो, त्यसमा कमी रहेको छ । मेरो कारण, अक्षमता, अयोग्यताले यो भएको होइन, साथै जे उपलब्धि भएको त्यो मेरो कारणले भएको पनि लाग्दैन । यो परिस्थितिको उपज हो । यो परिस्थितिलाई कसरी बढी प्रभावकारी बनाउने भनेर म गम्भीर छु ।

सभामुखबाट तटस्थताको भूमिका अपेक्षा गरिन्छ । संविधानसभा अध्यक्षदेखि पछिल्लो सभामुखसम्म हेर्दा तटस्थ हुन नसकेको गुनासो रहिरह्यो । यहाँकै हकमा पनि पछिल्लो समय अविश्वासको वातावरण बन्यो, अधिकार कटौतीको विषय पनि सतहमा आयो, आगामी दिनमा आफ्नो भूमिकालाई कसरी प्रभावकारी बनाउनुहुन्छ ?

मेरो आधारभूत मान्यता के हो भने म एउटा पार्टीको जिम्मेवार कार्यकर्ता हुँ । म एमालेको ०३९ सालदेखि केन्द्रीय समिति सदस्य हुँ । सभामुखमा आउँदा म स्थायी कमिटी सदस्य र कोसी प्रदेशको इन्चार्ज थिएँ । संगठन विभागको सदस्य र थ्रुप्रै विभागीय कार्यदलमा पनि महत्त्वपूर्ण जिम्मेवारीमा थिएँ । यस मानेमा एमालेकै नेता र कार्यकर्ता हुँ । तर, त्यतिबेला पार्टीले त्यही जिम्मेवारी दिएकाले त्यही भूमिका निर्वाह गरेँ । मलाई सांसदको टिकट दिँदाखेरी एमालेले पार्टीकै घोषणापत्र, पार्टीकै कार्यक्रम, पार्टीकै कार्यकर्ता र पार्टीकै संगठनको बलमा जनताको बीचमा गएर झापा २ बाट सांसद भएको हो । यहाँ आएपछि मेरो पार्टी एमालेले अब सभामुख भएर काम गर्नुपर्छ, सभामुखको हैसियतबाट राम्रो ढंगबाट सभा सञ्चालनको काम गर्नुपर्छ भनेर पठाइसकेपछि मेरो आदर्श, मान्यता, सिद्धान्त, कर्तव्य सम्पूर्ण रूपमा संसद्लाई कसरी प्रभावकारी पार्न सकिन्छ भन्ने नै हो । यसमा निष्पक्षता अपनाउनु नै पार्टीले दिएको जिम्मेवारी हो । तर, यो बुझाइ आम रूपमा यो पार्टीबाट गएको, हिजो अमूक अमूकले पनि पार्टीकै हित र निर्देशनमा काम गरे, यसले पनि गर्ने त्यही हो भन्ने आँखाले हेर्ने काम भयो । त्यसैले मैले निष्पक्षता अपनाएकोमा पनि अविश्वासको नजरले हेरियो । अर्को मैले यहाँ गरेका गतिविधि प्रामाणिक रूपबाट पक्षधरता अपनायो, पक्षसाथ काम गऱ्यो भन्ने केही पनि छैन । तर, मिथ्या प्रचार हुनु, वास्तविकता एकखालको हुनु, प्रचारले अर्को रूप लिनु एउटा सोचाइ थियो होला । म दाबाका साथ भन्छु, मैले त्यस्तो पक्षधरता केही पनि लिएको छैन । जहाँसम्म नियमावलीमा अधिकार कटौतीको कुरा छ, नियमावली बनाउँदा दुइटा कारणले हिजोभन्दा अलि ठूलो परिवर्तन गरिएको मैले ठानेको छु । एउटा कारण भनेको, जुन राजनीतिक परिप्रेक्ष्यमा म सभामुख निर्वाचित भएँ, अहिलेको परिप्रेक्ष्य त्योभन्दा फरक छ । बदलिएको राजनीतिक परिप्रेक्ष्यमा सभामुखलाई कसरी नियन्त्रणमा राख्ने, आफ्नो ट्र्याकमा हिँडाउने भन्ने संकीर्णताले पनि काम गरेको जस्तो लाग्छ । दोस्रो कारण, विगतका कतिपय सभामुखले कामहरू गर्दा सभामुखको पदलाई साँघुरो दायराबाट उपयोग गरेको परिणामले पनि दलहरूलाई संकीर्ण ठाउँमा पुऱ्याएको छ । देश, राजनीति र पार्टीहरूले त्यसबाट कतिपय नकारात्मक शिक्षा प्राप्त गरेको पनि विगत छ । यो दुइटा परिस्थितिले गर्दा नियमावलीमार्फत नियन्त्रणको प्रयास गरिएको छ । यसमा अविश्वास र शंकाको आँखाले हेर्ने काम भयो । तर, म सदैव सबैलाई समेटेर जाने प्रयत्नमै रहेँ ।

पहिलो अधिवेशनमा सदनले सरकारलाई जवाफदेही बनाउन नसकेको, सभामुखको नेतृत्वदायी भूमिका नभएको र सभा परम्परागत र कर्मकाण्डी रूपमा चलेको जनगुनासो छ, तपाईको स्वमूल्यांकनमा के छ ?

यथार्थ यस्तै हो । तर, यो कमजोरी कसको ? को हुँदा प्रभावकारी हुन्थ्यो ? के कारणले प्रभावकारी हुन सकेन ? प्रधानमन्त्रीले आउने, जवाफ दिने, बिजनेस दिने कुराहरू व्यक्ति विशेषको कुरा हो कि प्रणालीको हो ? त्यो प्रणालीलाई प्रभावकारी बनाउन नसकिएको सभामुखको भूमिकाको अभावले हो कि अरूको ? यी कुरा निष्पक्ष ढंगले हेरिनुपर्छ ।

अधिवेशनको अन्त्यमा संसदीय समितिहरू गठन भए पनि संयुक्त समिति किन बन्न सकेन, गठन भएका विषयगत समितिको कार्य प्रारम्भ कहिलेदेखि हुन्छ ?

केही विधेयकसँग गाँसेर पार्टीहरू संयुक्त समिति बनाउन तयार भएनन् । विधेयक आफ्नो ठाउँमा बढ्दै जान्छ, समिति बनाइदिएपछि समितिले काम गरेर जान्छ भन्ने मेरो जोड थियो । तर, संवैधानिक परिषद् विधेयक पास गर्ने वा नगर्ने भन्ने कुरासँग गएर दलहरू संयुक्त समिति बनाउने ठाउँमा पुगेनन् । लामो समय त संसदीय सुनुवाइ समितिमा संख्यालाई लिएर नै डेडलक रह्यो । बसेर धेरै प्रयत्न गरिसकेपछि त्यो खुल्यो, एउटा समझदारी बन्यो । तर, पहिला विधेयक कि पहिला समिति, विधेयक नै छैन भने समिति किन बनाउनुपऱ्यो भन्ने हिसाबले विषय अघि बढ्यो । दलहरूले अडान राखेपछि मैले बनाउने कुरा पनि आएन । बनिसकेको ठाउँमा पनि बनाउन नसक्नुमा दलहरूको समझदारी, दायित्व, जिम्मेवारीमा आवश्यक प्रयत्न हुन सकेन भन्ने मलाई लाग्छ ।

गठन भएका विषयगत समितिलाई तत्कालै कार्यान्वयनमा लाने मेरो चाहना छ । संसद् सचिवालयलाई यसको प्रक्रिया अघि बढाउन निर्देशन गरि पनि सकेको छु । तर, यहाँ एउटा जटिलता उत्पन्न भयो । प्रतिनिधिसभा र राष्ट्रिय सभाका दुवै सचिवको पदावधि शुक्रबारदेखि पूरा भएको छ । हाम्रो वैधानिक व्यवस्था सचिवले समिति बैठक व्यवस्थापन गर्ने भन्ने छ । सभापति छान्ने, बैठक तय गर्ने, ज्येष्ठलाई तोकिदिनेलगायत काम पनि सचिवमार्फत नै हुन्छ । सचिवको नियुक्ति सभामुखको सिफारिसमा राष्ट्रपतिले गर्ने हाम्रो व्यवस्था छ । सभामुखको तर्फबाट मैले (पूर्वनायव महान्यायाधिवक्ता पदम प्रसाद पाण्डे) सिफारिस गरिसकेको छु । राष्ट्रपतिबाट नियुक्त हुन बाँकी छ । यसकारण तत्काल प्रक्रियामा लान सकिएन । अर्को यो अधिवेशन लामो चल्यो, निर्वाचन क्षेत्र जान नपाउनुभएका माननीय सदस्यहरू अहिले आफ्ना क्षेत्रमा हुनुहुन्छ । समितिमा उपस्थित हुनुपर्ने संख्या पनि यहाँ नभएकाले समितिहरू प्रक्रियामा लान केही समय लाग्ला ।

१५ जेठमा बजेट ल्याउनुपर्ने दबाबबीच तुरुन्तै अर्को अधिवेशन बस्दै छ, आउँदो अधिवेशनलाई कसरी अगाडि बढाउनुहुन्छ ?

आगामी अधिवेशन प्रभावकारी बनाउने सवालमा म गम्भीर छु । देशका जिम्मेवार संस्थाहरू, खासगरी राजनीतिक दलहरू, सांसदहरू, संसद्ले निर्वाचित गरेको सरकार, मन्त्रीहरू यो प्रणालीलाई प्रभावकारी बनाउन कति जिम्मेवार बन्नुहुन्छ ? जवाफदेहिता कति हुन्छ ? यो महत्त्वपूर्ण विषय हो । यो प्रणाली जवाफदेही ढंगबाट चल्न सबै पक्ष गम्भीर बन्नुपर्छ । परिस्थितिको गम्भीरतालाई बुझ्नुपर्छ । पार्टीहरू जिम्मेवार हुनुपर्छ । आउँदो अधिवेशनमा सम्बन्धित सबै पक्षको भूमिका राम्रो हुने मेरो अपेक्षा छ । त्यसको मैले राम्रो गरी नेतृत्व गर्नेछु, राम्रो दिशामा लैजाने प्रयत्न रहनेछ ।

इतिहासमा आज

मे ५



सन् १९८० : बेलायती विशेष वायुसेवा (एसएएस)द्वारा लन्डनमा इरानी दूतावासको घेराबन्दी छैटौँ दिन समाप्त । ६ जना इरानी मूलका अरबी बन्दुकधारीले दूताबासभित्र २६ जनालाई बन्धक बनाएका थिए । तिनले ईरानको अरबी बहुल क्षेत्रको स्वतन्त्रता, त्यस माग गर्दा पक्राउ परेका कैदीलाई रिहाको माग राखेका थिए ।

सन् १९५५ : पश्चिम जर्मनीले दोस्रो विश्वयुद्धपछि पूर्ण सार्वभौमसत्ता प्राप्त गऱ्यो । संघीय गणतन्त्र जर्मनीको स्थापना सन् १९४९ मा भएको थियो । यसको अस्थायी राजधानी बोन थियो । सन् १९९० मा पूर्वी र पश्चिम जर्मनीको पुनर्मिलनपछि बर्लिनलाई देशको राजधानी घोषणा गरियो ।

सन् १९४९ : काउन्सिल अफ युरोप स्थापना । यो युरोपेली एकीकरणका लागि काम गर्ने पहिलो संगठन थियो । यसमा ४७ सदस्य देश छन् र युरोपेली संघ (इयू) बाट पूर्ण रूपमा अलग संस्था हो ।

सन् १८१४ : दुई निर्वासनमध्ये पहिलो निर्वासन बिताउन नेपोलियन बोनापार्ट इल्बा टापुमा अवतरण ।

सन् १९४५ : हल्यान्ड र डेनमार्क नाजी नियन्त्रणबाट मुक्त ।

विश्व राजनीतिमा शक्तिको धम्कीले कति काम गर्छ ?

● जोसेफ एस. नाय, जुनियर

हामी यस्तो संसारमा बाँचिरहेका छौँ, जहाँ भूराजनीतिक स्थिरता धेरै हदसम्म निरोध (डिटेरेन्स)मा निर्भर गर्छ । तर, निरोधले काम गर्छ भनेर कसरी प्रमाणित गर्ने ?

युरोपमा जारी युद्धलाई नै हेरौँ । सन् २०२१ को डिसेम्बरको सुरुताका अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमाथि आक्रमण गरे रुसले कडा नयाँ प्रतिबन्धको सामना गर्नुपर्ने चेतावनी दिएका थिए । तर, त्यसले काम गरेन । त्यसपछि, संयुक्त राज्य अमेरिका र उसका युरोपेली सहयोगीले युक्रेनलाई हतियार उपलब्ध गराएर रुसको योजनालाई विफल बनाउन खोज्दा पुटिनले आणविक हतियार प्रयोगको धम्की प्रयोग गरे । तर, युक्रेनलाई पश्चिमाहरूको हतियार सहयोग जारी रह्यो ।

युक्रेन युद्धले जोखिम न्यूनीकरण सुनिश्चितता होइन, केवल डिग्रीको कुरा हो भन्ने देखाउँछ । सम्भवतः पुटिनले कमजोर पश्चिमी गठबन्धनको मध्यनजर प्रतिबन्धहरू असफल हुने विश्वास गरेका थिए । तर पनि उनले अहिलेसम्म नेटो देशहरूमा आपूर्ति लाइन बन्द गर्न सकेका छैनन् । पुटिनको आणविक आक्रमणको धम्कीका बाबजुद पश्चिमा मुलुकले युक्रेनलाई हतियार उपलब्ध गराइरहेकै छन् । तथापि उनीहरू पनि युक्रनेलाई लामो दूरीका क्षेप्यास्त्र प्रणाली एवं आधुनिक युद्धक विमान उपलब्ध गराउन भने आनाकानी गरिरहेका छन् ।

निरोधले काम गर्न त्यसको विश्वसनीयता हुनुपर्छ । सानो हितको रक्षा गर्न अधिकतम प्रतिक्रियाको धम्कीले विश्वसनीयतालाई घटाउँछ । जब कुनै आणविक शक्तिले टाढाको देशको रक्षा गर्न आफ्नो सुरक्षा छाता फैलाउने वचन दिन्छ, तब यो विशेषगरी साँचो हुन्छ ।

शीतयुद्धको समयमा अमेरिकाले पश्चिम युरोप र सोभियत संघले पूर्वी युरोपमा आ-आफ्ना आणविक निरोध (डिटेरेन्स)लाई विश्वसनीय रूपमा विस्तार गरेका थिए । पश्चिम जर्मनीको रक्षाका खातिर अमेरिकाले न्युयोर्कलाई खतरामा पार्ला भन्नेमा केही विश्लेषकलाई शंका थियो, तर त्यहाँ अमेरिकी सैनिकको तैनाथीका कारण निरोधको उपायले काम गऱ्यो । हुन त तथाकथित बर्लिन ब्रिगेड सोभियत आक्रमणको प्रतिवाद गर्न सक्ने आकारको भन्दा धेरै सानो थियो र पनि यसले यो सहरमा आणविक हमला गरे अमेरिकी सेनाको हताहती हुनेछ भन्ने कुराको सुनिश्चितता गऱ्यो र रुसलाई हच्कायो । (आणविक एवं परम्परागत दुवैखाले अमेरिकी सेनाको युरोपमा रहेको उपस्थिति सन् १९५६ मा हंगेरी एवं सन् १९६८ मा चेकोस्लोभाकियामाथिको सोभियत संघको सैन्य हस्तक्षेप रोक्न सफल निरोध प्रमाणित भएन ।)



> शीतयुद्धको समयमा अमेरिकाले पश्चिम युरोप र सोभियत संघले पूर्वी युरोपमा आ-आफ्ना आणविक निरोध (डिटेरेन्स)लाई विश्वसनीय रूपमा विस्तार गरेका थिए ।

यो इतिहास कोरियाको वर्तमान परिस्थितिसँग मिल्दोजुल्दो र सान्दर्भिक छ । उत्तर कोरियासँग आणविक हतियार छ भने दक्षिण कोरिया अप्रसार सन्धिमा बाँधिएको छ । हालै गरिएको एक सर्वेक्षणअनुसार दक्षिण कोरियाका ७० प्रतिशतभन्दा बढी नागरिक देशले आफ्नै आणविक शस्त्रागार विकास गर्नुपर्ने पक्षमा छन् । तर, गत अप्रिलमा दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलले बाइडनेलाई भेट्दा अमेरिकाले कोरियाली प्रायद्वीपनजिकै आणविक हतियारले लेस पनडुब्बी तैनाथ गर्न र शीतयुद्धको समयमा नेटो सदस्य राष्ट्रहरूमा जस्तै दक्षिण कोरियासँगको संलग्नतालाई गहन बनाउन सहमति गरे ।

बर्लिनमा जस्तै दक्षिण कोरियामा अमेरिकाले विस्तार गरेको निरोधको विश्वसनीयतालाई यहाँको २८ हजार ५०० अमेरिकी सेनाको उपस्थितिले सुदृढ बनाएको छ । अमेरिकी सेनामाथि आक्रमण नगरी उत्तर कोरियाले दक्षिण कोरियामाथि आक्रमण गर्न नसक्ने भएकाले यी दुई देश परिस्थितिका मित्र हुन पुगेका छन् । जापानका आधार शिविरहरूले पनि यस्तै डिटेरेन्सको सुनिश्चितता गरेको छ । यसर्थ, अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले जापान र दक्षिण कोरियाजस्ता स्थानबाट सेना फिर्ता गर्न बारम्बार जोड लगाउनु एकदमै हानिकारक थियो ।

चीनले आफ्नो भूमि मान्ने ताइवानको मामलाले पनि बदलिँदो परिस्थितिले प्रयास र साँचो प्रतिरोधका रणनीतिको कसरी परीक्षण गर्न सक्छ भन्ने देखाउँछ । सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन र अध्यक्ष माओले अमेरिका र चीनबीच सम्बन्ध पुनर्स्थापनाका लागि भेट गर्दा ताइवानको हैसियतबारे कुरै गरेनन् । अन्ततः दुवै पक्षले यो मामिलालाई स्थगन गर्ने एक सूत्रको डिजाइन गरे- संयुक्त राज्य अमेरिकाले 'एक चीन' अर्थात् जनगणतन्त्रलाई मान्यता दिने अनि ताइवान जलडमरुका दुवैतर्फका मानिस चिनियाँ भएको स्वीकार गर्ने । अमेरिकाले ताइवान रिलेसन एक्टअनुसार ताइवानलाई हतियार उपलब्ध गराए पनि उसलाई एक सार्वभौम मुलुकका रूपमा मान्यता भने दिएको छैन ।

धेरै वर्षसम्म अमेरिकाले ताइवानको रक्षा गर्छ कि गर्दैन भन्नेबारे बोल्न अस्वीकार गरिरह्यो । क्लिन्टन कार्यकालमा पेन्टागनको अधिकारीका हैसियतमा बेइजिङको भ्रमण गर्दा मलाई ताइवानलाई लिएर दुई मुलुक युद्धमा जालान् कि नजालान् भनेर सोधेका थिए । मैले प्रश्नकर्तालाई अमेरिकी विदेशमन्त्री डिन एचेसनले जनवरी १२, १९५० को सम्बोधनमा दक्षिण कोरियालाई अमेरिकाको रक्षा परिधिमा समावेश नगरे पनि अमेरिका त्यसको केवल ६ महिनापछि नै कोरियाली युद्धमा प्रवेश गरेको थियो भनेर संकेत गरेको थिएँ । त्यहाँ मैले डिटेरेन्स सिद्धान्तका प्रतिपादक थोमस सेलिङको शब्द सापटी लिएर चिनियाँहरूलाई अमेरिकाको परीक्षण नगर्न चेतावनी दिएँ ।

यसलाई कतिपयले 'रणनीतिक अस्पष्टता'को नीति भन्छन् तर त्यसलाई 'डबल डिटेरेन्स'को रूपमा व्याख्या गर्नु अझ राम्रो हुन्छ । यो रणनीति चीनलाई ताइवानविरुद्ध बल प्रयोग गर्नबाट रोक्नका लागि मात्र होइन, ताइवानलाई स्वतन्त्रताको घोषणा गर्नबाट रोक्नका लागि पनि डिजाइन गरिएको हो । इतिहासले हामीलाई निरोधको सफलताको मूल्यांकन कठिन कार्य भएको सम्झाउँछ । इच्छित परिणाम हासिल गर्ने सवालमा विश्वसनीयताजस्ता केही पक्ष महत्त्वपूर्ण हुन्छन् । तर डिटेरेन्सका द्विविधा बढ्दै जाँदा, यसका सीमाको अध्ययन यसले कसरी काम गर्न सक्छ भन्ने पत्ता लगाउन उत्तिकै महत्त्वपूर्ण हुनेछ ।

(अमेरिकाका पूर्वसहायक रक्षामन्त्री जोसेफ हार्वर्ड विश्वविद्यालयका प्राध्यापक हुन् ।)

प्रोजेक्ट सिन्डिकेट

पर्यटन प्रवर्द्धनमा नीतिगत पहलकदमी

हाम्रो पर्यटन व्यवसाय प्रविधिसहित अघि बढेको छ, सरकारले नीतिगत अप्ठ्यारा हटाएर देशमा लगानी भित्र्याई रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्नुपर्छ



अर्थ संवाद

● हिक्मतसिंह ऐर
वरिष्ठ निर्देशक, नेपाल पर्यटन बोर्ड

सन् २०२३ को पछिल्लो चार महिनामा तीन लाख २६ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल आएको तथ्यांकले पर्यटन क्षेत्रमा आशा जगाएको छ। सन् २०१९को तुलनामा पर्यटन आगमनमा ९०.२८% प्रतिशत रिभाइभ भएको यो तथ्याङ्कले उत्साह जगाएको छ। काठमाडौं, पोखरा, चितवन, मनाङ, मुस्ताङ, अन्नपूर्ण पदमार्ग र सगरमाथालगायतका गन्तव्यमा पर्यटकीय गतिविधि पनि बढेको पाइन्छ। यस्तै, नयाँ वर्षको अवसरमा देशका विभिन्न सहरमा आन्तरिक पर्यटक ओइरिए। यद्यपि, आन्तरिक पर्यटकको तथ्यांक राख्ने व्यवस्था नभएकाले नेपाल होटेल संघले प्रेस विज्ञप्तिमार्फत गन्तव्यमा पर्यटकको संख्याबारे केही जानकारी दिने गरेको पाइन्छ।

बाहिरी पर्यटक आउँदा आन्तरिक पर्यटकको गतिविधि र तिनको संख्या बढ्नु वा घट्नुमा पर्यटन व्यवसायीलाई विगतमा खासै चासो हुँदैनथ्यो। उनीहरूको जोड विदेशी पर्यटकप्रति नै थियो। तर, पछिल्लो कोभिड-१९ को पाठले विश्वभरमै आन्तरिक पर्यटनको महत्त्व र यसले चलायमान बनाउने देशको अर्थतन्त्रबारे सबैतिर चासो राख्न थालेको पाइन्छ। हाम्रा पर्यटन व्यवसायी र पर्यटनविज्ञले पनि पर्यटन क्षेत्रको दिगो विकासका लागि बाहिरी पर्यटकसँगै आन्तरिक पर्यटक तान्न विभिन्न गतिविधितर्फ ध्यान दिई स्पष्ट योजनासहित अघि बढ्नुपर्ने विषय उठाउन थालेका छन्।

आन्तरिक पर्यटनको विकास एवं प्रवर्द्धन गर्ने हाम्रा वर्तमान पर्यटन नीति, नियम, योजना तथा रणनीति गतिविधिको विश्लेषण गर्नुपर्ने देखिन्छ, यसका लागि वर्तमान स्थितिमा हामीसँग रहेको पर्यटन ऐन २०३५, पर्यटन रणनीति २०६५, पर्यटन भिजन २०२०, राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२५ मा आन्तरिक पर्यटन विकासका लागि सरकारले अवलम्बन गरेको व्यवस्थालाई नै सर्वप्रथम हेर्नुपर्ने हुन्छ। यी चारवटै महत्त्वपूर्ण मार्गदर्शन गर्ने दस्तावेजमा आन्तरिक पर्यटनको विकाससम्बन्धी खासै व्यवस्था गरेको पाइँदैन। पर्यटक भन्ने विदेशी पर्यटक मात्र हुन् भन्ने आशयले नीति, नियम र रणनीति बनेका छन्। हामीमा गोरो छाला भएकालाई पर्यटक मान्ने मानसिकता छ। तर, पछिल्लो वर्षमा यो मान्यता बदलिनुपर्छ भन्ने बहस चले पनि नीति-नियम बनेका छैनन्।

पर्यटनमा हाम्रा वर्तमान कानुनी दस्तावेजमा छुटेका वा परिवर्तित भएका विषयलाई परिमार्जन गर्नुपर्ने काममा पर्यटन मन्त्रालय लागेको छ। यो सकारात्मक कार्यसँगै आन्तरिक पर्यटन विकासमा तीनै तहका सरकारको समन्वय भई एकआपसमा नबाझिने एकीकृत नीति बनाई पर्यटन व्यवसायीले व्यवसाय चलाउन सरल प्रक्रिया बनाउनुपर्ने व्यवसायीको माग छ। हाल पर्यटन व्यवसायीले विभिन्न मन्त्रालयका कार्यालयमा व्यवसाय दर्ता, प्रतिवेदन बुझाउने, वार्षिक शुल्क तिर्न, लाइसेन्स आदि लिनुपर्ने झन्झटिलो प्रक्रिया रहेको गुनासो पाइन्छ। त्यस्तै, पर्यटकलाई पनि घुम्न एकद्वार प्रणाली बनाई देशका विभिन्न निकुञ्ज एवं सम्पदा क्षेत्रको प्रवेश शुल्क बनाउनुपर्ने देखिन्छ।

केन्द्रीय सरकार, प्रदेश र स्थानीय सरकारबीच पर्यटन व्यवसायको दर्ता, अनुगमन स्वीकृति दिने अधिकारको बाँडफाँट भइसकेको छ। अब केन्द्रले राष्ट्रियस्तरमा बनाउने वा परिमार्जन गर्ने पर्यटन नीति, रणनीति, कार्ययोजनामा अनिवार्य रूपमा आन्तरिक पर्यटन क्षेत्रको विकास, विस्तार तथा संरक्षण गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। वर्तमान नीतिगत दस्तावेजमा आन्तरिक पर्यटनले पर्याप्त स्थान नपाएकाले कानुन आन्तरिक पर्यटन विशिष्टीकृत हुन सकेनन्। फलस्वरूप, आन्तरिक पर्यटनलाई लक्षित गरी योजना र वार्षिक कार्यक्रमसमेत तर्जुमा हुने गरेको पाइँदैन। तर, सरकारले विगतमा आफूखुसी ल्याएका नीति तथा कार्यक्रममा केही आन्तरिक पर्यटन प्रवर्द्धनका लागि 'प्रोत्साहन गरिनेछ' भन्नेदेखि केही कार्यक्रम मात्रै ल्याउने गरेको पाइन्छ।

सरकारले हालसम्म भ्रमण वर्ष १९९८, भ्रमण वर्ष २०११, भ्रमण वर्ष २०२० जस्ता ठूला कार्यक्रम देशमा आयोजना गर्नाले आन्तरिक पर्यटन प्रवर्द्धनमा मद्दत मिले तापनि यसले आन्तरिक बजार विस्तार र पूर्वाधार विकासमा ठूलो उपलब्धि दिन सकेको पाइँदैन। यस्ता भ्रमण वर्षले विदेशी पर्यटकलक्षित कार्यक्रम नै हुने गरेको छ।

पर्यटन व्यवसायमा पनि आन्तरिक पर्यटकलाई सेवा र प्राथमिकता दिई काम गर्ने सोचमा पनि परिवर्तन गर्नुपर्छ। कलेज तथा प्रशिक्षण दिने संस्थाका पाठ्यक्रममा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने पढाइ भन्दा पनि विदेशी पर्यटकलक्षित पर्वतारोहण, ट्रेकिङ गाइड तालिम र विदेशीको स्वादका रेस्टुरेन्ट, होटेलका सेवामा सीमित देखिन्छ। देशको कर्पोरेट सर्भिसिङ सेवा दिने ठूला प्रतिष्ठान, कलकारखानाले पनि आफ्ना कर्मचारीलाई आन्तरिक पर्यटनमा घुमाउने नीतिगत कार्यक्रम राखेको देखिँदैन। केही बैंकले आफ्ना कर्मचारीलाई देशभित्र घुम्ने छुट्टी दिई आन्तरिक पर्यटन प्रवर्द्धनको सुरुवात गरेको छ। यसतर्फ निजी क्षेत्रले ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

हाम्रो पर्यटन व्यवसाय पनि डिजिटल युगको प्रविधिमा काम गर्ने क्षमतासहित अघि बढेको छ। सरकारले समन्वयकारी भूमिका खेली नीतिगत अप्ठ्यारा हटाउने र अन्तर्राष्ट्रिय मञ्चमा प्रचार प्रसार गरी व्यापारीबीचको व्यापारिक सम्झौता हुन सक्ने कार्यक्रम गर्नेदेखि देशमा लगानी भित्र्याई रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्नुपर्छ।

आगामी दिनमा परिमार्जित हुने पर्यटन नीति वा नयाँ आउने राष्ट्रिय पर्यटन रणनीति योजनामा आन्तरिक पर्यटक क्षेत्रको विकास विस्तार हुने योजना ल्याई पर्यटन क्षेत्रको आर्थिक तथा सामाजिक विकासको प्रतिफल देशभरका पर्यटकीय गन्तव्यमा पुऱ्याउनुपर्ने र आफ्नो मौलिक र रैथाने खानपिन, संस्कृति झल्काउने सातै प्रदेशमा पर्यटकीय सम्पदा विकासको रणनीतिक योजना ल्याउनुपर्ने देखिन्छ। नेपालको पर्यटन खासगरी प्राकृतिक र सांस्कृतिक धार्मिक क्षेत्रवरपर नै बढी आकर्षित छ। पछिल्लो समयमा नेपाल सरकारले देशमा मध्यपहाडी राजमार्गवरपरका केही स्थानमा हिल स्टेसनको विकास गनुर्पर्ने योजना बनाएको छ। त्यहाँ स्थानीय सरकारको समन्वयमा ल्यान्डपुलिङ गरी वन क्षेत्रको जमिनलाई लामो समय लिजमा लिएर निजी क्षेत्रले पर्यटकीय पूर्वाधार एवं सेवा दिने योजना बनाई पर्यटन विकास गर्न सकिन्छ।

अन्तर्राष्ट्रियस्तरमा नेपालको पहिचान सगरमाथासहित प्राकृतिक तथा सांस्कृतिक सम्पदाले नै स्थापित गर्दै आइरहेको छ। त्यसैले युरोप, अमेरिकाका पर्यटकको प्रथम रोजाइ नै हिमाल, पहाडको क्षेत्रमा ट्रेकिङ र तराईको निकुञ्जमा वन्यजन्तु हेर्ने कार्यक्रमसँगसँगै स्थानीय संस्कृतिको मौलिक खानपिन र सांस्कृतिक गतिविधिको नौलो अनुभव लिने गरेको पाइन्छ।

बारम्बार नेपाल घुम्न आउने विदेशी पर्यटकको संख्या उल्लेखनीय छ। त्यसैले अबको चुनौती हाम्रा प्रसिद्ध गन्तव्यमा थप आकर्षणका सेवा तथा सुविधा बढाउनुपर्ने देखिन्छ।

त्यसका लागि पर्यटन क्षेत्रमा केही ठूला परियोजनाको लगानी पनि भित्र्याउन जरुरी छ। नेपालको भूगोलअनुसार पहाडी क्षेत्र र तराई क्षेत्रको ठूलो भूभाग वन तथा वातावरण मन्त्रालयअन्तर्गतको हाम्रा विशिष्ट प्राकृतिक संरक्षित क्षेत्रका गन्तव्य र नेपालको सामुदायिक वन क्षेत्रको कुल क्षेत्रफल ४४.७४५ छ। त्यसैले यति ठूलो भू-भागमा नयाँ लगानीमा थप पर्यटकीय गतिविधि हुनासाथ नयाँ आन्तरिक पर्यटन विकास नीति एवं रणनीतिक योजना ल्याउँदा वन तथा वातावरण मन्त्रालयको विभागसँग समन्वय गरी तीनै तहका सरकार, निजी क्षेत्र एवं पर्यटन व्यवसायी र सामुदायिक क्षेत्रबीच साझेदारी निर्माण गर्नुपर्ने नीतिको आवश्यकता देखिन्छ। वन तथा वातावरण मन्त्रालयसँग समन्वय गर्ने हो भने कञ्चनजंघा संरक्षित क्षेत्रदेखि कञ्चनपुरको शुक्लाफाँटसम्मको संरक्षित एवं राष्ट्रिय निकुञ्जवरपर हिमालदेखि तराईका क्षेत्रमा पर्यटन पूर्वाधारमा थप लगानी आउन सक्छ। उदाहरणका लागि काठमाडौं उपत्यकामा चन्द्रगिरि वन क्षेत्रको जमिन लिजमा लिई चन्द्रगिरि डाँडालाई आकर्षक गन्तव्य बनाइदियो। पूर्वका ताप्लेजुङ पाथीभरा क्षेत्र, वसन्तपुर, गुफापोखरी तथा पश्चिमका रारा, से-फोक्सुन्डो, मनास्लु क्षेत्र र सुदूरपश्चिमको घोडाघोडी ताल, खप्तड, चिसापानी क्षेत्रसहित शुक्लाफाँटा निकुञ्जजस्ता स्थानमा पर्यटकीय सेवा तथा सुविधामा लगानी आउन सक्ने सम्भावना देखिन्छ। यसका लागि राष्ट्रिय लगानी बोर्ड र तीनै तहका सरकारको रुचि हुनुपर्छ।



> सरकारका हालसम्मका भ्रमण वर्ष सन् १९९८, २०११ र २०२० जस्ता कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुगे पनि आन्तरिक बजार विस्तार र पूर्वाधार विकासमा ठूलो उपलब्धि दिन सकेको छैन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतका राष्ट्रिय निकुञ्ज एवं संरक्षण क्षेत्र पर्दछन्। यी संरक्षित क्षेत्रभित्र होटेल, रिसोर्ट छन्। यी गन्तव्यमा नयाँ लगानी गर्ने वातावरण बनाउन र उच्चस्तरमा खर्च गर्ने पर्यटकका लागि विशिष्ट स्तरका रिसोर्ट बनाउन त्यहाँको केही जमिन लिजमा उपलब्ध गराउने नीति नियम र योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ।

नीतिगत तथा कानुनी अवरोध पहिचान गर्न कार्यदल गठन गर्ने, विद्यमान पर्यटकीय गन्तव्यमा पर्यटकीय सुविधासम्बन्धी लेखा परीक्षण गर्ने, वर्तमान अवस्थाको अन्तरविश्लेषण गर्ने र तीनै तहका सरकार, निजी तथा सामुदायिक क्षेत्रको साझेदारीमा देशका सम्भावित पर्यटकीय स्थलमा पूर्वाधार विकास प्रवर्द्धन गरी पर्यटकीय गतिविधि बढाउन सेवा सुविधा बढाउन केही संरक्षित वन क्षेत्रभित्र रिसोर्टका लागि स्थान निजी क्षेत्रलाई लिजमा दिई विवेकपूर्ण तरिकामा लगानी पद्धतिको विकास गर्नुपर्ने रणनीतिक योजना ल्याउनुपर्ने देखिन्छ। साथै, सम्भावना बोकेका मध्यपहाडमा हिल स्टेसन, पहाड र तराईमा तालनजिकको जमिन, निजी क्षेत्रलाई दीर्घकालीन लिजमा दिई पर्यटकीय एकीकृत विकास गुरुयोजनाको अवधारणामा गन्तव्यको विकास र प्रवर्द्धन गर्ने रणनीतिक योजना ल्याउनुपर्छ। साथै, आन्तरिक पर्यटन विकासमा अन्तरप्रदेश पर्यटकीय गतिविधिलाई सातै प्रदेशमा पुऱ्याउन रणनीतिक योजनासहित सातै प्रदेशका विशिष्ट गन्तव्य पहिचान र तिनका पूर्वाधार विकाससमेत गर्नुपर्छ।

समानुपातिक रूपमा सबै प्रदेशमा पर्यटकीय गतिविधिको विकास गर्ने योजना र यस क्षेत्रमा लागेका पर्यटन व्यवसायीले आन्तरिक पर्यटकको महत्त्व र आवश्यकता बुझेमा र देश दर्शन गर्ने प्रवर्द्धनात्मक सन्देशसहितको राष्ट्रिय नीति र कार्यक्रम बन्यो भने एक प्रदेशदेखि पर्यटक अर्को प्रदेश जान उत्प्रेरित हुन्छन्। साथै, देशभित्र घुम्ने गन्तव्यसम्म पुग्न बाह्रैमास चल्ने सडक र निरन्तर उपलब्ध हुने हवाई सेवाजस्ता आवश्यक पूर्वाधारको स्तरोन्नति हुनुपर्छ। सेवामा पनि प्राथमिकताका साथ सरकारी निकायले काम गर्ने हो भने हाम्रो पर्यटन उद्योग दीर्घकालीन रूपमा स्थापित हुन सक्छ।

अर्थ विश्व

दोस्रो चरणमा चार हजार कर्मचारी निकाल्दै 'वाल्ट डिज्नी'


अमेरिकाको मास मिडिया एन्ड इन्टरटेनमेन्ट कम्पनी वाल्ट डिज्नीले दोस्रो चरणमा कर्मचारी कटौती गर्न सुरु गरेको छ। यो चरणमा कम्पनीले करिब चार हजार कर्मचारीलाई जागिरबाट सर्धैंका लागि छुट्टी दिनेछ। यसै वर्षको सुरुवातमा कम्पनीले सात हजार कर्मचारीलाई निष्कासन गरेको थियो। कम्पनीका अनुसार डिज्नी इन्टरटेनमेन्ट, डिज्नी पार्क, एक्सपिरियन्स र प्रोडक्टसहित भिन्दाभिन्दै विभागका कर्मचारीलाई निष्कासन गरिने भएको हो। पहिलो चरणमा मेटाभर्स स्ट्राटेजी युनिट र बेइजिङ अफिसका कर्मचारी प्रभावित भएका थिए। डिज्नी इन्टरटेनमेन्टका उपाध्यक्ष एलन बर्गमेन र डाना वाल्डेनले उच्च नेतृत्वले कम्पनीलाई थप उत्कृष्ट बनाउन लागेको र कम्पनी छिटोभन्दा पनि राम्ररी चलोस् भन्ने उद्देश्य रहेको बताएका छन्।

कर्मचारीको पुनर्गठन : कम्पनीले दोस्रो चरणको काँटछाँटपछि कर्मचारीको समूहलाई फरक युनिटमा काम गर्न पुनर्गठनसमेत गर्नेछ। यो प्रक्रिया आगामी केही महिनासम्म चल्ने बताइएको छ।

अक्टोबरमा दुई लाख कर्मचारी : सन् २०२२ को अक्टोबर १ सम्म डिज्नीको कुल वैश्विक श्रमशक्तिमा दुई लाख २० हजारभन्दा बढी कर्मचारी आबद्ध थिए। यीमध्ये डेढ लाख अमेरिकामा मात्रै थिए।

बिजनेस @ फेसबुक

प्रबलजंग पाण्डे, उद्यमी



हाम्रा केही बुद्धिजीवी, केही नियमनकारी निकायका व्यक्तित्व र केही निजी क्षेत्रकै साथीहरू पनि अर्थतन्त्र ठीक हुँदै गइरहेको भनाइ राखिरहेका छन्। हो अर्थतन्त्र ठिक छ, बिओपी कम्फर्टेबल छ। हो अर्थतन्त्र ठीक छ, रेमिट्यान्स वृद्धि भइरहेकै छ। हो अर्थतन्त्र ठीक छ, विदेशी पर्यटक वृद्धि भइरहेकै छ। हो अर्थतन्त्र ठीक छ, कृषि उत्पादनमा कमी भएको छैन।

तर, आतममुखी अर्थतन्त्रको मेरुदण्ड उत्पादनमूलक उद्योग कोमामा पुगेको छ। निर्माणसँग सम्बन्धित उद्योग दयनीय छ। सरकारको विकास खर्च शून्यप्रायः छ, सरकारको राजस्वभन्दा साधारण खर्च बढी भएको सरकार आफैं संकटमा छ। बजारमा तरलता अभावमा अर्थतन्त्र ठप्पै छ। सेयर बजार र रियल स्टेटको हालत हामी सबैले देखिरहेकै छौं। जनताको खर्बौं लगानी सेयर बजारमार्फत गुमाइसकेका छन्। सुधारको कुनै संकेत देखिँदैन।

यो सबै वितरणमुखी अर्थतन्त्रको उपज हो, यो सबै अदूरदर्शी नेतृत्वको उपज हो। यस अवस्थाबाट बाहिर निस्कन ब्याजदर मात्र हैन, म्यासिभ इकोनोमी रिफर्म गर्नुपर्ने देखिन्छ, जसमा निःस्वार्थ निजी क्षेत्र, उद्योग व्यवसायमैत्री कर्मचारीतन्त्र र परिणाममुखी राजनीतिक नेतृत्वको खाँचो छ।

सुजित महत, पत्रकार



यसपालि पनि बजारमा पैसा उठाएर बजेटमा करका दर हेरफेर हुने, कसैकसैका घरदैलोमा बजेट लेखिनेमा सम्भावना हैन निश्चित नै भइयो !!

अर्थ ज्ञान

साधारण, अग्राधिकार र बोनस सेयर भनेको के हो ?

कुनै पनि कम्पनीले आर्जन गरेको नाफाबाट अग्राधिकार सेयरधनीहरूलाई तोकिएको दरमा लाभांश वितरण गरिसकेपछि बाँकी हुने रकमबाट लाभांश वितरण गरिने गरी अर्थात् कम्पनीको प्रतिफलमा अन्तिम अधिकार हुने गरी जारी गरिएको धितोपत्रलाई साधारण सेयर भनिन्छ। साधारण सेयरमा लगानी गर्ने लगानीकर्तालाई आफ्नो लगानीको अनुपातअनुसार सम्बन्धित कम्पनीको स्वामित्व प्राप्त हुन्छ। कम्पनीको स्वामीको हैसियतले साधारण सेयरधनीले बढी जोखिम उठाउनुपर्दछ। कम्पनीको कार्यसम्पादनलगायतका विषयलाई विश्लेषण गरी साधारण सेयरमा लगानी गरेमा उच्च लाभ प्राप्त हुने भए तापनि यसमा गरिने लगानीमा उच्च जोखिमसमेत हुने गर्दछ।

अग्राधिकार सेयर : कम्पनीले आर्जन गरेको मुनाफाबाट तोकिएको दरमा लाभांश वितरण गर्ने गरी जारी गरिएको सेयर हो। कम्पनीले वितरण गर्ने लाभांशसम्बन्धमा साधारण सेयरधनीभन्दा अग्राधिकार सेयरधनीको अग्राधिकार हुने हुनाले नै यसलाई अग्राधिकार सेयर



भनिएको हो। अग्राधिकार सेयरधनीले आफ्नो हकहितसँग सम्बन्धित विषयमा छलफल हुने अवस्थामा बाहेक अन्य अवस्थामा कम्पनीको वार्षिक साधारणसभामा भाग लिन पाउँदैनन्। यस प्रकारको अग्राधिकार सेयरधनीलाई कम्पनी खारेजीमा जाने भएमा आफ्नो लगानी र सञ्चित लाभांश प्राप्त गर्ने अधिकार साधारण सेयरधनीभन्दा अगाडि हुन्छ। तर, अग्राधिकार सेयरधनीलाई बोनस सेयर तथा हकप्रद सेयरको फाइदा भने प्राप्त हुँदैन।

बोनस सेयर : कम्पनीको बचत वा अवितरित नाफालाई पुँजीमा परिवर्तन गरी सो पुँजी बराबर हुने गरी विद्यमान सेयरधनीहरूलाई लाभांशको रूपमा वितरण गरिने थप सेयरलाई बोनस सेयर भनिन्छ। संगठित संस्थाहरूले लगानीकर्तालाई कागजी प्रमाणपत्र वितरण गर्दै आएकोमा बोर्डको निर्देशनअनुरूप हाल लगानीकर्ताको आफ्नै हितग्राही खातामा बोनस सेयर सीधै जम्मा हुन्छ। *- नेपाल धितोपत्र बोर्ड*

सोसल मिडिया इन्फ्लुएन्सिङ : कमाइको भरपर्दो स्रोत

'सोसल मिडिया इन्फ्लुएन्सिङ' अब कम खर्चमा व्यक्ति वा ब्रान्डलाई दर्शकको ठूलो संख्यासम्म पुऱ्याउने सहज तरिका बनेको छ

मीनराज बसन्त

प्रविधिको विकाससँगै सामाजिक सञ्जालमा समय बिताउने मान्छेको संख्या दिनप्रतिदिन बढेको छ। अहिलेका प्रयोगकर्ता आफ्नो समय बिताउन मात्रै सामाजिक सञ्जाल प्रयोग गर्दैनन्। सामाजिक सञ्जालका विभिन्न प्लाटफर्ममा 'फ्यान फलोइङ' बनाएर त्यसबाट फाइदासमेत लिएका छन्।

अहिले सामाजिक सञ्जाल प्रमोसनको सबभन्दा ठूलो हतियार बनेको छ। प्रयोगकर्ताले यसलाई विज्ञापनको नयाँ माध्यमका रूपमा पहिचान गरेका छन्। भ्यालुएसन फर्म (मूल्यांकन फर्म) क्रोलको ताजा रिपोर्टअनुसार पछिल्लो एक वर्षमा एकतिहाइभन्दा बढी भारतीय ब्रान्डले इन्फ्लुएन्सर मार्केटिङमा आफ्नो खर्चलाई दोब्बर पारेका छन्। नेपालमा पनि सोसल मिडिया इन्फ्लुएन्सिङ गर्नेको जमात ठूलो छ। थुप्रैले यसबाट मनग्य आम्दानी गरेका छन्। तर, आधिकारिक डेटा उपलब्ध नहुँदा संख्या तोक्न सकिने स्थिति छैन।

'लस्ट इनसाइड नेपाल' अकाउन्ट चलाउँदै आएका सोसल मिडिया इन्फ्लुएन्सर खिमबहादुर क्षेत्रीको इन्स्टाग्राममा केवल १० हजार फलोअर्स छन्। उनी विशेषगरी यात्रासम्बन्धी कन्टेन्ट बनाउँछन्। यहीमार्फत आफ्नो मासिक खर्च इन्स्टाग्रामबाटै जुटाउँछन्।

'क्याफे उद्घाटनदेखि हाइकसम्म बोलाउँछन्,' उनी भन्छन्, 'कसैले पर-पोस्ट नगद दिन्छन् त कसैले हस्पिटालिटी होस्ट गर्छन्। त्यो पनि क्यासमा जोड्दा राम्रै इनकम हुन्छ।' यो त एउटा उदाहरण मात्रै हो। यसबाहेक सामाजिक सञ्जालले आमइन्टरनेट प्रयोगकर्तालाई रातारात स्टार बनाइरहेको छ। सामाजिक सञ्जालकै कारण गायन-कलाकारितादेखि ब्रान्ड एम्बासडरसम्म स्थान पाएका थुप्रै छन्। टिकटकबाट राम्रै आम्दानी गर्नेमा अंशु वर्मा, मञ्जु ढुंगाना, आयुषसिंह ठकुरीलगायत छन्।



> नेपालमा पनि सोसल मिडिया इन्फ्लुएन्सिङ गर्नेको जमात ठूलो छ। थुप्रैले यसबाट मनग्य आम्दानी गरेका छन्। तर, आधिकारिक डेटा उपलब्ध नहुँदा संख्या तोक्न सकिने स्थिति छैन।

हाम्रै छिमेकी मुलुक भारतमा सामाजिक सञ्जालको कन्टेन्ट क्रिएटर इन्डस्ट्री २५ प्रतिशतको गतिमा बढेको पाइन्छ। यो गति बढेर सन् २०२५ सम्म दुई सय ९० अर्ब डलरको क्षेत्र बन्ने आकलन गरिएको छ।

'सोसल मिडिया इन्फ्लुएन्सिङ' अब कर्म खर्चमा व्यक्ति वा ब्रान्डलाई बृहत् दर्शकको वर्गसम्म पुऱ्याउने सहज तरिका बनेको छ। जिपियाका अनुसार हाल विश्वमा पाँच करोडभन्दा बढी कन्टेन्ट क्रिएटर छन्। यसको वैश्विक बजार १४.६ अर्ब डलरको रहेको छ। यीमध्ये भिडियो स्ट्रिमर्स, ब्लगर्स, भोइस ओभर आर्टिस्टका साथै ठूलो संख्यामा आममानिस पनि सहभागी छन्।

डिजिटल मार्केटिङ एजेन्सी आई क्युब्स वायरको प्रतिवेदन हेर्ने हो भने करिब ३५ प्रतिशत ग्राहकले खरिदबिक्रीको निर्णय सोसल मिडिया इन्फ्लुएन्सरको पोस्ट, रिल्स र भिडियो हेरेर लिन्छन्। यस्तै, अफेबल एआईमार्फत चल्ने इन्फ्लुएन्सर मार्केटिङ प्लेटफर्मको तथ्यांकअनुसार १० हजारभन्दा कम फलोअर रहेका इन्फ्लुएन्सरले सन् २०२२ मा इन्स्टाग्राममा सबभन्दा धेरै इन्गेजमेन्ट (संलग्नता) प्राप्त गरे। तर, जसको इन्स्टाग्राम र युट्युबमा १० देखि ५० हजारसम्म फलोअर थिए, उनीहरूले दर्शक त धेरै पाए, तर इन्गेजमेन्ट भने कम थियो।

सामाजिक सञ्जाल विज्ञापनको आधुनिक शैली हो, जुन प्रिन्ट, इलेक्ट्रोनिक र मेनस्ट्रिम मिडियाभन्दा भिन्न छ। अन्य विज्ञापनको तुलनामा यसमा लगानीको प्रतिफल उच्च छ। सोसल मिडिया इन्फ्लुएन्सर विशिष्ट वा साधारण व्यक्ति हुन्छन्। सामाजिक सञ्जालमा उनीहरूका फलोअर्स धेरै हुन्छन्। यस्ता इन्फ्लुएन्सरले आफ्नो लोकप्रियताको प्रयोग विभिन्न उत्पादनको विज्ञापन गर्नमा प्रयोग गर्छन्। अहिले विश्वका करोडौं युवा सोसल मिडिया इन्फ्लुएन्सरलाई करिअरका रूपमा अगाडि बढाएका छन्। यसको कारण सोसल मिडिया इन्फ्लुएन्सर विज्ञापनको दुनियाँमा नयाँ आयाम हो। यसले कैयौं सेलेब्रिटीलाई पनि पछाडि पारेको छ। सामान्य मान्छे पनि स्टार भएका उदाहरण छन्।

इन्टरनेटको बजार रहँदासम्म सोसल मिडिया इन्फ्लुएन्सको यो यात्रा चलिरहन्छ। तर, यो यात्रामा केही सरोकार र चिन्ताका विषय पनि छन्। जुनसुकै देशको इन्फ्लुएन्सर मार्केटिङ उद्योगलाई नियमनको आवश्यकता पर्छ। कारण, तथ्यको गलत प्रयोगबाट सदैव बच्न सकियोस्। भारतमा गत जनवरीमा उपभोक्ता मामला मन्त्रालयले ग्राहकको हित सुरक्षित गर्न केही गाइडलाइन घोषणा गरेको थियो।

सो घोषणाअनुसार सोसल मिडियामा विज्ञापन गर्ने सेलेब्रिटी पनि यसको दायरामा आउनुपर्ने हुन्छ। कुनै पनि भ्रामक विज्ञापनमा गाइडलाइन नमान्दा इन्फ्लुएन्सरले १० लाखसम्म जरिवाना तिर्नुपर्ने हुन्छ। तर, यो नियम लगातार नमान्दा जरिवाना बढेर ५० लाखसम्म पुग्छ। यति मात्रै होइन, इन्डोर्स गर्नेलाई दुईदेखि ६ महिनासम्म कुनै पनि इन्डोर्समेन्ट गर्नबाट वञ्चित हुनुपर्छ। आवश्यक परे सम्बन्धित प्लेटफर्म ब्लकसमेत हुन सक्छ।

त्यसो त सोसल मिडिया इन्फ्लुएन्सरले स्वयंलाई नियन्त्रण गर्दा राम्रो हुन्छ। यसो गर्दा यो क्षेत्रमा सकारात्मक प्रभाव पर्छ। परम्परागत विज्ञापनमा सहभागी खेलाडी र फिल्मी कलाकारप्रति मान्छेहरूको मोह हराइसकेको त छैन, तर यसको सुरुवात जरुर भएको छ। यी दुईको लडाइँमा को लड्छ या कसले जित्छ, त्यो समयले नै बताउँदै जानेछ। तर, सोसल मिडिया इन्फ्लुएन्सर भ्रामक विज्ञापन गर्नबाट बचिरहनुचाहिँ पर्छ।

- एजेन्सीको सहयोगमा

सेयर बजार

२१ वैशाख ०८०

नेप्से १,८६९.७३ ^ १२.७३ ०.६९%

कारोबार रकम	जम्मा सेयर
७३,२६,८९,८११.८९	२५,३३,७१४



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २२ वैशाख ०८०

स्रोत छैन, बजेटमा मागको ओइरो

बजेटको सिलिङ २० प्रतिशतले बढाउन अर्थ मन्त्रालयको दबाब, म्याद थप्दा पनि टुंगो लागेनन् विशेष र समपूरक अनुदानका कार्यक्रम

पवन तिमिल्सिना / नयाँ पत्रिका

स्रोतको अभाव भइरहेको समयमा अर्थ मन्त्रालयमा बजेट मागको ओइरो आउन थालेको छ। जसका कारण अर्थले नै बजेटको सिलिङ बढाउन योजना आयोगलाई प्रस्ताव गरेको छ। आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट सिलिङ २० प्रतिशतले बढाउन अर्थले प्रस्ताव गरेको हो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहेको स्रोत अनुमान समितिसमक्ष अर्थ मन्त्रालयले यस्तो प्रस्ताव गरेको हो। यसअघि समितिले १६ खर्ब ८८ अर्बको सिलिङ पठाएको थियो। त्यसमा पनि १० प्रतिशत घटाएर १५ खर्ब १९ अर्बभित्र रहेर बजेट तर्जुमा गर्न समितिले सिलिङ तोक्यो। तर, अर्थबाट बजेटको सीमा २० प्रतिशत बढाउनुपर्ने मागसहित मौखिक प्रस्ताव आएको एक अधिकारीले जानकारी दिए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मात्रै १० प्रतिशत अतिरिक्त सिलिङ बढाउनुपर्ने माग आएको ती अधिकारीले बताए। हाल भौतिकले एक खर्ब १३ अर्बको सिलिङ पाएको छ। चालू आर्थिक वर्षमा मात्रै एक खर्ब ६७ अर्बको बजेट कार्यान्वयन गरिरहेको यो मन्त्रालयले आगामी आवका लागि पनि सोही आकारमा सिलिङ माग गरेको मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारीले जानकारी दिए। यद्यपि, अर्थले भौतिकका लागि १० प्रतिशत अतिरिक्त बढाउनुपर्ने लबिङ गरिरहेको छ। जसअनुसार सिलिङ बढाएमा यो रकम एक खर्ब २४ अर्ब हुन आउँछ।

योजना आयोगका सदस्य रामकुमार फुँयालले अहिले सबै निकायको न्यूनतम मागसमेत पूरा गर्न स्रोतको समस्या परेको बताए। तर, विभिन्न मन्त्रालयहरूबाट बजेटको सिलिङ बढाउन माग आइरहेको उनको भनाइ छ। उनले भने, 'अहिले बजेटको सिलिङ बढाउने माग आएको छ। कतिपय ठाउँमा कर्मचारीलाई तलब मात्रै पुग्ने बजेट छ। उनीहरूले तलब मात्रै खाएर बस्ने काम त गर्नुभएन। उनीहरूले काम गर्नका लागि पनि पैसा त चाहिन्छ। तर, प्रस्ताव आयो भनेर बजेटको सिलिङ बढाउने निर्णय गरिसकेका छैनौं।'

अहिले आएका मागहरूलाई स्रोत समितिले दिएको सिलिङभित्र समेट्न नसकिने अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्। त्यसो त चालू आर्थिक वर्षका लागि पनि समितिले १७ खर्ब ५० अर्बको सिलिङ दिएको थियो। तर, अर्थ मन्त्रालयले ४३ अर्ब बढाएर बजेट ल्यायो। अव्यावहारिक रूपमा सीमा नाघेर बजेट ल्याउँदा आर्थिक वर्षको मध्यावधिमै सरकारले बजेट अनुमान घटाउनुपरेको थियो।



बजेटको माग बढ्दो छ, तर स्रोत पर्याप्त छैन



● **रामकुमार फुँयाल**, सदस्य, राष्ट्रिय योजना आयोग

अहिले बजेटको सिलिङ बढाउने माग आएको छ। तर, प्रस्ताव आउँदैमा सिलिङ बढाउने निर्णय गरिसकेका छैनौं। प्रधानमन्त्री तथा अर्थमन्त्रीले यसमा सकेसम्म आवश्यक निकास दिन आग्रह गर्नुभएको छ। राजस्व संकलन राम्रो नभएको अवस्थामा आवश्यकताअनुरूप निकासी दिन सक्ने अवस्था छैन। यद्यपि, अन्तिम दिनसम्म प्रधानमन्त्री, अर्थमन्त्री र आयोगका उपाध्यक्षको सहमतिमा केही तल-माथि हुने सम्भावना रहन्छ। तर, अहिले नै सिलिङ संशोधन गर्ने योजना भने छैन।

बजेट लेखनको काम टिमले धमाधम गरिरहेको छ



● **रितेश शाक्य**, राजस्व महाशाखा प्रमुख, अर्थ मन्त्रालय

बजेट लेखनको काम टिमबाट भइरहेको छ। अधिकांश मन्त्रालयहरूले बजेट छलफलको काम सकिसकेका छन्। मन्त्रीज्यू आफैं छलफलमा लागिरहनुभएको छ। सल्लाहकारहरूले आफ्नो विज्ञताअनुसार सल्लाह-सुझाव दिने काम गरिरहनुभएको छ। राजस्व परामर्श समितिअन्तर्गतका सबै उपसमितिहरूले प्रतिवेदन तयार गरी बुझाइसकेका छन्। हामी ती प्रतिवेदनहरूको विश्लेषण गरी संशोधन गर्दै एकीकृत गरिरहेका छौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ राजस्व कम उठ्दा बजेट बढाउन कठिन

आगामी आर्थिक वर्षमा बजेटको आकार बढाउन नसक्नुको प्रमुख कारण चालू आर्थिक वर्षमा राजस्व पर्याप्त नउठ्नु हो। अर्थ मन्त्रालयका अनुसार चालू आवको नौ महिनामा नौ खर्ब ९७ अर्ब राजस्व उठाउने लक्ष्य लिएकोमा ६ खर्ब ८३ अर्ब मात्रै संकलन भएको छ। आयोगका सदस्य फुँयालले राजस्व संकलनमा सुधार नभएसम्म बजेटको आकार बढाउन नसकिने बताए। उनले भने, 'अहिलेसम्म बजेटको आकार तल-माथि गर्ने कुनै तयारी छैन। यद्यपि, अन्तिम दिनसम्म प्रधानमन्त्री, अर्थमन्त्री र आयोगका उपाध्यक्षको सहमति भएमा केही तल-माथि हुन सक्छ।'

■ समपूरक र विशेष अनुदान रोकियो

१५ चैतमै योजना आयोगले स्थानीय तह र प्रदेशमा जाने वित्तीय हस्तान्तरणको अनुदान रकमअन्तर्गतको कार्यक्रम तयार गरिसक्नुपर्ने थियो। तर, अर्थले सिलिङ बढाउने अडान लिएपछि १५ वैशाखसम्म म्याद थपिएको थियो। यद्यपि, हालसम्म आयोगले कार्यक्रम टुंगो लगाउन सकेको छैन।

आयोगले यसअघि समपूरक र विशेष अनुदानका लागि २६ अर्ब ४५ करोडको सिलिङ पठाएको थियो। तर, स्थानीय तह र प्रदेशले सिलिङ नाघेर एक खर्ब २१ करोडको कार्यक्रम प्रस्ताव गरेको छ। पछिल्लो दुई वर्षदेखि बनिरहेका पाँच सय ५२ आयोजनाको दायित्व मात्र २० अर्ब ६५ करोडबराबरको रहेको आयोगको भनाइ छ। प्रदेशबाट समपूरकका लागि ७७ वटा र विशेष अनुदानका लागि ४४ वटा आयोजनाको प्रस्ताव आएको छ। स्थानीय तहबाट भने समपूरक अनुदानका दुई हजार ६८ र विशेष अनुदानका दुई हजार १६ आयोजना माग भएको छ।

■ कहाँ पुग्यो बजेट प्रक्रिया ?

योजना आयोगका सदस्य फुँयालका अनुसार नीति तथा कार्यक्रम र बजेटको आधारभूत सिद्धान्त लेखनको काम भइरहेको छ। उनले भने, 'अहिले नीति तथा कार्यक्रम र बजेटको आधारभूत सिद्धान्तमा केन्द्रित बजेट बनाउने काम भइरहेको छ। अब छिट्टै यसलाई अन्तिम रूप दिन्छौं। सम्भवतः २३-२४ गतेतिर यसको काम सकिन्छ।'

अर्थ मन्त्रालयको राजस्व महाशाखा प्रमुख रितेशकुमार शाक्यले बजेट मस्यौदा लेखन समितिले काम गरिरहेको बताए। उनले भने, 'मन्त्रीज्यू आफैं छलफलमा लागिरहनुभएको छ। सल्लाहकारहरूले आफ्नो विज्ञताअनुसार सल्लाह-सुझाव दिने काम गरिरहनुभएको छ।' राजस्व परामर्श समितिअन्तर्गतका सबै उपसमितिहरूले प्रतिवेदन बुझाइसकेको उनले जानकारी दिए। मन्त्रालयका अनुसार सार्वजनिक संस्थानहरूको प्रगति विवरण अन्तिम चरणमा पुगेको छ भने आर्थिक सर्वेक्षणको काम पनि भइरहेको छ। बजेट तालिकाअनुसार २५ वैशाखमा विनियोजित विधेयकका सिद्धान्तहरू र प्राथमिकता संसद्मा पेस गर्ने उल्लेख छ। त्यस्तै, १ जेठमा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार पार्ने उल्लेख छ।

■ सडक र पुलमा थप चार हजार आयोजना माग

मिलन विश्वकर्मा / नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटमा समावेश गर्न सडक र पुलतर्फ थप चार हजारभन्दा बढी आयोजना माग भएका छन्। आमजनता र जनप्रतिधिहरूले सोबराबरको थप आयोजना माग गर्दै भौतिक पूवार्धार तथा यातायात मन्त्रालय र सडक विभागमा निवेदन दिएका हुन्। सडकतर्फ मात्रै ३८ सय हाराहारीमा आयोजना माग गरिएको छ। तर, स्रोत अभावका कारण ती आयोजना बजेटमा समावेश हुने सम्भावना भने एकदमै न्यून छ।

माग गरिएका अधिकांश सडक तथा पुल आयोजना स्थानीय र प्रदेशस्तरका रहेका छन्। प्राथमिकताका आधारमा केही आयोजनालाई बजेटमा समावेश गर्न सकिने विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए। स्थानीय र प्रदेशस्तर अयोजना भने सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विभागलाई जिम्मा दिने तयारी छ।

चालू आवमा १२७ अर्बको बजेट कार्यान्वयन गरिरहेको विभागलाई आगामी आवका लागि ८० अर्बको मात्रै सिलिङ तोकिएको छ। त्यसमा ५४ अर्ब रुपैयाँ सरकारले नै तोकेको कार्यक्रममा छुट्याउनुपर्छ। बाँकी २६ अर्ब रुपैयाँ बजेट पनि विभागले निर्माणाधीन आयोजनालगायतका शीर्षकमा छुट्याउनुपर्नेछ। 'आगामी आवका लागि विभागलाई ८० अर्ब रुपैयाँ मात्रै बजेट छ, जुन बजेट अहिले कार्यान्वयनमा अघि बढेका आयोजनाहरूलाई पनि पुग्दैन,' उनले भने, 'त्यसैले यसपालि नयाँ आयोजना अघि बढ्ने सम्भावना छैन। यद्यपि, माग गरिएका आयोजनामा केही बढाउन प्रयास गर्छौं। तर, सम्भावना न्यून छ।' यतिका धेरै संख्यामा आयोजना माग हुनु दुःखद पक्ष भएको विभागका अधिकारीहरू बताउँछन्। 'पहिलादेखि नै सडक निर्माणको काम राम्रोसँग अघि बढेको भए अहिले यस्तो अवस्था नै आउने थिएन,' स्रोतले भन्यो, 'जनप्रतिनिधिले विकास निर्माणलाई राम्रोसँग अघि बढाएनन्। त्यसले गर्दा पनि अहिले धेरै आयोजना माग भएको छ।'

■ दायित्व दुई खर्ब, बजेट ८० अर्ब मात्रै

आगामी आवमा सडक विभागको दायित्व दुई खर्बभन्दा बढी छ। अहिले कार्यान्वयन भइरहेकै योजना तथा कार्यक्रमका लागि नै एक खर्ब ७६ अर्ब बजेट चाहिन्छ। सिद्धबाबा सुरुङमार्गको काम सुरु भइसकेको छ। यस्तै, पूर्व-पश्चिम राजमार्गको केही खण्डको विस्तार गर्न ठेक्का लाग्दै छ। तर, बजेट ८० अर्ब मात्रै हुँदा कार्यान्वयन फितलो हुने सम्भावना देखिएको महानिर्देशक ढकालले बताए। 'आगामी आवमा हाम्रो दायित्व दुई खर्ब रुपैयाँ हाराहारी पुग्दै छ। तर, बजेट भने ८० अर्ब रुपैयाँ मात्रै पाइने भयो,' उनले भने, 'त्यसअनुसार आगामी आवमा हाम्रा कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी नहुन सक्छ।

■ सहरी विकासमा पनि हजारौं आयोजना माग

सहरी विकास मन्त्रालयमा पनि हजारौं संख्यामा आयोजनाहरूको माग गर्दै आवेदन परेको छ। मन्त्रालयलाई ६० अर्ब हाराहारीको बजेट सिलिङ तोकिएको छ। मन्त्रालयका सहसचिव प्रदीप परियारले हजारौं संख्यामा आयोजना माग हुनु सकारात्मक पक्ष भएको बताए। यसले सहरी तथा ग्रामीण क्षेत्रमा थप विकासको आवश्यकता देखाएको उनको भनाइ छ। 'जुन मात्रामा आयोजनाहरू माग भएका छन्, त्यसले सहरी तथा ग्रामीण क्षेत्रमा थप विकासको आवश्यकता देखाएको छ। कहाँ कस्ता-कस्ता आयोजना चाहिन्छन् भनेर पनि एउटा खाका दिएको छ। उनले भने, 'आवश्यकता र प्राथमिकताका आधारमा छनोट गरेर केही आयोजना बजेटमा समावेश हुन सक्छन्।'

अर्थतन्त्रमा मन्दी देखियो : महासंघ

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकले विद्यमान मन्दीलाई प्रतिबिम्बित गरेको निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघले बताएको छ। कार्यालयले चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा १.८६ प्रतिशत मात्रै हुने प्रक्षेपण गर्नु र पछिल्ला तीन त्रैमासमा अर्थतन्त्र ऋणात्मक रहनुले अर्थतन्त्रमा मन्दीको अवस्था देखाएको महासंघको ठहर छ।

उत्पादनमूलक उद्योग, निर्माण र व्यापारको वृद्धिदर ऋणात्मक हुनु भनेको निजी क्षेत्र संकुचित हुँदै गएको संकेत हो। महासंघले एक वर्षदेखि अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्य र मुलुकभित्र भएका नीतिगत परिवर्तनका कारण अर्थतन्त्र मन्दीमा जानेतर्फ सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदै आएको जनाएको छ। 'यसतर्फ सरकार र नेपाल राष्ट्र बैंक थप संवेदनशील हुनुपर्ने महसुस भएको छ, अर्थतन्त्रलाई मन्दीबाट बाहिर ल्याउन बजारमा माग बढाउनुपर्नेछ,' महासंघले विज्ञप्ति जारी गर्दै भनेको छ, 'उद्यमी-व्यवसायीले काम गर्न नपाउँदा राजस्व पनि करिब १६ प्रतिशतले ऋणात्मक हुँदा बजारमा माग बढाउन सरकारले अनावश्यक खर्च कटौती गरी पुँजीगत खर्च बढाउन आग्रह गर्छौं।'

निजी क्षेत्रको लगानी विस्तार गर्न तत्काल ब्याजदर कम गर्ने उपाय केन्द्रीय बैंकले अवलम्बन गर्नुपर्ने पनि महासंघले बताएको छ। केन्द्रीय बैंकले मुख्यतया नीतिगत दर, बैंकदर, अनिवार्य नगद अनुपात घटाउनेलगायत आवश्यक उपाय अवलम्बन गरी ब्याजदर घटाउन पहल गर्नुपर्छ। 'यस्तै, पुराना ऋणीहरूले साँवा-ब्याज भुक्तानी गर्न नसक्दा बैंकहरूको खराब कर्जासमेत करिब ४ प्रतिशत पुगिसकेको हुँदा कर्जाको पुनर्संरचना एवं पुनर्तालिकीकरणको सुविधा दिइनुपर्ने हाम्रो सुझाव छ,' विज्ञप्तिमा भनिएको छ।

नौ महिनायता लगातार ७ प्रतिशतभन्दा बढी मूल्यवृद्धिदर रहँदै आएकाले आमउपभोक्ताको क्रयशक्ति क्रमशः घटिरहेको छ। निजी क्षेत्रले निर्बाध काम गर्न नपाउँदा सरकार र आमउपभोक्तासमेत सँगसँगै प्रभावित भइरहेकाले तत्काल सुधारको कार्य नथाल्ने हो भने अर्थतन्त्रको मन्दी लम्बिँदै जानेतर्फ महासंघले सरकार र केन्द्रीय बैंकको ध्यानाकर्षण गराएको छ।

उपभोक्ताका गुनासैगुनासा, तर वाणिज्यको अनुगमनले बजारमा कैफियत भेट्टाउनै छाड्यो

बजार पहिलेभन्दा केही सुधार भएको छ

● **गजेन्द्रकुमार ठाकुर**, महानिर्देशक, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग



बजारलाई नियमन गर्ने र सुधार गर्ने उद्देश्यले अहिले अनुगमन टोली परिचालन भइरहेका छन्। हामीले सबै फर्मलाई कारबाही गरेर मात्र हुँदैन भनेका छौं, किनभने सुधारको निर्देशन दिएर समस्या समाधान हुन्छ भने त्यसकै लागि पहल गर्ने हो। तर, अलि ठूलो खालको कसुर छ भनेचाहिँ जरिवानालगायतका कारबाही हुने गरेको छ। विभागको अनुगमन रिपोर्टमा पनि पाँच हजारदेखि तीन लाख रुपैयाँसम्म जरिवाना गर्ने गरेको भेट्न सकिन्छ। विभागले दैनिक अनुगमन टोली परिचालन गरिरहेको हुँदा बजार अवस्थामा पहिलेभन्दा केही सुधार भएको देखिन्छ। अहिले दैनिक तीन-चार टोली अनुगमनका लागि परिचालन हुने गरेका छन्। एउटा टोलीमा तीन-चारजना सदस्य हुने गरेका छन्।

मूल्य, गुणस्तर र नापतौलमा उपभोक्ता ठगी बढिरहेको छ

● **माधव तिमिल्सिना**, अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च



बजारमा जुनसुकै वस्तुमा मूल्य, गुणस्तर र नापतौलमा उपभोक्ता ठगीको घटना बढिरहेको छ। बजारको कुनै पनि अवस्थामा सुधार भएको छैन। उपभोक्ता संरक्षण ऐन, ०७५ ले बर्जित गरेको क्रियाकलाप अहिले पनि उत्तिकै पाउन सकिन्छ। लेबल नभएका वस्तुको बिक्री र अनुज्ञापत्रविनाका उत्पादन छ्यापछ्याप्ती छन्। उपभोक्ताको अनुहार हेरेर मूल्य तोक्ने विक्रेता पनि उत्तिकै छन्। तर, अनुगमन गर्ने सरकारी निकायले भने बजारमा त्यति धेरै कैफियत नभेटीकन फर्कने कुरा अस्वाभाविक छ। अनुगमनलाई बलियो बनाउने हो भने प्रधानमन्त्री कार्यालयमातहत राख्ने र प्रशस्त जनशक्ति राखेर परिचालन गर्नुपर्छ।

अजित अधिकारी / नयाँ पत्रिका

बजारमा कालोबजारी, मूल्यवृद्धि र अखाद्य वस्तुको बिगबिगी बढिरहे पनि प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट दैनिक खटिने अनुगमन टोलीले भने बजारको अवस्था सामान्य रहेको रिपोर्ट दिँदै आएका छन्।

विभागले उपत्यकाको बजार अनुगमन गर्न दैनिक तीन-चार टोली परिचालन गर्दै आएको छ। सो टोलीले दिनभर खाद्य किराना, कपडा, हार्डवेयर, इलेक्ट्रिक, मार्ट तथा ग्रोसरी, होटेल-रेस्टुरेन्ट, जुत्ता-चप्पल, भाँडाकुँडा, तरकारी तथा फलफूल, कस्मेटिक, निर्माण सामग्री, मिठाई, अटो पार्टस्, औषधि, डेरी, स्टेसनरीलगायतका पसलमा अनुगमन गर्ने गरेका छन्।

दैनिक अनुगमनमा खटिने टोलीले पछिल्लो अवस्था सामान्य रहेको रिपोर्ट दिनेक्रम बढेको छ। चालू आवको १९ वैशाखसम्म गरेको विभागको अनुगमन रिपोर्टअनुसार कुल दुई हजार नौ सय ९० फर्ममा अनुगमन भएको छ। त्यसमध्ये एक हजार तीन सय २३ फर्ममा कुनै कैफियत नदेखिएको उल्लेख छ।

१ देखि १९ वैशाखसम्म मात्रै उपत्यकाको एक सय ५१ वटा पसलमा अनुगमन भएकोमा ७१ वटा कैफियतविहीन अवस्थामा कारोबार गरिरहेको भेटिएको विभागको रिपोर्टमा उल्लेख छ। थप ४३ वटा पसलमा कामदार रहेका कारण कागजात नभएको अनुगमन टोलीले जनाएको छ, तर यी पसलका सञ्चालक विभाग आएर कागजात पेस गरिसकेका छन्। अधिकांशको कागजात सही हुने गरेको विभागका निर्देशक होमनाथ भट्टराईले जानकारी दिए।

कागजातसमेत दुरुस्तै हुने फर्मको संख्यालाई समेत जोड्ने हो भने अनुगमन भएको एक सय ५१ मध्ये विभागको अनुगमन टोलीले एक सय १४ वटा फर्ममा कुनै कैफियत नभेटिएको र सामान्य रूपमा कारोबार भइरहेको अवस्थामा भेटिएको देखिन्छ। विभागको यस्तो रिपोर्टले बजारको समस्या घट्दै गएर उपभोक्ताअनुकूल बन्न थालेको निष्कर्ष निस्किन्छ, तर यथार्थमा बजार अझै पनि उपभोक्ताप्रतिकूल नै रहेको अधिकारकर्मी माधव तिमिल्सिना बताउँछन्।

'बजारमा मूल्य, गुणस्तर र नापतौल ठगीमा कुनै कमी आएको छैन। उपभोक्ताको अनुहार हेरेर वस्तुको मूल्य निर्धारण गर्ने प्रवृत्ति विद्यमान छ,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष तिमिल्सिनाले भने। उनले अहिलेको अनुगमन प्रणालीका अनुसार बजारमा सुधार आउनै नसक्नेसमेत बताए।

विभागका निर्देशक भट्टराईले भने दैनिक अनुगमन भइरहेकाले बजार अवस्थामा सुधार नै आएको जिकिर गर्छन्। 'हामीले अनुगमन नगरेको उपत्यकाका ठूला पसल त पाउनै मुस्किल हुन्छ,' उनले भने, 'हामीले दोहोऱ्याएर अनुगमन गर्ने प्रणालीको विकास गरेका कारण पनि व्यवसायी सचेत हुन थालेका छन्।' विभागको टोलीले मूल्यसूची र साइनबोर्ड, बिलबिजक जारी गरे-नगरेकोलगायतका विषय बढी हेर्ने गरेका छन्। व्यवसायीको खरिद र बिक्री मूल्यबीचको अन्तर, गुणस्तर, अधिकतम खुद्रा मूल्य-एमआरपी),



प्याकेजिङ भएको सामानको यकिन तौललगायतका विषयमा खासै अनुगमन केन्द्रित हुन सकेको छैन।

■ जरिवाना असुलीमा मनपरी

विभागका निरीक्षण अधिकृतले एउटै कसुरमा पनि फरक-फरक जरिवाना असुल गर्ने गरेका छन्। ५ वैशाखमा नयाँ बानेश्वर क्षेत्रको एक विद्युतीय पसलमा अनुगमन गर्न गएको टोलीलाई सञ्चालकले अभद्र व्यवहार गरेका थिए। त्यसपछि टोलीले पसल सञ्चालकलाई अनुगमनमा असहयोग गरेको भन्दै २० हजार जरिवाना तिराउने निर्णय गरेको थियो। सोही अनुगमन टोलीले सोही दिन अर्को एक कपडा पसल सञ्चालकबाट आवश्यक सहयोग नपाएको भन्दै पाँच हजार मात्रै जरिवाना तिराउन निर्णय लिएको थियो।

३ असोज ०७९ मा लाजिम्पाट क्षेत्रमा डिपार्टमेन्टल स्टोरमा अनुगमन हुँदा खरिद बिल नराखेको पाएपछि १० हजार जरिवाना तिराइएको थियो। सोही दिन बागबजारको कपडा पसलमा अर्को अनुगमन टोलीले खरिद बिल नराखेकै कसुरमा पाँच हजार जरिवाना तिराएको थियो भने वटुगल्लीको कपडा पसललाई सोही कसुरमा २० हजार रुपैयाँ जरिवाना तिराएको थियो।

३ असोज ०७९ मै ललितपुरस्थित एक औषधि पसल दर्ता प्रमाणपत्रविनै सञ्चालन गरेको पाएपछि ५० हजार जरिवाना तिराइएको थियो। १४ कात्तिकमा ओखरपौवाको एक पानी उद्योगमा अनुगमन गर्दा पनि मूल्यसूची र दर्ता प्रमाणपत्र नभेट्टाएपछि एक लाख जरिवाना गरिएको थियो।

उपभोक्ता संरक्षण ऐन, ०७५ मा विभिन्न कसुरमा निश्चित रकम जरिवाना तिराउने व्यवस्था नगरी न्यूनतमदेखि अधिकत जरिवाना रकमबारे उल्लेख छ। यही व्यवस्थाअनुसार अनुगमनमा खटिने निरीक्षण अधिकृतले सनकका भरमा मनपरी जरिवाना तिराउने निर्णय गर्दै आएका छन्।

■ डेढ करोड राजस्व संकलन

वाणिज्य विभागले चालू आव ०७९/८० को १९ वैशाखसम्म दुई हजार नौ सय ९० फर्ममा अनुगमन गरेको छ। यीमध्ये विभिन्न कसुरमा पाँच सय ९६ वटा फर्मलाई कारबाही गर्ने क्रममा एक करोड ६० लाख ४४ हजार एक रुपैयाँ जरिवाना संकलन गरिएको छ।

विभागले पाँच हजारदेखि तीन लाख रुपैयाँसम्मको जरिवाना अनुगमनस्थलमै तिराउने निर्णय गर्दै आएको छ। विभागको तथ्यांकअनुसार सबैभन्दा धेरै खाद्य-किराना पसलमा अनुगमन हुने र सोही क्षेत्रबाट जरिवानासमेत धेरै असुल हुने गरेको छ। खाद्य-किराना पसलले बिलबिजक जारी नगर्ने, मूल्यसूची र साइनबोर्ड नराख्ने, अनुगमन टोलीलाई असहयोग गर्ने, दर्ता-नवीकरणविनै पसल सञ्चालन गर्नेलगायतका कैफियत देखिने गरेका छन्। यस अवधिमा दुई सयवटा खाद्य-किराना पसललाई कारबाही भई ४२ लाख ४६ हजार एक रुपैयाँ जरिवाना असुल भएको छ।

त्यस्तै होटेल, रेस्टुरेन्टबाट १९ लाख १५ हजार र कपडा पसलबाट ११ लाख ९२ हजार रुपैयाँ जरिवाना असुल भएको छ। विभागले यस अवधिमा एक करोड ५० लाख ३३ हजार चार सय ८० रुपैयाँबराबरको अखाद्य वस्तु नष्ट गरेको पनि जनाएको छ।

दूध आयात खोल्न बोर्डको सिफारिस

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

भारतबाट दूध आयात खुलाउन कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा राष्ट्रिय दुग्ध विकास बोर्डले सिफारिस गरेको छ। बार्डले तीन महिनाका लागि दैनिक एक लाख २० हजार लिटर दूध आयात गर्न सिफारिस गरेको सूचना अधिकारी डा. बालक चौधरीले बताए। गत वर्ष पनि जेठदेखि असोजसम्म दूध अभाव भएको भन्दै बोर्डले अभाव पूर्तिका लागि आयात गर्न सिफारिस गरेको हो। गत वर्ष कात्तिकमा दूध अभाव भएपछि दैनिक परिमाणात्मक बन्देजसहित आयात खोलिएको थियो।

गत फागुनमा डेरी उद्योगी, दुग्ध संस्थानबीच मन्त्रालयमा भएको छलफलमा उद्योगीहरूले भारतबाट धुलो दूध, कच्चा दूध र बटर आयात गर्न माग गरेका थिए। मन्त्रालयले उद्योगीको मागबारे छलफल र अध्ययन गरेर सिफारिस प्रतिवेदन बनाउन बोर्डलाई निर्देशन दिएको थियो। बोर्डले धुलो दूधको उत्पादन नेपालभित्रै बढेकाले तत्काल आयात गर्न आवश्यकता नरहेको बताउँदै तीन महिना मात्र दूध आयात खुलाउन निर्देशन दिएको हो।

दुग्ध विकास संस्थान (डिडिसी), नेपाल डेरी एसोसिएसन, नेपाल डेरी उद्योग संघ भने तुरुन्तै दूधको आयात खुलाइहाल्नुपर्नेमा जोड दिएका छन्। नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहालले जेठदेखि कात्तिकसम्म दूध उत्पादन कम हुने हुँदा आयातको विकल्प नभएको बताए। उनले भने, 'यस सिजनमा करिब दैनिक दुई लाख लिटर दूध अभाव हुन्छ, त्यसका लागि आयात खुलाइदिन माग गरेका थियौं।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता नवीन घिमिरेले आयात खुलाउने विषयमा छलफल हुन बाँकी रहेको बताए। उनले भने, 'बोर्डबाट सिफारिस भएको छ, यस विषयमा छलफल गरेर निष्कर्षमा पुग्न बाँकी छ।'

डेरी एसोसिएसनका अनुसार नेपालभर ६२ लाख लिटर दूध उत्पादन छ भने बजारमा ३१ लाख लिटर पुग्छ। तर, दैनिक माग ३३ लाख लिटर रहेको एसोसिएसनका अध्यक्ष दाहालले बताए।

तर, किसान भन्छन्- स्वदेशमै पर्याप्त उत्पादन हुन्छ, आयात गर्नुपर्दैन

भरतपुर/ भारतबाट नेपाल दूध आयातको माग गर्नु नेपाली किसानको हितविपरीत भएको किसानहरूले बताएका छन्। जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले स्वदेशमा नै पर्याप्त उत्पादन भए पनि स्थानीय किसानलाई विस्थापित गर्ने उद्देश्यले दूध आयात विषय ल्याइएको बताए। उनले भने, 'हामीसँग दूध डेरीहरूले पर्याप्त दूध छ, बरु बिक्री घट्यो, बजार छैन भनेका छन्। २० प्रतिशत दूध बिक्री घटेको डेरी उद्योगले सुनाउने अनि नेपाली दूधले पुगेन भनेर भारतबाट ल्याउने भन्ने कुरा गलत हो। यसले उद्योगीहरूको नियत नै प्रस्ट गरेको छ।' उनले भने, 'नेपाली किसानले उत्पादन गरेको दूधको मूल्य घटाउने षड्यन्त्र हो। दूध आयात भएपछि कम मूल्यमा नदिए भारतबाट ल्याउँछौं भन्नलाई उद्योगीहरूले चालेको कदममा सरकार फस्नुहुँदैन।' यदि भारतबाट दूध ल्याउने अवस्था आयो भने जस्तोसुकै आन्दोलन पनि गर्न पछि नपर्ने उनले चेतावनी दिए। 'यहाँका दुग्ध सहकारीबाट डेरीहरूले तीन-चार महिनादेखि उधारोमा दूध लगेको छ। सहकारीहरूलाई दिनुपर्ने रकम डिडिसीले समेत भुक्तानी गरेको छैन।'

दूध आयातको निर्णयले किसानलाई विस्थापित गराउने भन्दै जतिसक्दो चाँडो सच्याउन उनले माग गरे। चितवनका व्यावसायिक दूध उत्पादक किसान एवं केन्द्रीय दुग्ध उत्पादक सहकारीका उपाध्यक्ष भगीरथ तिमल्सिनाले बैठकबाट नै भारतबाट दूध ल्याउन हुन्न भनेर निर्णय गरेको बताए। उनले भने, 'दूध बिक्री नभएर सहकारीहरूलाई तनाव हुने स्थिति छ, यही समयमा भारतबाट दूध ल्याउने विषय किसान र नेपालीकै विपक्षमा हुन्छ।'

चितवनमा ६८ हजार ६ सय ११ वटा दुधालु गाई तथा भैंसीबाट दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुन्छ। जिल्लामा उत्पादनको ४५ प्रतिशत अर्थात् करिब एक लाख ५७ हजार लिटर दूध दैनिक जिल्लाबाहिर जाने गरेको छ। 'सिजनअनुसार नेपालमा दूधको माग घट्ने र बढ्ने भइरहन्छ,' उपकार्यकारी निर्देशक चौधरीले भने, 'अभाव चर्किएकाले दूध आयात गर्नुपर्ने उद्योगीहरूको मागमा तथ्यसहित छलफल गरेर कच्चा झोल दूध आयात खुला गर्नुपर्ने निचोड निकालिएको हो।'

दुग्ध विकास संस्थान डिडिसी, नेपाल डेरी एसोसिएसन, नेपाल डेरी उद्योग संघ भने तुरुन्तै दूधको आयात खुलाइहाल्नुपर्ने पक्षमा छन्। किसानहरूले भने ग्रामीण भेगसम्म पुगेर दूध संकलन गर्न नै उद्योगहरूले जाँगर नगर्दा यस्तो अवस्था आएको बताउँदै आएका छन्।

नेपाल लाइफको स्थापना दिवसमा सातै प्रदेशमा रक्तदान

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख



नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले स्थापनाको २२ वर्ष पूरा गरी २३औँ वर्षमा प्रवेश गरेको अवसर पारेर देशका सातै प्रदेशमा रक्तदान गरेको छ। कम्पनीले देशभर गरेको रक्तदानमा कुल तीन सय १० पिन्ट रक्तदान भएको हो।

कम्पनीले कोसी प्रदेशको बिर्तामोडमा ५६, मधेस प्रदेशको वीरगन्जमा १६, बागमती प्रदेशको नारायणघाटमा ३९ र काठमाडौंमा ४१ पिन्ट रक्तदान भएको जनाएको छ। त्यस्तै, गण्डकी प्रदेशको पोखरामा ५६, लुम्बिनी प्रदेशको बुटवलमा २५, कर्णाली प्रदेशको सुर्खेतमा ३२ र सुदूरपश्चिमको महेन्द्रनगरमा ४५ गरी कुल तीन सय १० पिन्ट रगत संकलन गरिएको कम्पनीको भनाइ छ।

स्थापना दिवसको अवसर पारेर कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले सम्पूर्ण ग्राहकले गरेको विश्वास, कम्पनीका बिमा अभिकर्ताहरू, सञ्चालक पदाधिकारीहरू, आरोहअवरोहमा सदैव साथ दिने कर्मचारीहरू, सेयरधनी, नेपाल बिमा प्राधिकरणलगायतको साथ र सहयोगले अघि बढ्दै गएको बताए। २२ वर्षको अवधिमा सहयोग गरी नेपालकै सर्वाधिक विश्वासिलो जीवन बिमा कम्पनीका रूपमा स्थापित गर्न अतुलनीय भूमिका खेल्ने सबै सरोकारवालाहरू धन्यवादका पात्र भएको उनको भनाइ थियो।

आउँदा दिनमा कम्पनीलाई थप सशक्त बनाउनका निम्ति नवीनतम प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकको सेवाको गुणस्तरीयतालाई थप प्रभावकारी बनाउन कम्पनीले समय सुहाउँदो योजना ल्याउने उनले बताए।

'किनकि जीवन अमूल्य छ,' भन्ने मूल नाराका साथ कम्पनीले नेपालीको घरदैलोमा जीवन बिमासम्बन्धी सम्पूर्ण सेवा प्रवाह गर्दै आएको जनाइएको छ। कम्पनीले ०८० चैत मसान्तसम्ममा एक खर्ब ६२ अर्ब रुपैयाँ लगानी गरेको जनाइएको छ। त्यस्तै, जीवन बिमाकोष करिब एक खर्ब ५८ अर्ब रुपैयाँ रहेको उल्लेख छ। कम्पनीले देशभरमा एक सय ९२ कार्यालयमार्फत जीवन बिमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको जनाएको छ।

४ जेठबाट चेम्बर एक्स्पो हुँदै

काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सले 'नेपाल चेम्बर एक्स्पो २०२३' आयोजना गर्ने भएको छ। एक्सपो ४ जेठदेखि ८ गतेसम्म भृकुटीमण्डप प्रदर्शनी कक्षमा आयोजना हुने भएको हो।

निर्यात प्रवर्द्धन, वैदेशिक लगानी आकर्षण र अन्तर्राष्ट्रिय आर्थिक संगठनहरूमा सहभागितासँग केन्द्रित रहेर एक्स्पो आयोजना गर्न लागेको चेम्बरले जानकारी दिएको छ। पछिल्ला पाँच संस्करणहरू सफलतापूर्वक आयोजना भइसकेको मेलाको छैटौँ संस्करणमा व्यापारिक अन्तर्क्रिया, आयात-निर्यातको सूचना आदान-प्रदान तथा नेपाली उत्पादनको बजारीकरणमा विशेष जोड दिएको छ। मेलामा अन्तर्राष्ट्रिय व्यापारिक समुदायको समेत प्रत्यक्ष सहभागितासँग अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक क्रियाकलाप, नवीन प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामहरूलाई नजिकबाट नियाल्न नेपाली उद्योगी-व्यवसायीलाई सहयोग मिल्ने आयोजकले विश्वास व्यक्त गरेको छ।

गुणस्तरीय सामान प्रयोग गर्न उपभोक्ता हितसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने दायित्वलाई प्रदर्शनीले प्राथमिकता दिने जनाइएको छ। मेलामा रहने एक सय ५० भन्दा बढी स्टलमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कम्पनीहरू तथा उद्योगी-व्यवसायीको सहभागिता रहने उल्लेख छ। नेपाललगायत भारत, पाकिस्तान, बंगलादेश तथा अन्य देशमा उत्पादित सामग्रीहरू एक्स्पोमा रहने आयोजकको दाबी छ।

नेसनल लाइफको 'क्रुज डिनर एट नारायणी रिभर'

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख



नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना अभिकर्ताका लागि दुई रात तीन दिनको 'क्रुज डिनर एट नारायणी रिभर' कार्यक्रम गरेको छ। कम्पनीले आफ्नो ०७९ चैतमा सञ्चालन गरेको अभिकर्ता मासिक योजनाअन्तर्गत लक्ष्य पूरा गर्न सफल अभिकर्ताका लागि यो कार्यक्रम गरेको हो।

नारायणी नदीमा सञ्चालन गरिएको नेपालको एक मात्र क्रुजको यात्रा गराउनुका साथै उनीहरूलाई सौराहा भ्रमण पनि गराएको कम्पनीले जनाएको छ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृतसहित प्रदेश प्रमुख, विभागीय प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखहरूसहित देशभरबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनोट हुन सफल भएका करिब चार सयजना अभिकर्ता सहभागी भएको जनाइएको छ।

यसका साथै प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले उत्कृष्ट अभिकर्तालाई सम्मान कार्यक्रमको आयोजना गरेको कम्पनीले जनाएको छ। योजनामा छनोट भई सम्मानित हुन सफल अभिकर्तालाई प्रमाणपत्र र मेडल प्रदान गरेको जनाइएको छ। उक्त अवसरमा उपस्थित अभिकर्तालाई जीवन बिमा व्यवसायमा थप हौसला प्रदान गर्दै अभिकर्ताको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षक मनोज भट्टराईले उत्प्रेरणा तथा व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण प्रदान गरेको कम्पनीले उल्लेख गरेको छ।

ब्रिटिस प्रोफेसनल कलेजले पायो प्लेटिनम एप्रुभ्ड लर्निङ पार्टनर अवार्ड

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

ब्रिटिस प्रोफेसनल कलेजले 'प्लेटिनम एप्रुभ्ड लर्निङ पार्टनर (एएलपी)' अवार्ड प्राप्त गरेको छ। एसिसिए अध्यापन गराउने संस्थाहरूलाई प्रदान गरिने यो प्लेटिनम अवार्ड सबैभन्दा उच्च र प्रतिष्ठित अवार्ड हो।

विश्वभर यो अवार्ड प्राप्त गर्ने केही मात्र कलेजहरू रहेको जनाइएको छ। जसमा ब्रिटिस प्रोफेसनल कलेज पनि सामेल भएको उल्लेख छ। यो अवार्ड कोसेटुंगा साबित हुने कलेजले जनाएको छ।

विश्वको अग्रणी निकायका रूपमा रहेको द एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्स (एसिसिए)ले एकाउन्टिङ र फाइनान्स योग्यता प्रदान गर्नमा उत्कृष्ट ट्र्याक रेकर्ड राखेको जनाइएको छ। उच्च गुणस्तरको शिक्षालगायत एसिसिए विद्यार्थीलाई प्रदान गर्ने साथ र सहयोगलाई मध्यनजर गर्दै त्यस्ता संस्थाहरूलाई एएलपी अवार्ड प्रदान गरिने ब्रिटिस कलेजले जनाएको छ।

कलेजका एसिसिए प्रोग्राम म्यानेजर दीपेन्द्रके श्रेष्ठले भने, 'यो बिपिसीको शैक्षिक गुणस्तर र विद्यार्थीले प्राप्त गरेको सफलताको नतिजा हो। यो अवार्ड प्राप्त गर्नुले के देखाउँछ भने हामी उनीहरूले दिएको लक्ष्य र आवश्यकता पूर्ति गर्न निरन्तर सफल रहेका छौं। अझै सुधार र उत्कृष्टता प्रदर्शन गर्न प्रतिबद्धता व्यक्त गर्छु।' यो प्रक्रियाले पनि विद्यार्थी उत्तीर्ण दर राम्रो रहेको पुष्टि गर्ने कलेजको दाबी छ। यसले विद्यार्थीको नतिजा विश्वव्यापी औसतभन्दा धेरै उत्कृष्ट रहेको सहजै अनुमान लगाउन सकिने जनाइएको छ। विगत एक दशकमा मात्रै एसिसिए संकायले विद्यार्थीलाई धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त गर्न मद्दत गरेको जनाएको छ।

द ब्रिटिस कलेजका मार्केटिङ प्रमुख अमरदीप मण्डलले व्यावसायिक एकाउन्टेन्ट बन्न चाहने विद्यार्थीका लागि बिपिसी भरपर्दो संस्था साबित गराउन यो अवार्डले ठूलो भूमिका खेल्ने बताए।

सिटिजन्स बैंक र हिमालयन फ्रन्टटायर्सबीच समझदारी

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले पोखराको लेकसाइडमा रहेको हिमालयन फ्रन्टटायर्स प्याराग्लाइडिङ प्रालिसँग बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी गरेको छ। सिटिजन्स बैंकका कार्डवाहक ग्राहकले प्याराग्लाइडिङमा १५ प्रतिशतसम्मको छुट पाउने समझदारी भएको हो।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने बैंकले विश्वास व्यक्त गरेको छ। बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको उल्लेख गरेको छ।

बैंकले हाल देशभरमा एक सय ८२ शाखा, एक सय ३९ एटिएम तीन विस्तारित काउन्टरका साथै ९७ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

झोरमा कुमारी बैंकको एटिएम



काठमाडौं/ कुमारी बैंक लिमिटेडले झोर विस्तारित काउन्टरमा एटिएम सञ्चालनमा ल्याएको छ। टोखा नगरपालिकाको वडा नम्बर १ मा पर्ने बौडेश्वर महादेवको मन्दिर तथा झरनाका कराण काठमाडौंकै एक प्रमुख पर्यटकीय आकर्षको केन्द्र बन्दै गएको झोर क्षेत्रमै यो पहिलो एटिएम हो।

नयाँ एटिएम सञ्चालनसँगै बैंकले देशभरमा तीन सय दुई शाखा, ४८ एक्सटेन्सन काउन्टर, दुई सय ९६ एटिएम तथा ६२ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिँदै आएको जनाएको छ।

सनराइज बैंकका थप दुई शाखारहित सेवा



नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

सनराइज बैंक लिमिटेडले बैंकिङ पहुँच नपुगेका देशका विभिन्न स्थानमा अत्याधुनिक बैंकिङ सुविधा पुऱ्याउने उद्देश्यले थप दुई स्थानमा शाखारहित बैंकिङ सेवा विस्तार गरेको छ। बैंकले कञ्चनपुरको कृष्णपुर नगरपालिकाको कलुवापुर र डडेल्धुराको अजयमेरु गाउँपालिकाको देवलदिव्यपुरमा शाखारहित बैंकिङ सेवा विस्तार गरेको हो।

नयाँ शाखारहित बैंकिङ सेवाहरू सञ्चालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ संख्या एक सय दुई पुगेको जनाइएको छ। बैंकले सेवा सञ्चालनका लागि कृष्णपुरमा करमसिंह राना र देवलदिव्यपुरमा नरेश भट्टलाई व्यावसायिक प्रतिनिधि नियुक्त गरेको जनाएको छ। ती शाखारहित बैंकिङबाट निक्षेप संकलन, रकम भुक्तानी, रकम स्थानान्तरणलगायत बैंकले प्रदान गर्ने अन्य सेवासमेत उपलब्ध गराइने उल्लेख छ।

हाल बैंकले देशभरमा एक सय ३९ शाखा, १३ एक्सटेन्सन काउन्टर, एक सय ६२ एटिएमका साथै एक सय दुई शाखारहित बैंकिङ इकाइमार्फत सेवा प्रदान गर्दै आएको जनाएको छ।

तीनवटा कम्पनीसँग एनआइसी एसिया क्यापिटलको सम्झौता

काठमाडौं/ एनआइसी एसिया क्यापिटलले एकैपटक तीनवटा कम्पनीलाई सेवा दिने सम्झौता गरेको छ। क्यापिटलले तीनवटै कम्पनीलाई सेयर रजिस्ट्रार सेवा दिने भएको हो। तीनवटै कम्पनी जलविद्युत्सँग सम्बन्धित भएको जनाइएको छ। क्यापिटलले भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड, डोल्टी पावर कम्पनी लिमिटेड र मेन्छियाम हाइड्रोपावर लिमिटेडको सेयर रजिस्ट्रारका रूपमा काम गर्ने भएको हो।

सम्झौता भएका कम्पनीहरूसँग सेयर रजिस्ट्रार सेवाअन्तर्गत कम्पनीहरूको सर्वसाधारणमा बाँडफाँट भएको साधारण सेयर सम्बन्धित सेयरधनीको हितग्राही खातामा जम्मा गरिदिने, कारोबार भएका सेयरहरूको अभिलेख राख्ने, दाखिल खारेज, सेयर नामसारी, सेयरधनी लगत अद्यावधिक गरिराख्नेलगायतका सेयर रजिस्ट्रारसम्बन्धी सम्पूर्ण कार्यहरू पर्ने जनाइएको छ।

कामना सेवाका ग्राहकलाई मनकामना अस्पतालमा छुट



नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

कामना सेवा विकास बैंकका ग्राहकले भरतपुरको मनकामना अस्पतालमा उपचार गर्दा छुट पाउने भएका छन्। बैंक र अस्पतालबीच विभिन्न सेवामा छुट दिनेसम्बन्धी सम्झौता भएको हो।

सम्झौताअनुसार बैंकसँग आबद्ध सम्पूर्ण व्यक्तिले मनकामना अस्पतालले प्रदान गर्ने ओपिडी सेवा, सामान्य वार्ड, बेड शुल्क, ओटी शुल्क, सिटिस्क्यान, आइसियूलगायत एनआइसियू, एचडियू-नर्सरी सेवाहरूमा छुट पाउने जनाइएको छ। जसअनुसार बैंकका कर्मचारीले २० प्रतिशतसम्मको र बैंकका ग्राहकले १५ प्रतिशतसम्म छुट पाउन सक्ने उल्लेख छ।

बैंकसँग आबद्धताको प्रमाणका आधारमा यो सुविधा प्राप्त गर्न सकिने हुनाले बैंकसँग आबद्ध सम्पूर्ण व्यक्तिले विशेष लाभ पाउने बैंकले विश्वास व्यक्त गरेको छ।

भुरुङ तातोपानीमा गरिमा विकास बैंकको एटिएम

काठमाडौं/ गरिमा विकास बैंकले उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको भुरुङ तातोपानीमा एटिएम सञ्चालनमा ल्याएको छ। बैंकले मुस्ताङ भ्रमणमा जाने पर्यटकलाई लक्षित गरी एटिएम सेवा सुरु गरेको हो।

एटिएमको बैंकका सञ्चालक दीपेन्द्र श्रेष्ठ र उक्त गाउँपालिका अध्यक्ष भरतकुमार पुनले संयुक्त रूपमा उद्घाटन गरेको जनाइएको छ। म्याग्दीकै पर्यटकीय स्थल भुरुङ तातोपानी भएर मुस्ताङ आउने-जाने पर्यटकलाई यो एटिएम काउन्टरले आर्थिक कारोबार गर्न सहज हुने बैंकले विश्वास व्यक्त गरेको छ। हाल बैंकले देशभरमा एक सय २१ शाखा, ५० एटिएमका साथै डिजी बटुवा, डेबिट-क्रेडिट कार्डलगायतका डिजिटल बैंकिङमार्फत सेवा दिँदै आएको जनाएको छ।

एनएमबि क्यापिटल लिमिटेडको ठेगाना परिवर्तन हुने बारे जरुरी सूचना

यस एनएमबि क्यापिटल लिमिटेडको काठमाण्डौ जिल्ला, का.म.पा.वडा नं. १, नागपोखरी, काठमाण्डौमा रहेको कार्यालय **मिति २०८० बैशाख २४ गते आइतबार** देखि **का.म.न.पा. वडा नं. ४, बालुवाटार, काठमाण्डौ (नेपाल राष्ट्र बैंकको दक्षिण तर्फको सडक)** मा स्थानान्तरण हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुरानो तथा हालको ठेगाना सम्बन्धी विवरण

पुरानो कारोबार कार्यालय रहेको ठेगाना तथा सम्पर्क नम्बर	परिवर्तन भएको कार्यालय रहेको ठेगाना तथा सम्पर्क नम्बर
ठेगानाः का.म.न.पा. वडा नं. १ नागपोखरी, काठमाडौं, नेपाल	**ठेगाना : का.म.न.पा. वडा नं. ४, बालुवाटार, काठमाण्डौ (नेपाल राष्ट्र बैंकको दक्षिण तर्फको सडक) सम्पर्क नम्बर : ०१-५५१४३५६**

NMB CAPITAL एनएमबि क्यापिटल
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np

सानिमा बैंक लिमिटेड, शाखा कार्यालय इटहरीका तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्ती लिलाम बिक्री हुने सम्बन्धी २१ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैंकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले मिति **२०७९ मंसिर २८ गतेका "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुदाँ धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानुहुने ईच्छुक महानुभावहरूले तपसीलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय, काठमाण्डौमा वा अन्य शाखा कार्यालयहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पतीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरी पाँऊ भनि कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल/उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगावै बैकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

ऋणीहरूको नाम, थर र ठेगाना
ऋणी : चन्द्र बहादुर कोइरालाका नाती, भिम बहादुर कोइरालाका छोरा झापा जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने **खड्ग कोइराला ....१ र** कृष्ण बहादुर थापाकी छोरी, खड्ग कोइरालाको श्रीमती, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने **कौशिला थापा ....१** समेत जना २।
संस्थागत जमानतकर्ताको नाम र ठेगाना
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरी प्रा.फा.नं. ९९२६/०७०/७१ कायम भई मिति २०७०/०४/१७ मा दर्ता भएको सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. १ स्थित **होटल पेरिस..१**
धितो सुरक्षणको विवरण
खड्ग कोइरालाको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला इटहरी न.पा/उ.म.न.पा. वडा नं. १ को क्रमश कित्ता नं २५६०, २५६२ र २५५८ को क्रमश ०-०-०.२५-०, ०-०-६-० र ०-०-०.२५-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखा कार्यालयहरूबाट रू. ५००/-बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३.०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय इटहरीमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित मालपोत कार्यालय तथा अन्य कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोल कबोल कर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत कवा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले २०८० साल जेष्ठ महिना ११ गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थानः
मिति : २०८० साल जेष्ठ महिना १६ गते।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ।
समय : दिनको ३.०० बजे।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मधेश प्रदेश सरकार
खानेपानी तथा उर्जा विकास मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प्रस्ताव आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२२

यस खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा "सौर्य ऊर्जा विशेष कार्यक्रम कार्य संचालन तथा अनुदान परिचालन कार्यविधि, २०७९" अनुसार व्यक्ति, समुदाय वा निजि क्षेत्रले व्यवस्थापन गर्ने कृषि योग्य जमिनमा सिंचाई गर्न वा मत्स्यपालनका लागि पोखरीमा पानी संचय गर्नका लागि सौर्य ऊर्जा पम्पिंग प्रणाली जडान गर्न इच्छुक व्यक्ति समुदाय वा निजि क्षेत्रले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव यस मन्त्रालय वा अन्तर्गतका कार्यालयहरुमा दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रीत नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. व्यक्तिगत तवरबाट सञ्चालित प्रणाली अन्तर्गत कृषकले आफ्नो कृषि योग्य जमिनको लालपूर्जाको प्रमाणित छायाँ कपी बुझाउनु पर्नेछ,
२. नीजि कम्पनीको तवरबाट सञ्चालित प्रणालीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई कम्पनीको नाममा रहेको वा भाडामा लिइएको कृषि योग्य जमिन भएको हुनुपर्नेछ,
३) निवेदक संस्थाहरूले अनुदान बाहेक बाँकी रकम बेहोर्ने स्रोत सुनिश्चितता सहितको प्रतिबद्धता पत्र उपलब्ध गराउनुपर्ने,
४) सम्बन्धित स्थानीय तहको सिफारिसको साथ निवेदन दिनुपर्ने ,
५) सौर्य ऊर्जा पम्पिंग प्रणाली कति क्षेत्रफलमा सिचाँई गर्न चाहेको बारे प्रष्ट खुलाई निवेदन।

पुनश्चः सौर्य ऊर्जा विशेष कार्यक्रम कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७९ खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ।

गृह प्रशासन...

पृष्ठ १ बाट क्रमशः

बिचौलियाबीचको सम्बन्ध देखेर प्रहरी अधिकारी नै चकित छन् । सिडिओ सरुवादेखि भिजिट भिसाको सेटिङसम्मको विषयमा तत्कालीन गृहसचिव पाण्डे र पक्राउ परेका बिचौलिया केशव दुलालबीच कुराकानी भएको प्रहरीले भेट्टाएको छ । उनीहरूबीचको ह्वाट्सएप च्याटले गृह प्रशासन बिचौलियाको इसारामा चलेको देखिन्छ ।

पक्राउ परेकामध्ये दुलाल मात्र होइन, सानु भण्डारी र सन्देश शर्माको समेत गृह प्रशासनमा दबदबा थियो । दुलाल कांग्रेस नेतृ सुजाता कोइराला परराष्ट्रमन्त्री हुँदा उनको पिए थिए । त्यतिवेला नै उनी दलाली कामका कारण विवादमा परेका थिए । कर्मचारीलाई प्रभावमा पार्दै उनले आफूअनुकूल काम गराउँदै आएका थिए । त्यस्तै, भण्डारीले तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईलाई आर्थिक प्रभावमा पारेका थिए । शर्मा भने सांसद टोपबहादुर रायमाझीका निकटस्थ थिए । उनीहरू तीनैजना मिलेर विभिन्न व्यक्तिसँग पैसा उठाई शक्तिकेन्द्रमा बुझाउने र आफूअनुकूल काम गराउँदै आएका थिए ।

रोचक के छ भने सरकार फेरिँदा पनि गृह मन्त्रालयमा दुलाल, भण्डारी र शर्माको रजगज चलिरह्यो । विगत पाँच वर्षदेखि उनीहरूले गृह प्रशासनलाई आफूअनुकूल चलाएका थिए । उनीहरूकै स्वार्थअनुसार ०७६ जेठमा भुटानी शरणार्थीको स्थायी समाधानका लागि भन्दै पूर्वसहसचिव बालकृष्ण पन्थीको अध्यक्षतामा कार्यदल गठन भएको थियो । कार्यदलमा उनीहरूकै निकटस्थ व्यक्तिहरू राखिए । त्यतिवेला रामबहादुर थापा 'बादल' गृहमन्त्री र प्रेमकुमार राई गृहसचिव थिए । गृहमन्त्रीका सुरक्षा सल्लाहकार रहेका इन्द्रजित राईलगायतलाई हात लिएर उनीहरूले आफूअनुकूल काम गराएका थिए । राई हाल पक्राउ परिसकेका छन् ।

बिचौलियाहरूले भनेअनुसारकै व्यक्ति झापाको सिडिओमा सरुवा भएको तथा उनीहरूकै सुझावअनुसार गृहले अन्य निर्णय गर्दै गएपछि आफूहरू विश्वासमा परेर मोटो रकम दिएको एक पीडित बताउँछन् । गृहकै अधिकारीले गोप्य प्रतिवेदन बिचौलियालाई दिएका थिए । त्यही प्रतिवेदनमा पछि नाम थपेर विश्वासमा लिँदै पीडितबाट थप पैसा असुलिएको थियो । 'गृहका अधिकारीले सुरुमै वास्तविक कुरा गरिदिएको भए हामी पैसा बुझाउँदैन थियौँ,' एक पीडितले भने, 'उनीहरूले सहयोग गर्छौं मात्र भनेनन्, शरणार्थी परिचयपत्र बनाउन फोटो खिच्ने ठाउँमा पनि आफैं आएका थिए ।' सचिव मात्र होइन, अन्य सहसचिवहरूले पनि आफूहरूको समस्यामा कुनै चासो नदिएको पीडितहरू बताउँछन् ।

०७६ को माघमा महेश्वर न्यौपाने गृहसचिव भएपछि उनी पनि सो समूहका प्रिय भएका थिए । बयानका क्रममा बिचौलियाहरूले न्यौपानेले पनि सो प्रतिवेदन कार्यान्वयनमा सघाएको बताएका छन् । ०७८ को असारमा सरकार फेरिएपछि गृह मन्त्रालयको नेतृत्व पनि फेरियो । मन्त्रीमा बालकृष्ण खाण तथा सचिवमा टेकनारायण पाण्डे आए । बिचौलिया समूहले उनीहरूलाई पनि सहजै प्रभावमा पारेर आफूअनुकूल काम गरेको देखिएको छ । सोही आधारमा पाण्डे पक्राउ परिसकेका छन् भने त्यतिवेला सघाउने अन्य व्यक्तिविरुद्ध प्रहरीले प्रमाण खोजिरहेको छ । यसबाट पछिल्लो करिब पाँच वर्षसम्म बिचौलिया गिरोहले गृह प्रशासनमा आफ्नो प्रभाव जमाएको देखिन्छ । यो घटनाले सिंगो गृह प्रशासनकै छविमा समेत दाग लागेको छ ।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी यो अपराधको सुरुवात नै कार्यदल गठनबाट सुरु भएकाले गृह प्रशासनकै संलग्नता देखिएको बताउँछन् । 'धेरै भुटानी शरणार्थी तेस्रो देश गइरहेका थिए, जान नचाहेकाहरू यहाँ थिए,' उनले भने, 'त्यसकारण कार्यदल गठनको आवश्यकता र औचित्य नै देखिन्न, त्यहींबाट ठगीको आधार बन्यो, यो संगठित अपराध उपल्लो स्तरको राजनीतिक प्रपञ्च हो ।'

सरुवा-बढुवादेखि संरक्षणसम्म

गृहकै एक अधिकारीका अनुसार सिडिओको सरुवा, प्रहरीको सरुवा-बढुवा तथा अन्य नीतिगत निर्णयमा पनि बिचौलियाको संलग्नता बढ्दै गएको थियो । रामबहादुर थापा र बालकृष्ण खाणको कार्यकालमा उनीनिकटका व्यक्तिहरूले खुलेआम यस्ता धन्दा चलाएको मन्त्रालय स्रोतको दाबी छ । खासगरी प्रहरीको सरुवा-बढुवामा आर्थिक चलखेल बढेको थियो । एसएसपीबाट गत साता अवकाश पाएका चक्रबहादुर सिंहले फेसबुकमा लेखेका छन्, 'नक्कली शरणार्थी बनाएर विदेश पठाउनेलाई त कारबाही हुँदै छ, पैसा असुलेर सरुवा-बढुवा गर्नेमाथि कारबाही कहिले हुन्छ सरकार ?' प्रहरीको सरुवा-बढुवामा कुन हदसम्म चलखेल भइरहेको थियो भन्ने उनको यो स्टाटसबाट पनि झल्किन्छ ।

अवैध गतिविधिमा संलग्नलाई जोगाउनेदेखि कर्मचारीको सरुवासम्मका गतिविधिमा पनि उस्तै विकृति छ । 'भिजिट भिसामा मानव तस्करी गर्नेले आफूअनुकूल कर्मचारी एयरपोर्ट अध्यागमनमा लैजान्छन्,' गृहमा काम गरेका एक अधिकारीले भने, 'तराईमा तस्करी गर्नेहरूले एसपीको सरुवा गराउँछन् ।' त्यसैका लागि गृह मन्त्रालयमा नेताहरूको बढी आकर्षण हुन्छ भने सचिवको सरुवामा चर्को संघर्ष हुने गरेको छ । गृह प्रशासनको कुनै अनुभव नभएका सचिव टेकनारायण पाण्डे स्वार्थ समूहकै योजनाअनुसार गृह मन्त्रालय पुगेको जानकारहरू बताउँछन् ।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीले गृह प्रशासन मात्र नभई सिंगो राज्यसंयन्त्र नै बिचौलियाले चलाउँदै आएको दाबी गरे । 'हाम्रो राज्यसंयन्त्र बिचौलिया संयन्त्रमा परिणत भइसकेको छ,' उनले भने, 'गृह मन्त्रालय मात्र होइन, राज्यका हरेक निकाय बिचौलियाको षड्यन्त्रमा चलेका छन् ।' यो ठगी राज्यबाटै हुन लागेको मानव तस्करी भएको उनको टिप्पणी छ । राज्यकै संलग्नतामा भएको अपराध भएकाले यसमा न्यायिक जाँचबुझ नै आवश्यक देखिएको उनको भनाइ छ ।

■ नवनियुक्त मन्त्रीले पदभार ग्रहणसँगै गरे यस्ता प्रतिबद्धता



कांग्रेसबाट नियुक्त तीन मन्त्रीले कार्यभार सम्हालेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलबाट राष्ट्रपति भवन शस्तलनिवासमा शपथलगत्तै बिहीबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत र युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले कार्यभार सम्हालेका हुन् । पदभार ग्रहण गर्दै कानुनमन्त्री गुरुङले आर्थिक पारदर्शितालाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए । उनले न्याय चुस्त र दुरुस्त बनाउने पहिलो प्राथमिकतामा रहेको बताए । 'कुनै पनि कुरामा आर्थिक पारदर्शितालाई प्राथमिकतामा राखिनेछ । सुशासन, न्याय चुस्त हुने कुराको प्राथमिकता हुनेछ,' उनले भने, 'कानुनबमोजिम सबै चल्नुपर्छ, कानुनभन्दा माथि कोही पनि हुँदैन । कुनै पनि क्षेत्रको भ्रष्टाचारको सन्दर्भमा कसैलाई छुट हुँदैन । अदालतलाई निष्पक्ष, स्वतन्त्र, छिटो, छरितो, चुस्त-दुरुस्त बनाउनेछु ।'

स्वास्थ्यमन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन लागिपर्ने बताए । उनले आमनागरिकको स्वास्थ्यमा सहज पहुँचका लागि मन्त्रालयले तीनै तहका स्वास्थ्य संस्थालाई स्रोतसम्पन्न बनाउने र जनशक्तिलाई अधिकतम परिचालन गर्ने, स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने, संक्रामक रोग र महामारी नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरे । 'मन्त्रालयको कार्य जिम्मेवारीलाई अझ बढी व्यवस्थित, प्रभावकारी, सेवाग्राहीमैत्री तुल्याएर आमनागरिकको स्वास्थ्य उपचार सेवालाई सरलीकृत गर्ने र उपलब्ध साधन-स्रोतलाई अधिकतम उपयोग गरी जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने आधारभूत मानव अधिकारलाई सुनिश्चित गर्नेछु,' उनले भने ।

खेलकुदमन्त्री लिम्बूले खेलाडी र खेल क्षेत्रको समस्या प्राथमिकतामा रहने बताए । उनले खेलाडीको समस्या र क्षेत्रको भौतिक तथा पूर्वाधार विकास हुने गरी काम गर्ने बताए । 'समग्र खेल जीवन र यसको भौतिक तथा पूर्वाधार विकासलाई मध्यनजर गरेर काम गर्ने प्रयास गर्नेछु । सकेसम्म देखिने र धेरै मानिसको चित्त बुझ्ने गरी काम गर्नेछु । १८ घन्टाको समय दिएर काम गर्नेछु,' उनले भने ।

धुम्बाराहीमा...

पृष्ठ १ बाट क्रमशः

महामन्त्री थापाले बैठकमा भनेका थिए ।

सहमहामन्त्री जीवन परियारले विधानको व्यवस्थाअनुसार दलितसहित अन्य समुदायको उचित प्रतिनिधित्व गराउन चुकेको भन्दै गुनासो गरे । उनले आठ मन्त्री सरकारमा पठाउँदा सीमित समुदायको मात्रै प्रतिनिधित्व हुनु अन्य क्लस्टरका लागि न्यायसंगत नभएको बताए । विशेषगरी दलित समुदायको प्रतिनिधित्व हुन नसकेकोमा उनको जोड थियो । परियार शेखर-गगन समूहबाट मन्त्रीको आकांक्षी थिए । 'कांग्रेसबाट आठ मन्त्री बन्दा पाँचजना खस-आर्य र तीनजना आदिवासी र एक मात्रै महिलाको प्रतिनिधित्व भएको छ । विधानको व्यवस्थाअनुसार समेटिनुपर्ने अरू क्लस्टरलाई समावेश नगरी प्रश्न उठ्ने अवस्था किन बनाइयो ? यो न्यायसंगत भएन । विधानको भावनाअनुसार दलित, महिला, पिछडिएको क्षेत्र, थारूलगायतलाई नसमेट्दा समावेशिताको प्रश्न उठेको छ,' परियारले बैठकमा भनेका थिए ।

महामन्त्रीसहितका पदाधिकारीबाट प्रश्न उठेपछि सभापति देउवाले गठबन्धन सरकार भएकाले सबैको प्रतिनिधित्व हुन नसकेको जवाफ दिएका थिए । सरकारमा प्रतिनिधित्व हेरफेर भइरहने भन्दै आगामी दिनमा समेटेर लैजाने सभापति देउवाको भनाइ थियो । 'कांग्रेस एक्लै सरकारमा छैन । गठबन्धन सरकारमा आफ्नै बाध्यता हुन्छन् । अहिले सबैलाई समेट्न सकिएन । सरकार आलो पालो चल्छ, मन्त्रीहरूको हेरफेर हुन्छ । त्यसवेला अवसर आउँछ । आगामी दिनमा सबैलाई समेटेर लैजाने प्रयास हुनेछ,' उनको जावाफ थियो ।

पदाधिकारी बैठकमा छिट्टै विभागलाई पूर्णता दिने र भ्रातृ संस्थालाई पूर्णता दिने विषयमा पनि छलफल भएको थियो । साथै बिहीबार नै शेखर-गगन समूहका दोस्रो तहका नेताहरूले कांग्रेसमा सुधारबारे युवा भेला आयोजना गरेर नेतृत्वमाथि सच्चिन दबाब दिएका थिए । गौशालामा भएको भेलामा पार्टीमा सुधारको आवश्यकताबारे छलफल भएको नेता गुरुराज घिमिरेले जानकारी दिए । नेताहरूले भेलामा नेतृत्वले पार्टी पद्धति भुल्दै गएको आरोप लगाएका थिए । उनीहरूले कांग्रेसमा तत्काल सुधारको आवश्यकता रहेको निष्कर्ष निकालेका छन् ।

'दोषी छैन...

पृष्ठ १ बाट क्रमशः

प्रचण्डसँगको भेटवार्तापछि ओलीले पत्रकारसँग भने, 'अवश्य नै, निर्दोष पर्नुहुँदैन, दोषी उम्किनुहुँदैन । दोषी उम्क्याउने प्रयास हाम्रो हुँदैन, तर निर्दोष फसाउन खोजियो भने हामी सहँदैनौं ।'

चार वर्षअघि काटेको चेक जसले काटेको हो उसैसँग भेटिएकै विषयलाई आधार मानेर बहालवाला सांसद, पटक-पटक मन्त्री, उपप्रधानमन्त्री भइसकेको पार्टी नेतालाई प्रक्रिया पूरा नगरी षड्यन्त्रपूर्ण ढंगले बाटाबाटै समाउन खोज्नुले यस प्रकरणलाई सरकारले राजनीतिक रंग दिन खोजेको ओलीको आरोप छ । 'चार वर्षअघि काटेको चेक, जसले काटेको हो उसै (पक्राउ परेको व्यक्ति)सँग फेला परेकै भरमा एउटा सांसद, पटक-पटक मन्त्री, उपप्रधानमन्त्री भइसकेको पार्टीको नेतालाई बाटामा हिँड्दाहिँड्दै षड्यन्त्रपूर्ण ढंगले समाउनु खोज्नु रहस्यपूर्ण छ, किनभने भागेर, उम्किएर कतै जाने खालको मान्छे त होइन, अहिलेको बहालवाला सांसद,' उनको भनाइ थियो ।

पक्राउ पुर्जी जारी भएपछि आफूले रायमाझीसँग संवाद गरेको र उनले काठमाडौं आएर सम्पर्क गर्ने बताइसकेपछि पनि कहिले समातेको, कहिले फरार भएकोजस्ता नियोजित हल्ला सरकारले नै चलाएको उनको आरोप छ । 'तपाईंलाई पक्राउ पुर्जी जारी भएको सुन्छु नि, कुनै जानकारी छ भनेर बेलुका फोन गरेर सम्पर्क गरेको थिएँ, उहाँले आइजिपीलाई सोधैं त्यस्तो होइन, कुरा के भएको हो एकपटक स्पष्टचाहिँ पारिदिनुपर्ला भन्ने जवाफ आएको छ, काठमाडौं आउँदै छु भोलि भन्नुभएको थियो । तर, अहिले समातेको भन्ने पनि सुन्छु, फरार भनेको पनि सुन्छु के हो थाहा छैन,' ओलीले रायमाझीको बचाउ गर्दै भने ।

आफू प्रधानमन्त्री भएकै वेला नेपालमा बाँकी रहेका भुटानी शरणार्थीको व्यवस्थापनबारे कार्यदल बनाएर तीन विकल्पमा अध्ययन अगाडि बढिरह कै वेला नक्कली शरणार्थी खडा गरेर अनियमितता गर्ने प्रयासको सूचना आएको पनि ओलीले बताए । त्यतिवेलै सत्यतथ्य बुझेर तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'लाई रोक्न निर्देशन दिएको, तर सरकार फेरिएपछि त्यसबारे थप जानकारी नभएको पनि ओलीको भनाइ छ ।

'पहिलो- भुटानसँग कुरा गरेर पुनर्स्थापना गर्ने, दोस्रो- तेस्रो मुलुकमा व्यवस्थापनका लागि कति संख्या हुन्छन् यकिन गर्ने र तेस्रो- त्यसपछि पनि बाँकी रहेकालाई नेपालले नै व्यवस्थापन गर्ने गरी अध्ययन भइरहेको थियो । त्यसपछि सुन्नमा आयो- केही नक्कली शरणार्थी खडा गर्ने कोसिस हुँदैछ रे,' ओलीले आफूलाई प्राप्त सूचना र त्यतिवेला दिइएको निर्देशन उद्धृत गर्दै भने, 'अनि मैले त्यतिवेलै गृहमन्त्रीलाई बोलाएर यस्तो सुन्दै छु, के हो कुरा बुझेर रोक्नुस् । अनुसन्धान विभागलाई पनि बोलाएर राम्रोसँग खोजीनिती गर्न निर्देशन दिएको थिएँ, तर लगत्तै सरकारबाट हट्यौं । त्यसपछिका कुरा के-के भए मलाई जानकारी भएन ।'

भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा व्यवस्थापनको सम्झौता गर्ने पहिलो व्यक्ति नै आफू भएको भन्दै ओलीले बाँकी दुई-चार हजारको पनि व्यवस्थापन गर्ने गरी अन्तर्राष्ट्रिय कमिटीसँग कुरा गरेरै त्यतिवेला अध्ययनको काम अगाडि बढेको सुनाए । 'भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा व्यवस्थापन गर्नेबारे नेगोसियसन गरेकै मैले हो । अमेरिकी सरकारसँग कुरा गरेर तेस्रो मुलुकमा व्यवस्थापन गर्न पठाइयो, त्यसपछि अहिले बाँकी भएका दुई-चार हजारलाई पनि के गर्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय कमिटीसँग हाम्रो छलफल भएको थियो । त्यसक्रममा दुई-तीनवटा विकल्प दिइएको थियो,' उनले भने, 'एउटा विकल्प- आफ्नै देश भुटानमा पुनर्स्थापना गर्ने, उनीहरू आफ्नै मुलुकमा फर्कन पाउने । त्यस्तो नहुँदा तेस्रो मुलुकमा व्यवस्थापन गर्ने । कुनै प्रमाण फेला नपरेकालाई नेपालले नै व्यवस्थापन गराउने ।'

उता, एमाले उपमहासचिव विष्णु रिमालले भुटानी शरणार्थी प्रकरणमा कसैलाई पनि उन्मुक्ति दिन नहुने, तर यस्ता घटनालाई राजनीतीकरण गर्न नहुने पार्टीको धारणा रहेको बताएका छन् । 'भुटानी शरणार्थी प्रकरणमा होस् वा अन्य कुनै, कानुनभन्दा माथि कोही हुँदैनन् । उन्मुक्ति कसैलाई पनि हुनुहुन्न,' सामाजिक सञ्जालमा रिमालले भनेका छन्, 'निर्दोष नफसून्, कोही दोषी नउम्किऊन् । छानबिन हुनुपर्छ, छानबिनमा सबैले सहयोग गर्नुपर्छ । यस्ता घटनालाई राजनीतीकरण गर्नुहुन्न । कानुनको पालना सबैले गर्नुपर्छ ।'

बर्खामा...

पृष्ठ १ बाट क्रमशः

क्षेत्र, लुम्बिनीका पश्चिमी तथा मध्य भूभाग र कोसीका दक्षिण भूभागमा भने त्योभन्दा पनि कम पानी पर्न सक्ने अनुमान छ । वर्षा कम हुने भएपछि सुदूरपश्चिमका पूर्वी र दक्षिणी भूभाग, लुम्बिनीका पश्चिम-उत्तर-पूर्वी भेग, गण्डकीका दक्षिणी तथा मध्य भाग, बागमतीका मध्य तथा दक्षिणी भेग र मधेसका पश्चिम भूभागमा अधिकतम तापक्रम औसतभन्दा बढी हुने ठानिएको छ ।

नेपालले सम्भाव्यतामा आधारित आकलन गर्ने भएकाले कति प्रतिशत वर्षा हुन्छ भनेर भन्दैन । 'परिणात्मक आकलन गर्न हामीसँग प्रविधि र दक्षता पनि छैन,' हुमागाईंले भने, 'अध्ययनअनुसन्धान र प्रविधिको खाँचो हुन्छ । ग्लोबल मोडलले दिने तथ्यांक सहजै पाउन सक्दैनौं । अन्य मुलुकसँग औपचारिक रूपमा मौसमसँग सम्बन्धित तथ्यांक आदान-प्रदान हुन सकेको छैन ।'

नेपालले सन् ०२० देखि विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारूपको आकलन, जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा आकलन गर्ने प्रारूप र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आकलनका आधारमा मनसुनी प्रक्षेपण गर्ने गरेको छ । नेपालमा सामान्यतः जेठ अन्तिम साता अर्थात् १३ जुनमा मनसुन भित्रिन्छ भने २ अक्टोबरसम्म रहन्छ । तर, कहिले मनसुन भित्रिन्छ र सुरुवाती अवस्था कस्तो हुन्छ भनेर पनि नेपालले प्रक्षेपण गर्न सकेको छैन ।

ठेकेदारको लापरबाहीले दुनै-ल्यासिक्याप सडक अलपत्र

डोल्पा/ ठेकेदारको लापरबाहीले उपल्लो डोल्पाका तीनवटा पालिका जोड्ने दुनै-ल्यासिक्याप सडक अलपत्र परेको छ । भेरी करिडोरअन्तर्गत पर्ने सो सडक निर्माणको ठेक्का पाएको सूर्य श्रेया शान्तिदेवी जेभी काठमाडौंले लापरबाही गर्दा सडक अलपत्र परेको हो । १७ चैत ०७८ मा १३ करोड ४२ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको सूर्य श्रेयाले १६ पुस ०८२ भित्र २५ किलोमिटर सडक निर्माण सम्पन्न गर्नुपर्नेछ । प्रत्येक वर्ष सात किलोमिटर सडक खन्नुपर्नेमा अहिलेसम्म दुई किलोमिटर सडक पनि खनिएको छैन ।

सो सडक नबन्दा दुनैसम्म सडक सञ्जाल जोडिए पनि त्यसभन्दा माथिको यात्रा ठप्प भएको काइके गाउँपालिकाका अध्यक्ष अंगद रानाले बताए । उनका अनुसार २ ९ मंसिर ०७९ देखि बाटो पूर्ण रूपमा बन्द छ । काइके, डोल्पोबुद्ध र छार्काताङसुङ गाउँपालिकामा जाने मुख्य बाटो भएकाले निर्माण कार्य अलपत्र पर्दा निर्माण सामग्रीदेखि दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको उनले बताए । सडक निर्माण अलपत्र पर्दा स्थानीयले सास्ती पाएको भन्दै पालिका अध्यक्ष रानाले ठेकेदार कम्पनीलाई पटकपटक पत्र लेखेर निर्माण कार्य अघि बढाउन आग्रह गरेका छन् । तर, ठेकेदार कम्पनीले अटेरी गर्दै आएको छ । ठेकेदारले अटेरी गरेपछि पालिकाले आवश्यक पहल गर्न जिल्ला प्रशासन कार्यालयलाई समेत पत्राचार गर्दै आएको छ । तै पनि सडक निर्माण अघि बढेको छैन ।

'ठेकेदार कम्पनीले सडक निर्माणका लागि भन्दै तीनवटा डोजर खडा गरेको छ । एक वर्ष भयो, चलाएको छैन, केही काम भएको छैन,' काइके गाउँपालिकाका अध्यक्ष अंगद रानाले नयाँ पत्रिकासँग भने, 'पालिकाको तर्फबाट पटकपटक पत्राचार भएको छ । कतैबाट सुनुवाई भएको छैन ।' सडक डिभिजन चौरजहारीका प्रमुख आशुतोष कर्णले पनि सडक निर्माणको काम अलपत्र रहेको बताए । उनका अनुसार एक वर्षमा सात किलोमिटर सडक खन्नुपर्नेमा दुई किलोमिटर मात्र खनिएको छ ।

गेरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक सुचना प्रकाशित मिति :- २०८०/०१/२२

गेरुवा गाउँकार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरुको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलको मितिको निर्णय तपशिलका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. सं	ठेक्का नं	कामको विवरण	बोलपत्र आह्वान मिति	पेश भएका बोलपत्रहरुको संख्या	सारभूत रुपमा प्रभावग्राही दर भाउपत्रदाताको नाम, ठेगाना	निर्णय मिति	कबोल अंक रु. (भ्याट र पि.एस.बाहेक)
१	W/GRM/SQW/13/079-080	Gravel Road Maintenance work Fron Bankatti School to Sankatti Ghat	२०७९।१२।०५	४(चार)	Hathiyababa Nirman Sewa Dhangadi 05 Hasanpur Kailali	२०८०।०१।२१	१३,३५,०७९.५२ (तेह्र लाख पैतिस हजार उनाअसि रुपैया र पैसा बाउन्न मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal

Tilathi Koiladi Rural Municipality

Tilathi, Saptari

Madhesh Province

Invitation for Bids

Date of Publication: 2080/01/22 (5th May 2023)

Tilathi Koiladi Rural Municipality invites electronic bid only from eligible bidders for following under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents.A complete set of Bidding Documents may be downloaded from the PPMO's e-Portal-www.bolpatra.gov.np/egp (e-GP II).

S. N.	Contract ID	Description of works	Bid Security Amount (Nrs.)	Cost Estimate with VAT (Nrs)	Cost of bidding documens (Nrs)	Bidding Proceduer	Last Date of Bid Submission	Date Of Bid Opening
1	Tilathikoiladi/SQ/Goods/10/079/080	Delivery of Medicine	60,000.00	23,50,076.60	1,000.00	Single Stage Single-Envelope Bidding Procedurs	2080/02/07 (21st may, 2023) at 12:00 Noon	2080/02/07 (21st May, 2023 at 14:00 Noon

1. Eligible Bidders may obtain further information From the office of the Tilathi Koiladi Rural Municipality, Tilathi , Saptari, Cont.no: 9819973964 or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
2. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day
3. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2079/2/7(21st May . 2023). Documents received after this deadline shall not be accepted.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

Tilathi Rural Municipalty, Saptari

समवेदना



स्व.डा. लुमेश्वर आचार्य

जन्म : वि.सं.२०१४/११/१२

स्वर्गारोहण मिति : वि.सं. २०८०/०१/१०

यस संघका आजिवन सदस्य **डा. लुमेश्वर आचार्य**को मिति २०८० वैशाख १० गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल चिकित्सक संघ

परिवार

शुक्रबार २२ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

यो सिजनमा सर्वाधिक कमाइ गर्ने १० खेलाडी



क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

कमाइ : १३६ मिलियन अमेरिकन डलर

गत वर्षको नोभेम्बरसम्म पोर्चुगलका रोनाल्डो इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडसँग आबद्ध थिए । युनाइटेडसँगको सम्झौता नवीकरण नभएपछि रोनाल्डोले फुटबल करिअर फरक किसिमले लैजान साउदी अरेबियाको अल नासेरसँग जनवरीमा आबद्ध भए । अल नासेरले पाँचपटकको फिफा वर्ष खेलाडी भएका रोनाल्डोलाई भित्र्याउन कीर्तिमानी रकम खर्चियो । अरबी राष्ट्रमा पुगेपछि मालामाल भएको रोनाल्डो यस वर्षकै सर्वाधिक कमाइ गर्ने खेलाडी बनेका छन् । फोर्ब्सले धेरै कमाउने खेलाडीको १० सूची बनाउँदा रोनाल्डो पहिलो स्थानमा छन् । रोनाल्डोको वार्षिक आम्दानी १३६ मिलियन अमेरिकन डलर रहेको छ । रोनाल्डोले अन फिल्डमा ४६ मिलियन र अफ फिल्डमा ९० मिलियन अमेरिकन डलर आर्जन गरेको फोर्ब्सले जनाएको छ ।

लियोनल मेसी (अर्जेन्टिना)

आम्दानी : १३० मिलियन अमेरिकन डलर

अर्जेन्टिनी कप्तान मेसी आफ्नो पुरानो क्लब बार्सिलोना फर्कने चर्चा चलिरहेको छ । तीन वर्षअघि फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)मा आबद्ध भएका मेसीलाई भित्र्याउन स्पेनिस क्लब बार्सिलोना पछि लागेको छ । यसैगरी, मेसी यस सिजनमा अमेरिकन क्लबमा जान सक्ने मिडियाहरूले जनाएका छन् । रोनाल्डोका समकक्षी मेसी यस सिजनको सर्वाधिक कमाइ गर्ने खेलाडीको सूचीमा दोस्रो स्थानमा छन् । मेसीले अन फिल्डमा ६५ मिलियन तथा अफ फिल्डमा ६५ मिलियन अमेरिकन डलर आर्जन गरेका छन् । पिएसजीबाहेक मेसीको मुख्य आम्दानी विश्व चर्चित ब्रान्डको आबद्धता रहेको छ । एडिडास तथा पेप्सीजस्ता कम्पनीसँग उनको आबद्धता छ ।

केलियन एम्बाप्पे (फ्रान्स)

कमाइ : १२० मिलियन अमेरिकन डलर

फोर्ब्सले सर्वाधिक कमाइ गर्ने खेलाडीको सूची सार्वजनिक गर्दा फुटबलका तीनजना शीर्ष तीनभित्र समावेश भएका छन् । तेस्रो स्थानमा फुटबलकै खेलाडी परेका छन् । फ्रान्सका युवा स्ट्राइकर केलियन एम्बाप्पेको कमाइ १२० मिलियन अमेरिकन डलर रहेको छ । केलियनले रोनाल्डो र मेसीलाई पछ्याइरहेका छन् । विश्वकै खर्चिलो क्लब पिएसजीका मुख्य खेलाडीसमेत रहेका केलियन अन फिल्डमा सर्वाधिक कमाइ गर्ने खेलाडीसमेत बनेका छन् । उनले अन फिल्डमा सय मिलियन अमेरिकन डलर आर्जन गरेका छन् । अफ फिल्डमा उनको कमाइ २० मिलियन अमेरिकन डलर रहेको छ ।

लेब्रोन जेम्स (अमेरिका)

कमाइ : ११९.५ मिलियन अमेरिकन डलर

अमेरिकामा बास्केटबल निकै चर्चित छ । यस खेलका खेलाडी लिब्रोन जेम्स विश्वकै चौथो कमाइ गर्ने खेलाडी हुन् । जेम्स र केलियन एम्बाप्पेबीच थोरै रकम अन्तर रहेको छ । जेम्सले अन फिल्डमा ४४.५ मिलियन तथा अफ फिल्डमा ७५ मिलियन अमेरिकन डलर आर्जन गरेका छन् । लस एन्जलसबाट बास्केटबल खेल्ने जेम्स अमेरिकामा उत्पादन हुने विभिन्न सामग्रीका सद्भावना राजदूत हुन् । जेम्सले विभिन्न खेलकुद सामग्री तथा कम्पनीमा लगानी गरेका छन् । वर्तमान समयमा एनबिएकै महँगा खेलाडीको सूचीमा उनी एक नम्बर स्थानमा छन् ।

कार्लोस अल्भारेज (मेक्सिको)

कमाइ : ११० मिलियन अमेरिकन डलर

मेक्सिकोका प्रोफेसनल बक्सर अल्भारेज विश्वकै पाँचौं कमाइ गर्ने खेलाडीमा पर्छन् । फोर्ब्सका अनुसार उनको अन फिल्ड कमाइ सय मिलियन अमेरिकन डलर रहेको छ । अफ फिल्डमा १० मिलियन अमेरिकन डलर मात्र रहेको छ । बक्सिङको चर्चित प्रतियोगितामा सहभागिता जनाउँदा र र च्याम्पियन भएपछि खेलाडीले मनग्य धन आर्जन गर्छन् । पछिल्लो समय अल्भारेज अन्तर्राष्ट्रिय बक्सिङमा चर्चित बनेका छन् । उनको प्रत्येक खेलमा लाखौं डलर लगानी हुने गरेको छ ।

फोर्ब्सले सन् २०२२/०२३ मा सर्वाधिक आर्जन गर्ने खेलाडीको सूची बिहीबार सार्वजनिक गरेको छ । फुटबल, बक्सिङ, गल्फ र बास्केटबलका खेलाडी शीर्ष दशभित्र परेका छन् । एसियन भूमिमा फुटबल करिअर बनाउन आएका पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो सर्वाधिक कमाइ गर्ने सूचीको शीर्ष स्थानमा छन् । आश्चर्यजनक रूपमा दोस्रो तथा तेस्रो स्थानमा फुटबलकै खेलाडी छन् । लियोनल मेसी दोस्रो तथा केलियन एम्बाप्पे तेस्रो स्थानमा छन् । गत वर्ष टेनिसबाट सन्न्यास लिएका रोजर फेडेरर नवौं धेरै कमाइ गर्ने खेलाडी बने । फोर्ब्सको सूचीअनुसार गत वर्ष धेरै कमाइ गर्ने खेलाडी यस्ता छन् :



डस्टिन जोन्सन (अमेरिका)

कमाइ : १०७ मिलियन अमेरिकन डलर

सन् २०२२ को सिजनमा अमेरिकन गल्फर जोन्सनले एलआइभी गल्फ प्रतियोगितामा सहभागिता जनाए । जुन गल्फको धनराशि ३५.६ मिलियन अमेरिकन डलर थियो । प्रतियोगिताको विजेता हुँदै जोन्सनले १८ मिलियन अमेरिकन डलर आर्जन गरे । यो प्रतियोगिताअघिसम्म उनी सर्वाधिक कमाइ गर्ने खेलाडी सूचीको ५० भन्दा बाहिर थिए । एउटै प्रतियोगिताको च्याम्पियन बन्दा उनको कमाइ एकैपटक बढ्यो । फोर्ब्सले सार्वजनिक गरेको धेरै कमाइ गर्ने खेलाडीमा उनी छैटौं स्थानमा छन् । उनले अन फिल्डमा १०२ मिलियन अमेरिकन डलर कमाएका छन् । अफ फिल्डमा पाँच मिलियन अमेरिकन डलर जोन्सनले कमाएका छन् । गत सिजनमा जोन्सनले धेरै धनराशि भएका प्रतियोगितामा सहभागिता जनाएका थिए ।

फिल माइलन्सन (अमेरिका)

कमाइ : १०६ मिलियन अमेरिकन डलर

गल्फर माइलन्सनको गत वर्ष आम्दानी यति बढ्यो कि त्यसका खेलाडीमध्ये धेरै ट्याक्स तिर्नेमा परेका थिए । गत वर्ष आम्दानीकै कारण उनी विश्वकै सातौं कमाइ गर्ने खेलाडी बने । एलआइभी गल्फमा आबद्ध भएपछि उनको वार्षिक आम्दानी बढेको फोर्ब्सले जनाएको छ । गल्फका साथै उनले विभिन्न क्षेत्रमा लगानी गरेका छन् । एलआइभीबाट उनले १.६ मिलियन अमेरिकन डलरको चेक हात पारे ।

स्टेफान करी (अमेरिका)

कमाइ : १००.४ मिलियन अमेरिकन डलर

गत वर्षको जुनमा चौथो एनबिए च्याम्पियनसिप उपाधि जितेका अमेरिकन बास्केटबल खेलाडी करीको आम्दानी पनि बढ्यो । गत सिजनमा उनी एनबिएको सबैभन्दा बढी कमाइ गर्ने खेलाडीसमेत बने । सन् २०२३-०२४ को सिजनमा उनले लिगबाट ५० मिलियन अमेरिकन डलर आर्जन गरेका थिए । यसैगरी, गोल्डेन स्टेटबाट पनि उनको आम्दानी बढेको थियो । अमेरिकन बास्केटबलकै चर्चित खेलाडी विभिन्न ब्रान्डसँग आबद्ध छन् ।

रोजर फेडेरर (स्विट्जरल्यान्ड)

कमाइ ९५.१ मिलियन अमेरिकन डलर

गत वर्ष नै स्विट्जरल्यान्डका टेनिस खेलाडी रोजर फेडेररले टेनिसबाट सन्न्यास घोषणा गरे । विश्व टेनिसलाई आकर्षक र प्रतिस्पर्धात्मक बनाउन फेडेररको योगदान महत्त्वपूर्ण मानिन्छ । टेनिसबाट टाढा रहे पनि फेडेररको वार्षिक आम्दानी घटेको छैन । गत वर्ष उनले ९५.१ मिलियन अमेरिकन डलर कमाए । यसैको आधारमा उनी नवौं सर्वाधिक कमाइ गर्ने खेलाडी बने । सन्न्यास लिएका कारण उनको अन फिल्ड आम्दानी खासै छैन । अफ फिल्डमा उनले ९५ मिलियन अमेरिकन डलर कमाएका छन् । फेडेररको मुख्य आम्दानी स्रोत नै विभिन्न कम्पनीमा आबद्ध हुनु हो ।

केभिन दुराअन्ट (अमेरिका)

कमाइ : ८९.१ मिलियन अमेरिकन डलर

फोर्ब्सको सर्वाधिक कमाइ गर्ने सूचीको शीर्ष दशभित्र बास्केटबलका अर्का खेलाडी पनि परेका छन् । अमेरिकन खेलाडी केभिनले दशौं स्थान पाएका छन् । उनको आम्दानी ८९.१ मिलियन डलर रहेको छ । अन फिल्डमा उनले ४४.१ मिलियन तथा अफ फिल्डमा ४५ मिलियन अमेरिकन डलर आर्जन गरेका छन् ।

मच्छिन्द्रसँग संकटाको हार

संकटाविरुद्धको जितसँगै मच्छिन्द्र उपाधि होडमा फर्किएको छ । सहिद स्मारक ए डिभिजन लिगको १४औं चरणका खेल सकिँदा शीर्ष स्थानको जावलाखेलभन्दा तीन अंकले मच्छिन्द्र पछाडि छ

नयाँ पत्रिका
काठमाडौं, २१ वैशाख

साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लबले बिहीबार संकटा क्लबलाई ३-१ ले पराजित गरेको छ । दशरथ रंगशालामा सहिद स्मारक ए डिभिजन लिगअन्तर्गत दोस्रो लेगमा मच्छिन्द्रले सानदार प्रदर्शन गऱ्यो । उपाधिमा ह्याट्रिक गर्ने योजना बनाएको मच्छिन्द्रले दुवै लेगमा संकटालाई हराउन सफल भएको छ । यसअघि पहिलो लेगमा मच्छिन्द्रसँग संकटा २-१ ले पराजित भएको थियो । संकटाले पछिल्ला चार खेलमा जित निकाल्न सकेको छैन । संकटा तीन खेलमा पराजित हुँदा एक खेलमा अंक जोडेको थियो ।

मच्छिन्द्रले पछिल्ला खेलमा सुधारिएको खेल देखाएको छ । लिगमा पाँचौं जितपछि मच्छिन्द्र १४ खेलमा २१ अंक जोडेर पाँचौं स्थानमा उक्लिएको छ । छैटौं खेलमा हार सामना गरेको संकटा १६ अंकसहित ११औं स्थानमा झरेको छ । संकटाका प्रशिक्षक सल्यान खड्गीले लिग उपाधि जित्ने योजना बनाए पनि लगातार खराब प्रदर्शन भएको बताए । 'लिग उपाधिका लागि आएका थियौं । तर, धेरै गोल बेहोर्दा हामी तालिकामा धेरै पछि छौं,' खड्गीले भने । उनले मच्छिन्द्रविरुद्ध काउन्टर खेलमा ध्यान दिए पनि फिनिसिङमा चुकेको जनाए ।

'हामीले काउन्टर खेलमा ध्यान दिएका थियौं, त्यसमा सफल भएनौं,' उनले भने, 'सामान्य गोल भए, हरेक खेलमा धेरै गोल निस्कन थाले ।' जितपछि मच्छिन्द्रका प्रशिक्षक किशोर केसी निकै खुसी देखिएका छन् । 'योजनाअनुसार तीन अंक लिन सफल भएका छौं । खेलाडीको मिहिनेतले तीन अंक प्राप्त भएको छ,' उनले भने, मेरो लक्ष्य उपाधि जित्ने नै हो । त्यही हिसाबमा क्लबलाई अगाडि बढाउँछु ।'

दोस्रो हाफ प्रतिस्पर्धात्मक

मच्छिन्द्रलाई जित दिलाउन रक्षक देवेन्द्र तामाङ, आफिज ओलावाले र विमल घर्तीमगरले समान एक गोल गरे । संकटाका लागि जुनियर ओनगुनले एक गोल फर्काएका थिए । खेलको चौथो मिनेटमै देवेन्द्रले मच्छिन्द्रलाई १-० को अग्रता दिलाएका थिए । पुजन उपरकोटीको प्रहार संकटाका गोलरक्षक टिकेन्द्रसिंह थापाले राम्रोसँग क्लियर गर्न सकेनन् । गोलरक्षक थापाबाट रिबाउन्ड बललाई देवेन्द्रले सहजै गोल गरे । मच्छिन्द्रले दोस्रो हाफमा थप दुई गोल गरेको थियो । ६९औं मिनेटमा ओलावालेले सौभर लिम्बूको पासमा गोल गरे । खेलको ७९औं मिनेटमा संकटाले अग्रता २-१ मा झारेको थियो । विदेशी खेलाडी जुनियरले संकटाको गोलअन्तर कम गरे । खेल सकिन एक मिनेटअघि विमलले मच्छिन्द्रलाई सहज जित दिलाए ।

एपिएफको हार टऱ्यो

मालिका एडामा डौम्बियाको गोलको सहयोगमा एपिएफले एनआरटीसँग १-१ को बराबरी खेलेको छ । च्यासल मैदानमा न्युरोड टिम एनआरटीविरुद्ध इन्जुरी समयसम्म १-० ले पछि परेको एपिएफलाई डौम्बियाले बराबरीमा ल्याएका हुन् । एपिएफ पहिलो लेगमा एनआरटीसँग १-० ले पराजित भएको थियो ।

दोस्रो लेगमा एनआरटीले अग्रता लियो । अन्तिम समय सम्हालिन नसक्दा एनआरटीले तीन अंक गुमायो । पहिलो हाफ गोलरहित बराबरीमा सकिँदा ५९औं मिनेटमा एनआरटीले अग्रता लिएको हो । भारतीय खेलाडी लालनुन्जामाले गोल गरे । उनले कप्तान विक्रम धिमालको पासमा हेड गोल गरेका थिए । इन्जुरी समयमा डौम्बियाले सनिस श्रेष्ठको पासमा हेड गोल गर्दै एपिएफको हार टारेका हुन् । १९ अंक बनाएको एपिएफ सातौं स्थानमा छ । एनआरटी १७ अंक जोडेर नवौं स्थानमा छ ।

मनाङको प्रशिक्षकमा विष्णु

आठपटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबले मुख्य प्रशिक्षकमा विष्णु गुरुङलाई नियुक्त गरेको छ । लगातार ६ खेलमा पराजित भएपछि किरण श्रेष्ठले पदबाट राजीनामा दिएका थिए । मनाङले रिक्त पदमा गुरुङलाई झिकाएको हो ।

श्रेष्ठले १३ खेलमा मनाङलाई प्रशिक्षण दिएका थिए । त्यसक्रममा चार जित, तीन बराबर र ६ खेलमा हारेको थियो । मनाङका अध्यक्ष विजय घले र गुरुङबीच दुई वर्षको सम्झौता भएको छ । गुरुङले खेलाडी जीवनमा सफल नभए पनि प्रशिक्षकको रूपमा भने मनाङमा सफल हुन प्रयत्न गर्ने बताएका छन् ।

गण र वीर गोर्खाली फाइनलमा

बागलुङ/ अर्ना जेसिज कप फुटबल प्रतियोगिताको फाइनलमा नेपाली सेनाको श्री मेयर गण बागलुङ र वीर गोर्खाली युवा क्लब पुगेका छन् । बागलुङ जेसिजले आयोजना गरेको प्रतियोगिताको पहिलो सेमिफाइनलमा गणले कालीपुल युनाइटेड क्लब बेनीलाई १-० ले हराएको थियो । चिल्ड्रेन लाइफमाथि वीर गोर्खालीले ३-२ को कठिन जित निकालेको हो । गणको जितमा विषम राईले एक गोल गरेका थिए ।

दोस्रो सेमिफाइनल खेलको २४औं मिनेटमा विवश छन्त्यालले चिल्ड्रेन लाइफलाई १-० को अग्रता दिलाए । खेलको ४२औं मिनेटमा नाइजेरियन खेलाडी जोन ग्लोरीले चिल्ड्रेन लाइफलाई २-० को स्थितिमा राखे । पहिलो हाफमा वीर गोर्खालीले बराबरी गोल फर्काउन प्रयास गरेको थियो । तर, वीर गोर्खालीका खेलाडीले पहिलो हाफमा राम्रो फिनिसिङ गर्न सकेनन् ।

मध्यान्तरपछि वीर गोर्खालीका खेलाडीबीच राम्रो तालमेल भयो । खेलको ७२औं मिनेटमा छन्त्यालले २-१ को स्थितिमा ल्याए । खेलको ७४औं मिनेटमा सुदिन थापाले खेललाई २-२ को बराबरीमा पुऱ्याए । सेमिफाइनल खेल बराबरीमा पुगेपछि रोमाञ्चक बन्यो । खेलको ७६औं मिनेटमा मिलन छन्त्यालले नै एक गोल गरेपछि वीर गोर्खालीले फाइनल स्थान पक्का गऱ्यो ।

वीर गोर्खालीले तीन अफ्रिकी र चिल्ड्रेन लाइफले दुई विदेशी खेलाडीलाई मैदानमा प्रतिस्पर्धा गराएका थिए । प्रतियोगिताका विजेताले एक लाख र उपविजेताले ७५ हजार रुपैयाँ पाउनेछन् । सेमिफाइनलिस्टले १५ हजार रुपैयाँ प्राप्त गर्ने संयोजक सौरभ खत्रीले जानकारी दिए । प्रतियोगिताका उत्कृष्ट खेलाडी, गोलरक्षकलगायत पाँच अलग-अलग विधामा उत्कृष्ट हुने पुरस्कृत हुनेछन् । प्रतियोगिताको फाइनल शुक्रबार हुनेछ ।

ट्रायथलनमा २२ राष्ट्रका ३६ खेलाडी

कास्की/ विश्वमै कठिन मानिने 'एक्स्ट्रिम वर्ल्ड टुर ट्रायथलन'अन्तर्गत दोस्रो हिमालयन एक्सट्राई ट्रायथल पोखरामा शनिबार हुने भएको छ । हिमालयन एक्सट्राईको आयोजनामा तथा नेपाल ट्रायथलन संघको प्राविधिक सहयोगमा हुन लागेको प्रतियोगितामा २२ राष्ट्रका ३६ खेलाडी बिहीबार पोखरा पुगेका छन् ।

रेस डाइरेक्टर रक्की योन्जनका अनुसार प्रतियोगितामा अमेरिका, अस्ट्रेलिया, चेक रिपब्लिक, इस्टोनिया, बेलायत, नेदरल्यान्ड्स, ग्रिस, रसिया, बंगलादेश, भारतलगायतबाट ३१ पुरुष र पाँच महिला खेलाडीको सहभागिता रहेको छ । गत संस्करणमा दुईजना नेपाली खेलाडीले सहभागिता जनाएका थिए । यस वर्ष नेपालका खेलाडी सहभागी छैनन् । पहिलो संस्करणमा नेपालबाट सन्तोष राई र एपिएफकी सोनी गुरुङले प्रतियोगितामा भाग लिएका थिए ।

दूरी पार गर्न कम्तीमा २२ घन्टा लाग्ने

प्रतियोगिताअन्तर्गत ३.८ किमि पौडी, १७५ किलोमिटर साइक्लिङ र ४० किलोमिटर दौड हुनेछ । सहभागीहरूले शनिबार बिहानै फेवातालमा पौडी गर्नेछन् । त्यसपछि साइक्लिङ र निर्धारित दौड पूरा गर्नेछन् । समुद्री सतहबाट ७४२ मिटर उचाइमा रहेको फेवातालमा पौडीपछि साइकलबाट उनीहरू पोखरा हुँदै बागलुङ कलिकास्थान मन्दिर हुँदै फर्किनेछन् । त्यसपछि प्रतिस्पर्धीहरू हेमजाको मिलन चोक हुँदै कास्कीको माछापुच्छे गाँउपालिकास्थित लुम्रे पुग्नेछन् । लुम्रेबाट सुरु हुने दौड मर्दी हिमालको हाइक्याम्पको चार हजार मिटरलाई छुँदै कास्कीको माछापुच्छेस्थित ल्वाङमा पुगेर समापन हुनेछ । यसक्रममा सहभागी खेलाडीले दौड पूरा गर्न कम्तीमा १८ देखि २२ घन्टा समय लिने आयोजकले जनाएको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com